सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ चैत २०८१, सोमबार (24 Mar 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३३७ ■ पृष्ठ १०

nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-


WorldLink

हामी

९० लाख

घरधुरीको परिवार





“

१० लाख घरधुरी,

५० लाख मनका तार,

हिमाल पहाड तराई,

हामी सबै एउटै परिवार।

SCAN ME

इन्टरनेट क्षेत्रका लागि प्रतिष्ठित

Asian Telecom Awards 2025

बाट सम्मानित हुन पाउँदा हामी गौरवान्वित छौं ।

WorldLink Communications
Broadband Telecom Company of the Year - Nepal

WorldLink Communications
Customer Service Initiative of the Year - Nepal



WorldLink

हामी सम्पूर्ण ग्राहकहरूलाई थप गुणस्तरिय र भरपर्दो इन्टरनेटका साथै
उत्कृष्ट ग्राहक सेवा प्रदान गर्नका निम्ति सदैव प्रतिवद्ध छौं ।

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ चैत २०८१, सोमबार (24 Mar 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३३७ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

दलितको घरमा डोजर लगाउने पालिका अध्यक्षको संरक्षणमा जसपा नेपाल

रिहा गर्न जिल्ला प्रशासनमा ज्ञापनपत्र



शिवजी यादव, पालिका अध्यक्ष

■ शिवजी र दिलीपलाई हिरासतमा राखेर अनुसन्धान गर्न अदालतबाट पाँच दिन म्याद थप

■ जाहेरी फिर्ता लिन पीडितलाई प्रलोभन र दबाब

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहामा महायज्ञका नाममा दलितको घर भत्काउने गाउँपालिका अध्यक्षको बचाउमा जनता समाजवादी पार्टी (जसपा) नेपाल लागेको छ। जसपाले औरही गाउँपालिका अध्यक्षसमेत रहेका पार्टी जिल्ला सदस्य शिवजी यादवलाई थुनामुक्त गर्न माग गर्दै आइतबार जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र नै बुझाएको हो।

सिराहाको अर्नमा गाउँपालिका अध्यक्षसमेत रहेका जसपा जिल्ला अध्यक्ष अशोककुमार यादव नेतृत्वको टोलीले सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालेलाई

» पृष्ठ ४ मा क्रमशः

■ सिराहा घटनाका दोषीमाथि कारबाही गर्न माग

काग्रेसले सिराहाको औरही- ५ मा विष्णु महायज्ञ आयोजना गर्ने उद्देश्यले दलित समुदायका दीपक मल्लिकको घर भत्काउने कार्य सामाजिक रूपमा निन्दनीय र कानुनी रूपमा दण्डनीय अपराध भएको टिप्पणी गरेको छ।

काग्रेस केन्द्रीय कार्यसम्पादन समितिको आइतबार पार्टी मुख्यालय सानेपामा बसेको बैठकले घटनामा दोषीमाथि कारबाही गर्न सरकारसँग माग गरेको छ। यस्ता घटना भविष्यमा निरुत्साहित गर्न पनि सरकारसँग काग्रेसले आग्रह गरेको छ। जातीय भेदभाव र छुवाछुतजन्य कार्यविरुद्ध सामाजिक अभियान सञ्चालनमा लाग्न पार्टीपंक्तिलाई आह्वान गरेको छ।

■ आज ओली, देउवा र प्रचण्डबिच छलफल

संक्रमणकालीन न्याय टुंग्याउने दुई आयोगमा पदाधिकारी चयन एजेन्डा

सात महिनाअगाडि कानुन बनाउँदाजस्तै आयोग पदाधिकारी चयनमा पनि सहमति जुटाउन शीर्ष नेतृत्वको पहल



● **अग्नि खरेल**, प्रधानमन्त्री ओलीका विज्ञसल्लाहकार

सोमबार अपराह्न ४ बजे सिंहदरबारमा छलफल तय भएको छ। शान्ति प्रक्रियाको बाँकी काम अघि बढाउने गरी उहाँहरूबिच छलफल हुन्छ।

● **कृष्णप्रसाद सिटौला**, नेता, काग्रेस

कानुन बनेकै छ। उक्त कानुन कार्यान्वयन गर्न सक्ने आयोग छिट्टै बनाउनुपर्छ। ढिला हुनुहुन्न। द्वन्द्वपीडितलाई न्याय दिन सकिएन भने धेरै कुरा बिग्रिन्छ। निरूपण गर्न कठिन हुँदै जान्छ। राजनीतिलाई नै समस्या पार्छ।

● **अग्नि सापकोटा**, प्रवक्ता, माओवादी

शान्ति प्रक्रिया नटुंगिँदा राष्ट्रिय मात्रै होइन, अन्तर्राष्ट्रिय जगत्मा पनि प्रश्न उठेको छ। पीडितमा निराशाभाव पैदा भएको छ। केहीले चलखेल गर्ने मौका पनि पाएका छन्।

प्रेम गौतम/नयाँ पत्रिका

सात महिनाअगाडि नै सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग (टिआरसी) ऐन बनाएका प्रमुख दलहरू संक्रमणकालीन न्याय टुंग्याउने आयोगहरू गठनको प्रयासमा लागेका छन्। सहमतिमा बनेको सोही ऐनअनुसार आयोग पदाधिकारी चयनलगायतका काम गर्न प्रमुख दलका शीर्ष नेताबिच सोमबार छलफल हुँदै छ। पछिल्लो समय संघीय लोकतान्त्रिक गणतन्त्रविरोधी गतिविधि बढेपछि

» पृष्ठ ४ मा क्रमशः

■ तत्काल गर्नुपर्ने काम के छ ?

सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारी चयनका लागि सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र नेतृत्वको सिफारिस समिति काम पूरा नगरी विघटन भएकाले नयाँ समिति बनाउनुपर्नेछ। त्यो समितिले आयोगका पदाधिकारी सिफारिस गर्छ। त्यसलाई सरकारले नियुक्ति प्रक्रियामा अगाडि लैजान्छ। आयोग बनिसकेपछि आयोगले विभिन्न समिति, उपसमितिको संयन्त्र बनाउने व्यवस्था कानुनमा छ। सोहीअनुसार आफ्नो संयन्त्र बनाएर आयोगले सत्यतथ्य अन्वेषणको काम अघि बढाउँछ। त्यसपछि आयोगले मेलमिलाप हुन सक्नेलाई कसरी मेलमिलाप गराउने, मेलमिलाप हुन नसक्नेलाई कसरी अघि बढाउने, गम्भीर मानव अधिकार उल्लंघनलाई कसरी मुद्दामा लैजाने भन्ने टुंगो लगाउँछ। परिपूरण दिनुपर्ने विषय पनि त्यसैगरी टुंग्याउँदा शान्ति प्रक्रिया निष्कर्षमा पुग्छ।

२ कात्तिकमा गठित मिश्र नेतृत्वको सिफारिस समितिलाई ६० दिनको समयसीमा दिइएको थियो। दुवै आयोगका पदाधिकारीका लागि समितिमा १५८ जनाको आवेदन परेकोमा ४० जना सर्टलिस्टमा परेका थिए। दुई आयोगको अध्यक्षका लागि आठजना र सदस्यका लागि ३२ जना सर्टलिस्टमा थिए। तर, दुवै आयोगमा पदाधिकारी सिफारिस गर्न गठित समिति सिफारिस नगरी गत पुसमा विघटन भएको थियो। त्यसपछि सरकारले नयाँ समिति बनाएको छैन। पुरानै समितिलाई जिम्मा दिने कि नयाँ सिफारिस समिति गठन गर्ने भन्ने विषयमा सोमबार छलफल हुनेछ।

संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति कांग्रेसको प्रतिबद्धता

सरकारका कामप्रति असन्तुष्टि, जनताका आवश्यकता सम्बोधन र सुशासनको पक्षमा काम अहिलेको प्राथमिकता रहेको निष्कर्ष



● **डा. प्रकाशशरण महत**, प्रवक्ता

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीमा काग्रेस पूर्ण प्रतिबद्ध छ। यही राजनीतिक प्रणालीबाट जनताको आवश्यकता सम्बोधन सम्भव छ र सम्बोधन गर्नुपर्छ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

संसद्को सबैभन्दा ठुलो दल काग्रेसले संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीप्रति प्रतिबद्धता दोहोऱ्याउँदै संवैधानिक परिधिभित्रबाट समस्याको समाधान खोज्नुपर्ने निर्णय गरेको छ। राजतन्त्र पक्षधर शक्तिका गतिविधि बढेका बेला आइतबार बसेको

» पृष्ठ ४ मा क्रमशः

■ ज्ञानेन्द्रबारे देउवाको टिप्पणी

यिनमा संवैधानिक राजा हुने चरित्र छैन, जसले बोक्छ उसले दुःख पाउँछ

ज्ञानेन्द्र संवैधानिक राजा हुने सक्दैनन्। यिनमा संवैधानिक राजा बन्ने चरित्र नै छैन। मैले यिनलाई सबै कुरा गर्दागर्दै मलाई नै थुनेर जेलमा हाले। त्यसकारण यी संवैधानिक राजा बन्नेवाला छैनन्। त्यसैले उनलाई बोक्ने राप्रपा पनि पछि पछुताउँछ। राप्रपाले बरु उनलाई पार्टी सभापति बनाए हुन्छ। राजनीति नै गर्नु छ भने उनी आफैं पार्टी खोलेर सभापति भए भैगो। तर, उनको पार्टीमा लाग्नेहरूले चाहिँ दुःख पाउँछन्।

■ उपप्रधानमन्त्री सिंहलाई बालेनको कटाक्ष

मलाई हराउने नाममा आफ्नो सहर, क्षेत्र र देशचाहिँ नहराउनुहोला

नयाँ पत्रिका



काठमाडौं महानगरका प्रमुख बालेन्द्र शाह (बालेन)ले उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहप्रति कटाक्ष गरेका छन्। उनले काठमाडौं महानगरभित्र रहेका सार्वजनिक जग्गा संरक्षण गर्ने, खोला व्यवस्थित गर्ने, सार्वजनिक सम्पत्ति जोगाउने र अव्यवस्थित बस्ती हटाउने कार्यमा मन्त्री सिंहले सहयोग नगरेको भन्दै कटाक्ष गरेका हुन्।

'माननीय सहरी विकासमन्त्री प्रकाशमान सिंहज्यू, अव्यवस्थित बस्ती हटाउने, कपन खोलालाई व्यवस्थित गर्ने, बालमन्दिर बचाउने, सार्वजनिक सम्पत्ति जोगाउने प्रयास गर्ने कुरा सधैं कुरामै रह्यो, कहिले गर्ने हो ?' उनले सामाजिक सञ्जाल फेसबुकमा भनेका छन्, 'मलाई हराउने नाममा आफ्नो सहर, क्षेत्र र देशचाहिँ नहराउनुहोला, यत्रो गणेशमान सिंह, पिएल सिंह र नेपाली काग्रेसको इतिहास माटोमा नमिसाउनुहोला।'

काठमाडौं महानगरले यसअघि बागमती नदी क्षेत्रको अव्यवस्थित बस्ती हटाउन खोजेको, बालमन्दिरको जग्गा बचाउने र बुढानीलकण्ठ क्षेत्रको कपन खोला व्यवस्थित गर्ने अभियान थालेको थियो। हाल बागमती, कपनलगायत खोलाको केही स्थानमा अवरोध छ। मुआब्जालगायत विवादका कारण केही स्थानमा खोला व्यवस्थितको काम रोकिएको छ भने केही स्थानमा अवैध बसोबासका कारण खोला व्यवस्थित गर्न सकिएको छैन। बालेनले आफू निर्वाचित भएलगत्तै खोला किनारका जग्गा खाली गर्ने अभियान थालेका थिए। तर, संघीय सरकारले साथ नदिएको आरोप उनले लगाउँदै आएका छन्।

हिउँदे अधिवेशनमा कानुन निर्माणले लियो गति



चारवटा विधेयक प्रमाणीकरण, एउटा प्रक्रियामा, पाँचवटा अध्यादेश प्रतिस्थापन विधेयक पनि ऐन बन्ने चरणमा

(विस्तृत पृष्ठ ३)

सार्वजनिक लेखा समितिले थाल्यो ४८ उजुरी माथि छानबिन

वायुसेवा निगम, सुरक्षित हवाई यात्रालगायतका सार्वजनिक क्षेत्रदे खि प्रिमियममा आइपिओ निष्कासन, कौडीको भाउमा स्काउटको जग्गा प्रयोग, टेलिकमको रिचार्ज कार्डमा घोटालाजस्ता प्रकरणको विस्तृत छानबिन हुँदै

(विस्तृत पृष्ठ ८)

■ आज विश्व क्षयरोग दिवस

बर्सेनि थपिने क्षयरोगका साढे ६८ हजार बिरामीमध्ये ३० हजार जाँदैनन् अस्पताल

विशेषज्ञ भन्छन्- रोग लागेकाको संख्या र उपचारमा आउनेको संख्याबिच ठुलो खाडल हुनु चिन्ताको विषय हो

● **डा. नवीनप्रकाश शाह**, वरिष्ठ क्षयरोग तथा छातीरोग विशेषज्ञ, राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र



हाम्रो अध्ययनअनुसार वार्षिक क्षयरोगीको संख्या ६८ हजार हाराहारी हो। तर, ठुलो संख्यामा बिरामी उपचारमा आएका छैनन्। यो निकै डरलाग्दो विषय हो। कोही बिरामी उपचारमै नआउनु भनेको उसले अर्को व्यक्तिलाई सार्ने डर हुनु हो।

● **डा. श्रीराम तिवारी**

निर्देशक, राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र



बिरामी उपचारको पहुँचमा नआउनु सबैभन्दा ठुलो चुनौती हो। रोग लागेकाको संख्या र उपचारमा आउनेको संख्याबिच ठुलो खाडल छ। हामी त्यसलाई मेट्ने प्रयास गरिरहेका छौं।



शिवहरि घिमिरे/नयाँ पत्रिका

क्षयरोगको दर घटाउन र उपचारमा पहुँच बढाउन सरकारले पञ्चवर्षीय योजना बनाएर काम गरेको भए पनि हरेक वर्ष झन्डै आधा बिरामी अस्पतालको पहुँचबाहिर छन्। राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रको तथ्यांकअनुसार नेपालमा हरेक वर्ष ६८ हजार पाँच सयको संख्यामा क्षयरोगी थपिन्छन् र त्यसमा ३० हजार उपचारमा आउँदैनन्। तथ्यांकअनुसार सबैभन्दा धेरै क्षयरोगी काठमाडौंमै छन्।

यति ठुलो संख्यामा क्षयरोगी उपचारमा नआउनुलाई विशेषज्ञहरूले डरलाग्दो अवस्था भनेका छन्। राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका वरिष्ठ क्षयरोग तथा छातीरोग विशेषज्ञ

» पृष्ठ ४ मा क्रमशः

नेपालमा वार्षिक १६ हजारको मृत्यु

डब्लुएचओको सन् २०२४ को अध्ययनअनुसार नेपालमा हरेक वर्ष ६८ हजार नयाँ क्षयरोगी थपिन्छन् र यसमा ३० हजार अस्पताल आउँदैनन्। कुल जनसंख्याको अनुपात हेर्दा एक लाख जनसंख्याबराबर २२९ जनामा क्षयरोग देखिने गरेको छ। अध्ययनअनुसार नेपालमा हरेक वर्ष १६ हजार मानिसले क्षयरोगकै कारण मृत्युवरण गर्छन्। एक लाख जनसंख्याबराबर ५४ जनाको क्षयरोगका कारण मृत्यु हुन्छ। क्षयरोग लागेकामध्ये सबैभन्दा बढी ७२ प्रतिशतको फोक्सोमा र २८ प्रतिशतको अन्य अंगमा देखिएको छातीरोग विशेषज्ञ डा. नवीनप्रकाश शाहले बताए।



■ महायज्ञको नाममा दलितको घर भत्काएको घटनाको संसद्मा भर्त्सना

संसदीय छानबिन गरेर दोषीलाई कारबाही गर्न सांसदहरूको माग

नयाँ पत्रिका

राष्ट्रिय सभा सदस्यहरूले सिराहामा महायज्ञ गर्ने नाममा दलितको घरमा डोजर लगाएर भत्काउनेलाई कारबाही गर्न माग गरेका छन् । राष्ट्रिय सभाको आइतबार बसेको बैठकमा सांसदहरूले घटनाबारे संसदीय छानबिन गरी दोषीलाई कडा कारबाही गर्न माग गरेका हुन् ।

कांग्रेस सांसद विष्णुदेवी पुडासैनीले संविधानमा उल्लेख हक अधिकारविपरीत महायज्ञको नाममा दलितको घरमा डोजर लगाउनु आपराधिक कार्य भन्दै घटनामा संलग्नलाई कारबाहीको माग गरिन् ।

माओवादी सांसद भुवनबहादुर सुनारले संसदीय छानबिनको माग गरे । उच्चस्तरीय संसदीय छानबिन समिति गठन गरेर घटनाको निष्पक्ष छानबिन गरी न्याय दिनुपर्ने उनको भनाइ छ ।

एकीकृत समाजवादीका घनश्याम रिजालले घटनामा संलग्न सबैलाई कारबाहीको माग गरे । 'दलित बसेको माटो अपवित्र हुन्छ भन्दै घरभित्र रहेको माटोसमेत खनेर फालिएको छ,' उनले भने, 'यसबाट झन्डै ६० लाख दलित समुदायलाई अपमानित गरिएको छ । यो संविधान र कानुनविपरीतको काम हो ।' निर्वाचित जनप्रतिनिधिबाटै जातीय विभेदजस्तो जघन्य अपराध हुनुले नेपाली समाजको चेतनाको धरातल उदांगो पारिदिएको बताए । उनले घटनामा संलग्न गाउँपालिका अध्यक्ष शिवजी यादवलाई प्रहरीले नियन्त्रणमा लिए पनि पीडित परिवारले अझै असुरक्षित महसुस गरिरहेको देखिएकाले सुरक्षाको प्रत्याभूति गराउन सरकारको ध्यानाकर्षण पनि गराए ।

समाजवादीकै सांसद मदनकुमारी शाह (गरिमा)ले जातीय छुवाछुतमुक्त मुलुक घोषणा भएको १८ वर्ष हुँदासमेत यस्ता घटना हुनु दुःखद भन्दै घटनाको निष्पक्ष छानबिनको माग गरिन् । अन्य सांसदले पनि घटनामा संलग्न जोसुकै भए पनि नियन्त्रणमा लिन र दलितमाथिको विभेद अन्त्यका लागि सरकारको ध्यानाकर्षण गराएका थिए ।

दलितको घरमा...

पृष्ठ ३ बाट क्रमशः

ज्ञापनपत्र बुझाउँदै शिवजीसहित गिरफ्तार भएका सबैलाई थुनामुक्त गर्न माग गरेको छ । महायज्ञका लागि मण्डप बनाउने भन्दै डोजर लगाएर औरहीका दीपक मल्लिक (डोम) को घर भत्काएपछि महायज्ञ आयोजक समिति अध्यक्षसमेत रहेका शिवजी र समिति सचिव रहेका औरही- ५ का पूर्ववडाध्यक्ष एवं जनमत पार्टीका पालिका अध्यक्ष दिलीपकुमार यादव गत शुक्रबार पक्राउ परेका थिए । उनीहरूलाई हिरासतमै राखेर अनुसन्धान गर्न जिल्ला अदालतले आइतबारै पाँच दिन म्याद थपेको छ । दीपकको घरमा डोजर चलाउन निर्देशन दिने महायज्ञका मूलपुजारी बजरंगी बाबा भने फरार छन् ।

पीडित दीपकले शनिबार जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी कसुरमा उनीहरू तीनैजनाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएका थिए । तर, जसपाले भने निर्वाचित जनप्रतिनिधिलगायत व्यक्तिमाथि राजनीतिक प्रतिशोध साधिएको आरोप लगाएको छ । 'झुटा मुद्दामा अध्यक्षजस्तो मर्यादित व्यक्तिलगायत अन्य व्यक्तिलाई थुनिएको र उनीहरू चढेर आएको मोटरसाइकलसमेत राखिएको हुँदा अध्यक्षलगायतलाई अविलम्ब स-सम्मान थुनामुक्त गर्न माग गर्दछौं,' ज्ञापनपत्रमा भनिएको छ ।

त्यति मात्र होइन, जसपाले आन्दोलनको पनि चेतावनी दिएको छ । 'आन्दोलन गर्न बाध्य हुने र त्यसबाट उत्पन्न हुने परिस्थिति र क्षतिको जिम्मेवार जिल्ला प्रशासन, जिल्ला प्रहरी र सम्बन्धित सरोकारवालाहरू हुने जानकारी गराइन्छ,' प्रशासनमा जसपाले बुझाएको ज्ञापनपत्रमा भनिएको छ ।

अदालती प्रक्रियामा गइसकेको मुद्दाको अनुसन्धानमा पार्टीको तर्फबाट सहयोग गर्नुपर्ने होइन र ? भन्ने प्रश्नमा अध्यक्ष अशोककुमारले 'पार्टीको कुरा ज्ञापनपत्रमा जे छ त्यही हो' भन्दै थप बोल्न चाहेनन् । 'ज्ञापनपत्रमा जे छ त्यही हो, अहिले बैठकमा छु, पछि कुरा गरौंला' भन्दै उनले फोन काटिदिए ।

जनता आवास कार्यक्रममार्फत बनाइएको दुईकोठे पक्की घर भएको ठाउँमा विष्णु महायज्ञ लगाउने भन्दै बजरंगी बाबाको निर्देशनमा पालिका अध्यक्ष शिवजी र पूर्ववडाध्यक्ष दिलीपकुमारले गत १० फागुनमा जेसिबी लगाएर दीपकको घर भत्काएका थिए । उनको परिवारलाई बिजुली र खानेपानीसमेत नभएको गल्फुधारको डिलमा बनाइएको सुरक्षित बाँसको कटेरोमा विस्थापित गराएका छन् ।

शिवजी र दिलीपलाई हिरासतमा राखेर अनुसन्धान गर्न अदालतबाट पाँच दिन म्याद थप

औरही गाउँपालिका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीपकुमार यादवलाई हिरासतमा राखेर अनुसन्धान गर्न सिराहा जिल्ला अदालतले आइतबार पाँच दिनको म्याद दिएको छ । अदालतका स्रेस्तेदार निरज पोखरेलका अनुसार न्यायाधीश डा. श्रीप्रकाश उप्रेतीको इजलासले गाउँपालिका अध्यक्ष र पूर्ववडाध्यक्षलाई जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी कसुरमा पहिलोपटक अनुसन्धानका लागि हिरासतमा राख्न पाँच दिन अनुमति दिइएको हो । जिल्ला प्रहरी कार्यालय सिराहाका प्रमुख डिएसपी रमेश पण्डितले फरार पुजारीको पनि खोजी भइरहेको बताए ।

जाहेरी फिर्ता लिन पीडितलाई प्रलोभन र दबाब

दीपक मल्लिक र उनको परिवारलाई जाहेरी फिर्ता लिन दबाब आउन थालेको छ । किटानी जाहेरी दर्तापछि दीपक र उनकी पत्नी अनितादेवीलाई पालिका अध्यक्षका छोरा रुकेश यादव, ज्वाइँ इन्द्रदेव यादवसहित जसपाका स्थानीय नेताले 'एक कट्ठा नम्बरी जग्गा किनिदिने, पक्की घर बनाइदिने, खानेपानी, बिजुलीसहितको व्यवस्था गरिदिने' प्रलोभन दिइरहेका छन् । मौखिक कबोलप्रति विश्वास नभए निश्चित समय किटान गरी कागज गरिदिने र तोकिएको समयभित्र काम नभए पुनः त्यही कागजले मुद्दा जोड्न सकिन्छ भन्दै फकाइरहेको पीडित परिवारनिकटले बताए । पालिका अध्यक्ष र पूर्ववडाध्यक्षलाई म्याद थपका लागि अदालत लगिने भएपछि आइतबार दिनभर श्रीमती, छोराछोरी र केही आफन्तसहितले सिराहा सदरमुकामै रहेका पीडित दीपकलाई विभिन्न ढंगले प्रलोभन र दबाब दिएर बयान फेर्न लगाउने प्रयास गरेका थिए ।

१७ चैतदेखि औरही- ५ मा १० दिनसम्म गर्ने भनिएको विष्णु महायज्ञस्थलको पूर्वदक्षिण कुनामा घर रहेको डोम परिवारलाई पालिकाकै जेसिबी प्रयोग गरी १० फागुनमा उठीवास गराइएको घटना मिडियामार्फत उजागर भएको थियो । त्यसपछि गाउँपालिकाको संयन्त्र नै लागेर पीडितको घर भत्काएको भोलिपल्ट ११ फागुनको मिति राखेर फर्जी मन्जुरीनामा बनाई ६ चैतमा पीडितलाई 'जग्गाको प्रमाण हो' भन्दै झुक्याएर सही गराइएको खुलिसकेको छ ।

संक्रमणकालीन...

पृष्ठ ३ बाट क्रमशः

प्रमुख दलहरू नजिक देखिएका छन् । प्रधानमन्त्रीका विज्ञसल्लाहकार अग्नि खरेलका अनुसार सोमबार प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबिच छलफल तय भएको छ । 'सोमबार अपराह्न ४ बजे सिंहदरबारमा छलफल तय भएको छ,' खरेलले भने, 'शान्ति प्रक्रियाको बाँकी काम अब अघि बढ्छ ।'

विज्ञसल्लाहकार नियुक्त भएपछि खरेलले प्रमुख दलहरूबिच छलफलको वातावरण बनाउन प्रयास गरेका थिए । सोहीअनुसार उनले ४ चैतमा माओवादी अध्यक्ष प्रचण्डलाई भेटेका थिए । खरेलले प्रमुख तीन दलका शीर्ष नेता बसेर प्रक्रिया अघि बढाउने तयारी रहेको बताए । ऐन बनेको सात महिना हुँदासमेत आयोग गठन प्रक्रिया अगाडि बढेको छैन ।

प्रमुख तीन दलबिच ऐनका विषयमा सहमति भएपछि गत ३० साउनमा प्रतिनिधिसभाबाट र ६ भदौमा राष्ट्रिय सभाबाट पारित विधेयक १३ भदौमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेका थिए ।

माओवादी अध्यक्ष प्रचण्डले केही दिनअघि राजधानीमा आयोजित एक कार्यक्रममा टिआरसीसँग सम्बन्धित विषयमा नेताहरूबिच कुरा भइराखेको र अब पनि हुने बताएका थिए । 'टिआरसीसँग सम्बन्धित विषयमा कुरा गर्नु नै पर्छ । गरी पनि राखेको छु ।' उनले भनेका थिए । पार्टी अभियानमा हिँडेका प्रचण्ड सोमबार दिउँसो राजधानी फर्किने कार्यक्रम छ ।

प्रधानमन्त्री ओलीले ७ चैतको संसद् बैठकमा विपक्षी दलका नेतासँग छलफलको प्रयास भइरहेको बताएका थिए । माओवादी सांसद विमला सुवेदीले संक्रमणकालीन न्याय टुंग्याउने आयोगहरू किन गठन भएनन् ? शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउन सरकारले के काम गरिरहेको छ भनेर प्रश्न सोधेकी थिइन् । ओलीले नेपालमा द्वन्द्वकालमा भएका घटनाका कारण पीडित भएका व्यक्ति तथा उनीहरूका परिवारका सदस्यले छिटोभन्दा छिटो न्याय प्राप्त गरून् भन्ने विषयमा सरकार संवेदनशील रहेको बताएका थिए । ऐनअनुसार बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोगका पदाधिकारी नियुक्ति प्रक्रिया यथाशक्य छिटो सुरु गरी शान्ति प्रक्रियाको बाँकी काम टुंग्याउन सरकार प्रतिबद्ध रहेको उनको भनाइ थियो ।

ओलीले आयोग गठनका लागि विपक्षी दलका नेता प्रचण्डसँग सम्पर्कको प्रयास भइरहेकोसमेत बताएका थिए । प्रचण्डसँग सम्पर्क गर्न खोज्दा अस्वस्थ भएको खबर आएको भन्दै छिट्टै सम्पर्क गरेर आयोग टुंग्याउने ओलीको भनाइ थियो ।

कांग्रेस नेता कृष्ण सिटौला शान्ति प्रक्रियाको काम निष्कर्षमा पुर्‍याउन ढिला गर्दा समस्या बढ्दै जाने बताउँछन् । उनले चाँडो आयोग बनाएर शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउनुपर्ने बताए । 'कानुन बनेकै छ । उक्त कानुन कार्यान्वयन गर्न सक्ने आयोग छिट्टै बनाउनुपर्छ । र, आयोगलाई सहजीकरण गर्नुपर्छ । यो काममा ढिला हुनुहुन्न,' उनले भने, 'द्वन्द्वपीडितलाई न्याय दिन सकिएन भने धेरै कुरा बिग्रिन्छ । निरूपण गर्न कठिन हुँदै जान्छ । राजनीतिलाई नै समस्या पार्छ । त्यसैले, सकेसम्म छिटो शान्ति प्रक्रियाको बाँकी काम टुंग्याउनुपर्छ ।'

राष्ट्रिय जीवनमा ख्यातिप्राप्त, निष्पक्ष, स्वतन्त्र, तटस्थ र सर्वस्वीकार्य व्यक्तिको नेतृत्वमा आयोग गठन गरेर शान्ति प्रक्रियाका बाँकी काम चाँडो टुंग्याउनुपर्नेमा माओवादीले जोड दिएको छ । 'शान्ति प्रक्रियाको बाँकी काम अब ढिला नगरी टुंग्याउनुपर्छ । राष्ट्रिय जीवनमा ख्यातिप्राप्त, निष्पक्ष, स्वतन्त्र, तटस्थ र सर्वस्वीकार्य व्यक्तिको नेतृत्वमा आयोग गठन गरेर जानुपर्छ,' माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले भने, 'शान्ति प्रक्रिया नटुंगिँदा राष्ट्रिय मात्रै होइन, अन्तर्राष्ट्रिय जगतमा पनि प्रश्न उठेको छ । पीडितमा निराशाभाव पैदा भएको छ । शान्ति प्रक्रिया नटुंगिँदा केहीले चलखेल गर्ने मौका पनि पाएका छन् ।'

संविधान र...

पृष्ठ ३ बाट क्रमशः

कांग्रेस केन्द्रीय कार्यसम्पादन समिति बैठकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीमा पुनः प्रतिबद्धता जनाएको हो । गणतन्त्रका लागि कुनै मोर्चाबन्दी आवश्यक नरहेको स्पष्ट पार्दै कांग्रेसले जनताका आवश्यकता सम्बोधन र सुशासनको पक्षमा काम अहिलेको प्राथमिकता हुनुपर्नेमा पनि जोड दिएको छ । सरकारको प्रभावकारिता, जनताको असन्तुष्टि र राजावादी आन्दोलनलगायतका मुद्दामा छलफल गर्न कांग्रेसले यसै महिना केन्द्रीय कार्य समिति बैठक बोलाउने निर्णय लिएको छ ।

'सार्वभौम नेपाली जनताले निर्वाचित जनप्रतिनिधिमार्फत स्थापित गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीमा कांग्रेस पूर्ण प्रतिबद्ध छ,' बैठकपछि कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले नयाँ पत्रिकासँग भने, 'यही राजनीतिक प्रणालीबाट जनताको आवश्यकता सम्बोधन सम्भव छ र सम्बोधन गर्नुपर्छ भन्ने निर्णय गरेका छौं । हामी गणतन्त्रका लागि कुनै पनि प्रकारको मोर्चाबन्दीका पक्षमा छैनौं । सरकारले सुशासनमा ध्यान दिनुपर्नेमा बैठकको जोड छ ।'

पार्टी महामन्त्री गगनकुमार थापाद्वारा पेस भएको र बैठकले पारित गरेको राजनीतिक प्रस्तावमा लोकतान्त्रिक गणतन्त्रप्रति दृढता व्यक्त गरिएको छ । 'नेपाली जनतामा निहीत सार्वभौमसत्ताको प्रयोग गर्दै जनताले चुनेका प्रतिनिधिहरूको प्रत्यक्ष सहभागितामा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान निर्माण भएको हो,' प्रस्तावमा, 'नेपाली कांग्रेस यो संविधान र यो संविधानमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रप्रति निरन्तर र पूर्ण प्रतिबद्ध रहेको र रहिरहने दृढता व्यक्त गर्दछ ।'

कांग्रेस कार्यबाहक मुख्यसचिव डा. प्रदीप पराजुलीद्वारा जारी विज्ञप्तिमा अहिलेको संविधानबाटै जनताका अपेक्षा र आवश्यकता सम्बोधन गर्न सकिने उल्लेख छ । 'संविधानको संरक्षण, संवर्द्धन र कार्यान्वयनमार्फत मुलुकलाई भ्रष्टाचारमुक्त र सुशासनयुक्त, सामाजिक विकृति र विसंगतिबाट मुक्त गराउँदै जनताको निरन्तर प्रगतिको अपेक्षा र आवश्यकता सम्बोधन गर्न सकिन्छ भन्नेमा नेपाली कांगेसको दृढ विश्वास छ,' विज्ञप्तिमा छ, 'यही विश्वासका साथ अघि बढ्नु नै आजको मुख्य राष्ट्रिय जिम्मेवारी ठान्दै कांग्रेस यसका निम्ति आवश्यक अग्रसरता लिने निर्णय गर्दछ ।'

बैठकमा सभापति शेरबहादुर देउवाले कांग्रेस गणतन्त्रको पक्षमा रहेको उल्लेख गर्दै यसबाट तलमाथि नहुने बताएका थिए । सभापति देउवाले पूर्वराजा ज्ञानेन्द्रमा संवैधानिक राजा हुने हैसियत नभएको र उनलाई बोकेबापत राप्रपाले पनि भविष्यमा पछुताउनुपर्ने धारणा राखेको महतले बताए । बैठकमा कांग्रेस नेताहरू डा.शेखर कोइराला, फरमुल्लाह मन्सुर, जीवन परियार, महेन्द्र यादव, विलमेन्द्र निधि, अर्जुननरसिंह केसी, बलबहादुर केसी, डा. महत, एनपी साउद, सुजाता कोइराला, डा. नारायण खड्का र ज्ञानेन्द्रबहादुर कार्कीले बोलेका थिए ।

नेता डा. कोइरालाले सरकारमा पार्टीको भूमिका र कार्यक्षमताबारे छलफल हुनुपर्ने बताए । 'जनता सरकारको कारबाहीबाट असन्तुष्ट छन् । यसको कारण खोजौं । सरकार र पार्टी दुवैको कार्यक्षमताबारे छलफल गरौं,' कोइरालालाई उद्धृत गर्दै एक नेताले भने ।

कतिपय नेताले निर्णय गरेर मात्रै वर्तमान परिस्थितिको असन्तुष्टि सम्बोधन नहुने बताएका थिए । 'अहिलेको परिस्थिति सम्बोधन गर्ने निर्णय गरेर मात्र पुग्दैन । हाम्रै कारण गणतन्त्र आएको हो । अहिले देखिएको असन्तुष्टि सम्बोधन गर्न सरकारलाई कार्यक्रम दिनुपर्छ भन्ने कुरा उठ्यो,' कांग्रेस नेता निधिले नयाँ पत्रिकासँग भने, 'पार्टीले पनि यही कुरालाई पुनः जोड दिएको छ ।'

नेता केसीले बैठकमा लिखित धारणा पेस गर्दै अहिले भ्रष्टाचार, कुशासन, आर्थिक अराजकता, विधिविहीनता र दण्डहीनताविरुद्ध जनआक्रोशमार्फत सडकमा कोलाहल पोखिएको भन्दै यसको समाधान भाषण र प्रतिक्रियाले मात्रै नहुने बताएका थिए । 'सडकको कोलाहल भ्रष्टाचार, कुशासन, आर्थिक अराजकता, विधिविहीनता र दण्डहीनताको एकमुस्ट जनआक्रोश हो,' उनले भने, 'यो वर्तमान व्यवस्थाविरुद्ध भन्दा पनि अवस्थाविरुद्धको आवाज हो । आक्रोशित जनतालाई आकर्षित गर्न अब भाषण र प्रतिक्रियाले मात्र पुग्दैन । यी विकृतिको कठोरताका साथ अन्त्य गर्ने युद्धस्तरीय कार्यक्रमले मात्र सम्भव छ ।'

विदेशी नागरिकता लिएकालाई क्रियाशील सदस्यतामा बन्देज

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेका अनुसार बैठकले विदेशी नागरिकता लिएका पूर्वनेपालीलाई विदेशस्थित पार्टीनिकट जनसम्पर्क समितिको नेतृत्व तहसम्म पुग्ने अवसर कायम राखेको छ । तर, पार्टीको क्रियाशील सदस्यतामा भने उनीहरूलाई कांग्रेसले बन्देज लगाएको छ । 'नेपाली नागरिकले मात्रै पार्टीको क्रियाशील सदस्य हुन पाउने र नागरिकता नभएका मानिस क्रियाशील सदस्य नै बन्न नपाउने भएकाले महाधिवेशन प्रतिनिधि हुन पाउने कुरै भएन । यो नयाँ निर्णय हो,' घिमिरेले भने । यसअघि कांग्रेसमा जनसम्पर्क समितिका अध्यक्ष महाधिवेशन प्रतिनिधि स्वतः हुने व्यवस्था थियो । विगतमा विदेशी नागरिकले लिएको क्रियाशील सदस्यता अब जनसम्पर्क समितिका सदस्यमा बदलिने कांग्रेसको निर्णय छ । चैत मसान्तभित्र कांग्रेसको क्रियाशील सदस्यता नवीकरण गरिसक्ने र त्यसपछि नयाँ सदस्यता वितरण गर्ने पनि निर्णय गरेको छ । सभापति देउवाले तोकिएको समयमा महाधिवेशन हुने बताए ।

बर्सेनि थपिने...

पृष्ठ ३ बाट क्रमशः

डा. नवीनप्रकाश शाहले उपचारमा नआउने बिरामीको संख्या धेरै हुँदा डराउनुपर्ने अवस्था रहेको बताए ।

उपचारको दायरा बढाउन सकिएन भने क्षयरोग भयावह हुन सक्ने उनको चेतावनी छ । 'हाम्रो अध्ययनअनुसार वार्षिक क्षयरोगीको संख्या ६८ हजार हाराहारी हो । तर, ठुलो संख्यामा बिरामी उपचारमा आएका छैनन्,' उनले नयाँ पत्रिकासँग भने, 'यो निकै डरलाग्दो विषय हो । कोही बिरामी उपचारमै नआउनु भनेको उसले अर्को व्यक्तिलाई सार्ने डर हुनु हो ।'

डा. शाहका अनुसार विविध कारणले बिरामी उपचारमा आएका छैनन् र उनीहरूलाई अस्पतालसम्म ल्याउन विशेष अभियान चलाउन आवश्यक छ । 'क्षयरोग लागेको भनेर समाजले तिरस्कार गर्ने डरमा कतिपय बिरामी पहुँचमा आउँदैनन् । कोही गरिबीका कारण नआएका पनि हुन सक्छन् । यसबारे हामीले विशेष अभियान नै सञ्चालन गर्ने भनेका छौं,' उनले भने, 'केन्द्रले गरेको सर्वेक्षणअनुसार क्षयरोगका बिरामी लुकेर बस्नेसमेत गरेका छन् । क्षयरोग संक्रमित व्यक्तिहरू लुकेर बस्दा थप भयावहको अवस्था हुन सक्छ ।'

हाल नेपालभर क्षयरोग उपचार गर्ने स्वास्थ्य संस्थाहरूको संख्या ६ हजार २४१ रहेको छ । त्यसमध्ये आठ सयवटा स्वास्थ्य संस्थाबाट निःशुल्क उपचार तथा औषधि वितरण हुन्छ । हाल यो रोगको उपचारका लागि सरकारले १४९ वटा स्थानीय तहबाट पनि औषधि वितरण र उपचार सेवा दिइरहेको छ ।

केन्द्रका निर्देशक डा. तिवारीका अनुसार सन् २०३० सम्ममा क्षयरोग महामारीको अन्त्य र २०५० सम्ममा क्षयरोगमुक्त गराउने नेपालको अभियान छ । तर, पछिल्लो १० वर्षयता क्षयरोग न्यूनीकरणमा नेपालले गरेको काम सन्तोषजनक छैन । सन् ०१५ देखि ०२५ सम्मको तथ्यांकअनुसार केन्द्रले क्षयरोगका बिरामी घटाउन गरेको प्रयास कमजोर देखिएको छ । १० वर्षमा नेपालले १५ प्रतिशत मात्रै क्षयरोग नियन्त्रण गरेको छ । विश्वमा हरेक वर्ष २४ मार्चमा क्षयरोग दिवस मनाइन्छ ।

केन्द्रका निर्देशक डा. श्रीराम तिवारीका अनुसार ठुलो संख्यामा बिरामी पहुँचबाहिर हुनु गम्भीर चुनौतीको विषय हो । 'बिरामी उपचारको पहुँचमा नआउनु सबैभन्दा ठुलो चुनौती हो । रोग लागेकाको संख्या र उपचारमा आउनेको संख्याबिच ठुलो खाडल छ । हामी त्यसलाई मेट्ने प्रयास गरिरहेका छौं,' उनले भने ।

उनका अनुसार क्षयरोग नियन्त्रणका लागि सरकारले छुट्याउने बजेट पनि अपर्याप्त छ । केन्द्रलाई सरकारले क्षयरोग निवारण तथा उपचारका लागि वार्षिक रूपमा एक अर्ब २० करोड रुपैयाँ बजेट छुट्याउने गरेको छ । त्यस्तै, सरकारले पालिकास्तरबाट पनि क्षयरोग नियन्त्रणका लागि यस वर्ष सबै पालिकाका पठाउने गरी जम्मा २० करोड रुपैयाँ विनियोजन गरेको छ । 'क्षयरोग नियन्त्रणमा काम गर्न नसक्नुको एउटा कारण बजेटको अभाव पनि हो, पर्याप्त बजेट नहुँदा रणनीतिअनुसार काम गर्न सकिएको छैन,' उनले भने ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको
गैह्र बैंकिङ्ग सम्पत्तिको रुपमा रहेको धितो बिक्री सम्बन्धी गोप्य बोलपत्र आह्वान

(प्रकाशित मिति : २०८१/१२/११)

यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्तिको रुपमा रहेको तपशिलमा उल्लेखित घर/जग्गाहरु बढाबढ मूल्यमा बिक्री गरिने भएको हुनाले उक्त घर/जग्गाहरु खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन भित्रमा** कार्यालय समयभित्र यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग, काठमाण्डौं वा यस बैंकका शाखा कार्यालयहरुमा आईपुग्ने गरी के कति दररेटमा उक्त घर/जग्गाहरु लिन कबुल गरेको हो सो खुलाई शर्त बन्देजहरुको अधिनमा रही सो सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन इच्छुक सबैलाई आह्वान गरिन्छ । उक्त अवधिभित्र पर्न आएका बोलपत्रहरु स्थानीय निकायका प्रतिनिधि, नेपाल सरकारका प्रतिनिधि, बोलपत्रदाता वा बोलपत्रदाताको आधिकारिक प्रतिनिधिहरुको रोहवरमा तल उल्लेखित मिति, समय र स्थानमा खोलिने छ ।

तपशिल

बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८१ चैत्र २५ गते सोमवार ।
बोलपत्र खोलिने मितिः २०८१ चैत्र २६ गते मंगलवार ।
समय : दिउँसो २:०० बजे ।
स्थान : नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, दरवारमार्ग, काठमाडौं ।

गैह्र बैंकिङ्ग सम्पत्तिको बिवरण

१. यस बैंकको नाममा मालपोत कार्यालय भरतपुर चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, गर्दी वडा नं. ९ ग स्थित कि.नं. १३ र १६ को क्षेत्रफल क्रमश ०-५-३ र ०-६-७ बिगाहा र चितवन जिल्ला, गर्दी वडा नं. ६ क स्थित कि.नं. १८७ को क्षेत्रफल ०-१४-९.५० बिगाहा भएको घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

बोलपत्र फाराम यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग काठमाण्डौं वा यस बैंकका शाखा कार्यालयहरुबाट रु. १,०००/- (अक्षरेपी एक हजार रुपैयाँ मात्र) तिरी खरिद गर्न सकिनेछ । अन्य सम्पूर्ण शर्तहरु बोलपत्र फाराममा समावेश गरिएको छ ।

विस्तृत जानकारीको लागी यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
प्रधान कार्यालय
दरवारमार्ग, काठमाण्डौं
फोन न.: ५३२८२२९, ५३४२५३०
फ्याक्सः- ४२२६३४९

घर भाडामा लिने बारे ७ दिने सूचना

यस बैंकको शाखा कार्यालय स्थानान्तरण गर्नको लागि तल उल्लेखित प्रमुख व्यापारिक क्षेत्रमा करिब १००० देखि १५०० वर्गफिट क्षेत्रफल सहितको घर/फ्ल्याट आवश्यक भएकोले इच्छुक घरधनीहरुबाट शिलबन्दि बोलपत्र आव्हान गरिएकोछ ।

क्र.सं.	स्थानान्तरण हुने शाखा कार्यालय	ठेगाना	जिल्ला	प्रदेश
१.	महाराजगञ्ज	काठमाण्डौ महानगरपालिका वडा नं. ३	काठमाण्डौ	बागमती
२.	अमरपथ	बुटवल उप–महानगरपालिका –६	रुपन्देही	लुम्बिनी
३.	पकडी	मायादेवी गाउपालिका –१	कपिलवस्तु	लुम्बिनी
४.	लेकसाईड (पोखरा)	पोखरा महानगरपालिका –६	कास्की	गण्डकी

यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र रितपुर्वकको शिलबन्दी निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्त तथा बन्देजहरु :

१. शिलबन्दी कोटेशनसाथ आफूले भाडामा दिन चाहेको घरको विवरण र मासिक भाडादर उल्लेख गरि घरजग्गाको स्वामित्वको प्रमाणपत्र, घरको नक्सा पास प्रमाणपत्र, घर सम्पन्नताको प्रमाणपत्र र जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ ।
२. भाडामा दिने घर सडकसँग जोडिएको हुनुपर्नेछ ।
३. भाडामा दिने घर पिल्लर सिष्टमको हुनुको साथै भुई तला वा एक तलामा कम्तिमा १००० देखि १२०० वर्गफिट क्षेत्रफल भएको हुनुपर्नेछ ।
४. भाडामा दिने घरमा पार्किङ्ग, ATM, तथा जेनेरेटर राख्ने स्थान उपलब्ध हुनुपर्नेछ ।
५. भाडामा दिने घर कुनै किसिमको कानूनी झमेला नभएको हुनुपर्नेछ ।
६. घर भाडामा दिदा कम्तिमा ०७ वर्ष अवधिको लागि दिनुपर्नेछ ।
७. भाडामा दिने घरमा घरधनीको तर्फबाट नै तयार गर्ने वा घरधनीको लगानी बैंकले तयार गर्ने जस्तै रंगरोगन, भल्ट कोठा निर्माण, बाथरुम र शौचालय निर्माण, टायलिंग वा फल्स सिलिंग निर्माण जस्ता के कस्ता सुविधा प्रदान गर्न सकिने हो सो आवेदनमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
८. कोटेशन बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिनमा उपरोक्त कार्यहरु हुनेछन् ।
९. भाडामा दिने घर सडक मापडण्ड भित्र नपर्ने तथा सम्बन्धीत नियमनकारी निकायको मापडण्ड भित्रको हुनुपर्नेछ
१०. घर भाडामा लिने वा नलिने, प्राप्त भएका कोटेशनहरु कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।
११. यस सम्बन्धि थप केही कुरा बुझ्न परेमा यस बैंकको सामान्य सेवा विभाग, थापाथलीमा सम्पर्क गर्न सकिनेछ ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/१२/१७ गते आइतबार (कार्यालय समय भित्र)
खोलिने मिति : २०८१/१२/१८ गते सोमबार दिनको ३ बजे ।
स्थान : महालक्ष्मी विकास बैंक लि. सामान्य सेवा विभाग थापाथली, काठमाण्डौ ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१–५३६८१५३, ५३६८७१९
सामान्य प्रशासन विभाग थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९११५१९
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

द.नं.: ३३/०५७/०५८
"आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं ।"
स्था.ले.नं.: ३००३२८६८०

बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.


शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर,फोन नं.: ९७७-०१-५०९३३२३, ५०९३४५५
ईमेल : basic@mail.com.np, वेबसाइट: www.balkumarisaccos.com

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मितिः-२०८११२११

यस संस्थामा सुरक्षण बापत तपसिलमा उल्लेखित सम्पत्ति धित्तो जमानतमा राखी तपसिलका ऋणीले बिभिन्न मितिमा बिभिन्न कर्जा शिर्षक अन्तर्गत लिनु भएको ऋण कर्जाको साँवा ब्याज लगायतका रकम समेत शर्त वमोजिम यस संस्थामा समय समयमा दाखिला गर्नु पर्नेमा हालसम्म नतिरि नबुझाई कर्जा सम्बन्धि शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटकपटक मौखिक, लिखित तथा घरसम्म पुगि तरताकेता गर्दा समेत उक्त ऋणको साँवा ब्याज रकम समेत चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएको हुनाले यो सूचना प्रकाशित मितिले ३५ (पैतीस) दिन भित्र यस संस्थामा सम्पर्क राखि संस्थालाई बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना तथा अन्य दै दस्तुर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित तपसिलका सदस्यलाई यसै सूचना मार्फत सुचित गरिन्छ । अन्यथा सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को नियम ३० र बागमती प्रदेश सहकारी ऐन २०७६ को दफा ६४, बागमती प्रदेश सहकारी नियमावली २०७६ को दफा १९ ले तोके बमोजिमको कार्यविधि अवलम्बन गरी सो कर्जा लिंदा संस्थालाई धितो लेखिदिएको घर/जग्गा लिलाम बिक्री गरी यस संस्थाको लेना बाँकी रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धित्तोवाट यस संस्थाको सम्पूर्ण बाँकी रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीका अन्य जायजेथावाट समेत असुल उपर गर्न आवश्यक कानूनी कारवाही भई जाने ब्यहोरा समेत सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको बिवरण	फोटो	धित्तो विवरण
१	कर्जा नं. : ००1L२००1०९० ऋणीको नाम : राम माया श्रेष्ठ ससुरा : मच्छे नारायण सामा श्रेष्ठ पती : राम चन्द्र श्रेष्ठ ठेगाना : साविक बालकोट गा.वि.स. ४, हाल सुर्यविनायक न.पा. वडा नं. २, भक्तपुर		भक्तपुर जिल्ला साविक बालकोट वडा नं. ७, नक्सा सिट नं. १०२१२२९१९ (हाल सुर्यविनायक न.पा. वडा नं. ३) को कि.नं. १६१ क्षेत्रफल ०-१-०-३ जग्गा कि.नं. १६३ क्षेत्रफल ०-२-३-१ जग्गा र सो जग्गामा बनेको घर समेत ।
	जमानीकर्ताको नाम : राम चन्द्र श्रेष्ठ, बाजेको नाम : काजी बहादुर, बाबुको नाम : मच्छे नारायण सामा श्रेष्ठ		
२	कर्जा नं. : ००1L२००1६०६ नाम : पवित्रा राई ससुरा : सप्त रिषी राई पती : भिम बहादुर राई ठेगाना : नुन्थला-३, खोटाङ, हाल मध्यपुर थिमि न.पा. वडा नं. ६, भक्तपुर ।		भक्तपुर जिल्ला चित्तापोल गा.वि.स वडा १ख को कि.नं. १९२४ क्षेत्रफल ०-५-३-२ जग्गा
	जमानीकर्ताको नाम : भिम बहादुर राई, बाजेको नाम : हेकम सिं राई, बाबुको नाम : सप्तरिषी राई		

तारकेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धर्मस्थली, काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/१२/११ गते

यस कार्यालयबाट मिति २०८१/०९/५ मा प्रकाशित सार्वजनिक सूचना अनुसार दर्ता भएका बोलपत्रहरू मूल्यांकन हुंदा निम्न बमोजिमको बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही पाईएकोले तपसिल बमोजिम ठेक्काको बोलपत्र स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं. र योजनाको विवरण	स्वीकृत हुने बोलपत्रदाताको नाम	कबोल अंक (भ्याट समेत)
1.	Construction Works for Sesmatipool-Lambagar-Hospital (Bangalamukhi Mandir) Corridor Nirman. CONTRACT NO: (TARA/22/NCB/2081-82)	Kishan and Dristi Builders (P). Ltd	रु. २,१२,५१,६५८.१७ (दुई करोड बाह्र लाख एकाउन्न हजार छ सय अन्ठाउँन्न रुपैंया, सत्र पैसा)

प्रमुख प्रशासकीय अधिकृत

मोटरसाइकल हरायो

मिति २०८१/१२/७ गते अ. बिहान १०:२७ बजे टोखा न.पा.-४, धापासि भेटघाट चोकबाट मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 200 CC NS पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।
नाम : राजेश राना मगर
मो.सा.नं.: ग.प्र.-०३-००१ प ०७२५
चेसिस नं.: MD2A36FX7RCG84055
इन्जिन नं.: JLXCRG77508
सम्पर्क नं.: 9764605420

हिउँदे अधिवेशनमा कानुन निर्माणले लियो गति

चारवटा विधेयक प्रमाणीकरण, एक प्रक्रियामा, पाँचवटा अध्यादेश प्रतिस्थापन विधेयक पनि ऐन बन्ने चरणमा



● **अजय चौरसिया**, कानुनमन्त्री

जति कानुन बनाउनुपर्ने विषय हो, अगाडि बढिरहेको छ। सम्बन्धित मन्त्रालयबाट गृहकार्य भइरहेको छ। कानुन मन्त्रालयबाट चार-पाँचवटा विधेयक आउँदै छन्। कानुन बनाउने, सदनमा लैजाने, बिजनेस कम नहोस् भनेर काम गरिरहेका छौं। अध्यादेश प्रतिस्थापन विधेयक सदनमा पेस भइसकेको छ। अन्य पनि क्रमशः अगाडि बढाउँछौं।

कमलराज भट्ट/नयाँ पत्रिका

चारवटा अधिवेशनसम्म बजेटबाहेक ११ वटा कानुन बनाएको संघीय संसद्ले कानुन निर्माणमा गति लिएको छ। पाँचौं अधिवेशनका रूपमा रहेको बर्खे अधिवेशनमा विधायिकी कार्यले गति लिएको हो। १८ माघदेखि सुरु भएको अधिवेशनमा पाँचवटा विधेयक दुवै सभाबाट पारित भई चारवटा ऐन बनेका छन् भने एउटा प्रमाणीकरणको चरणमा छ। सरकारले पनि उल्लेख्य मात्रामा विधेयकहरू सदनमा दर्ता गरेको छ। हिउँदे अधिवेशनमा प्रतिनिधिसभाले चार र राष्ट्रिय सभाले चार गरी आठ विधेयक पारित गरेको छ।

प्रतिनिधिसभाले पाँचवटा अध्यादेश स्वीकृत गरी प्रतिस्थापन विधेयक पनि पारित गरेको छ भने राष्ट्रिय सभाले पाँचवटै अध्यादेश प्रतिस्थापन विधेयकमा प्रक्रिया अगाडि बढाएको छ। साथै, अन्य विधेयक धमाधम सैद्धान्तिक छलफल भएर संसदीय प्रक्रियामा अगाडि बढिरहेको छ।

संसद् सचिवालयका अनुसार राष्ट्रिय सभामा उत्पत्ति भएका सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, विद्युतीय व्यापार विधेयक, विधायनसम्बन्धी विधेयक र भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक दुवै सभाबाट पारित भएर राष्ट्रपतिबाट प्रमाणीकरण भइसकेको छ। प्रतिनिधिसभामा उत्पत्ति भएको बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक ६ चैतमा राष्ट्रिय सभाबाट समेत पारित भई प्रमाणीकरणको चरणमा पुगेको छ।

सचिवालयका अनुसार विद्युतीय व्यापार विधेयकसम्बन्धी विधेयक ६ फागुन, भ्रष्टाचारसम्बन्धी ५ फागुन, विधायनसम्बन्धी विधेयक २७ माघ र सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक २८ माघमा प्रतिनिधिसभाबाट पारित भएको थियो। प्रतिनिधिसभाले दुइटै संघीय प्रहरी विधेयक र आमसञ्चार परिषद् विधेयक सम्बन्धित समितिमा दफावार छलफलका लागि पठाएको छ।



■ राष्ट्रिय सभामा अगाडि बढ्यो अध्यादेश प्रतिस्थापन विधेयकमाथिको छलफल

विधि र प्रक्रिया मिचिएको भन्दै राष्ट्रिय सभामा दुईपटक प्रभावित भएको अध्यादेश प्रतिस्थापन विधेयकमाथिको छलफल आइतबारदेखि अगाडि बढेको छ। राष्ट्रिय सभाको आइतबारको बैठकमा पाँचवटै अध्यादेश प्रतिस्थापन विधेयकमा सैद्धान्तिक छलफल भएको छ भने विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले पारित गरेर संशोधन राख्ने ७२ घण्टाको समय खुला भएको छ। अघिल्लो बुधबार र शुक्रबार तोकिएको छलफल विधि र प्रक्रिया नपुगेको भन्दै विपक्षीको विरोधका कारण प्रभावित भएको थियो। सरकारले १८ माघमा संसद्मा पेस गरेका अध्यादेशको प्रतिस्थापन विधेयक १९ चैतभित्र पारित भइसक्नुपर्ने संवैधानिक प्रावधान छ। प्रतिनिधिसभाबाट पाँचवटा अध्यादेश प्रतिस्थापन विधेयक पारित भएर सन्देशसहित राष्ट्रिय सभामा आएको छ। राष्ट्रिय सभामा सरकारले सबै विधि पुऱ्याएपछि आइतबारदेखि पाँचवटै अध्यादेश प्रतिस्थापन विधेयकमा छलफल भएको थियो। छलफलका क्रममा सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले अध्यादेश राम्रो गर्न ल्याए पनि विपक्षीले विरोधका लागि विरोध गरेको टिप्पणी गरेपछि प्रतिपक्षी सांसदहरूले असन्तुष्टि जनाएका थिए। उनीहरूले अध्यादेशमा नराम्रा कुराहरू पनि रहेको भन्दै विपक्षीको सुझावलाई खिसिट्युरी नगर्न मन्त्री गुरुङलाई चेतावनी दिएका थिए।

सञ्चारमन्त्री गुरुङले प्रधानमन्त्रीका तर्फबाट सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए। यसैगरी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए। उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, निजीकरण (पहिलो संशोधन) विधेयक, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए। प्रस्तावमाथि छलफल गरेर सभाले बहुमतका आधारमा स्वीकृत गरेको छ।

राष्ट्रिय सभाले मिडिया काउन्सिल विधेयक १८ माघ, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक ४ फागुन र तिलगंगा नेत्र विश्वविद्यालय विधेयक ४ चैतमा पारित गरेर सन्देशसहित प्रतिनिधिसभामा पठाएको छ।

कांग्रेस प्रमुख सचेतक श्यामकुमार घिमिरेले विधेयकहरू सरकारको प्राथमिकतामा रहेको र संसद्ले पनि गति लिएको बताए। 'हाम्रो प्राथमिकतामा निजामती ऐन, विद्यालय शिक्षा, प्रहरी विधेयक, नागरिकतासम्बन्धी विधेयक छन्। संसद्मै २५-३० वटा छन्। अगाडि लैजानुपर्नेछ,' उनले भने। सबै विधेयक हिउँदे अधिवेशनभित्रै पारित गर्न आफूहरूले जोड गरेको उनको भनाइ थियो। '२३ चैतमा सभामुख आइपियूमा जाँदै हुनुहुन्छ। सभामुख जानुअघि सबै पास गर्न पाए हुन्थ्यो भन्ने हो। तर, कतिपय समितिबाट नआएको अवस्था छ। तैपनि कोसिस गरिरहेका छौं।'

प्रमुख प्रतिपक्षी माओवादी प्रमुख सचेतक हितराज पाण्डेले सत्तापक्षको बेवास्ताले विधायिकी कार्यले अपेक्षित गति लिन नसकेको बताए। 'सरकार सदनलाई हेपिरहेको छ। जनप्रतिनिधिलाई हरेक कुरामा हेपिरहेको छ। हाम्रा अभ्यास मानिरहेको छैन। सरकारको प्रतिनिधि कोही पनि छैन। समिति, उपसमितिमा सरकार उपस्थित हुँदैन,' उनले भने। प्रतिपक्ष इमानदारीपूर्वक विधायिकी कार्य अगाडि बढाउन कटिबद्ध भएर लागे पनि सत्तापक्षमा त्यो गम्भीरता नदेखिएको उनको भनाइ थियो। 'संविधानअनुकूल बनाउनुपर्ने कानुनहरू छन्। तर, सरकारले छिटो विधेयक ल्याउने, संसद्मा सत्तापक्षले तदारुकताका साथ ध्यान दिने काम भइरहेको छैन,' उनले भने।

कानुनमन्त्री अजय चौरसियाले कानुन निर्माण सरकारको उच्च प्राथमिकतामा रहेको बताए। 'जति कानुन बनाउनुपर्ने विषयहरू हुन्, अगाडि बढिरहेको छ। सम्बन्धित मन्त्रालयबाट गृहकार्य भइरहेको छ। कानुन मन्त्रालयबाट चार-पाँचवटा विधेयक आउँदै छन्,' उनले भने। चौरसियाले हिउँदे अधिवेशनलाई विधेयक अधिवेशन बनाउन सभामुखले पनि तदारुकता देखाएको बताए। 'कानुनहरू बनाउने, सदनमा लैजाने, बिजनेस कम नहोस् भनेर काम गरिरहेका छौं,' उनले भने, 'अध्यादेश प्रतिस्थापन विधेयक सदनमा पेस भइसकेको छ। अन्य पनि क्रमशः अगाडि बढाउँछौं।'

■ चारवटा अधिवेशनमा बनेका १७ ऐन

संसद् सचिवालयका अनुसार ४ मंसिर ०७९ को आमनिर्वाचनपछि सम्पन्न चारवटा अधिवेशनमा संसद्ले १७ वटा कानुन बनाएको छ। जसमा बजेटसम्बन्धी ६ वटा नियमित छन्। बजेटबाहेक ११ वटा मात्रै ऐन संसद्ले बनाएको छ।

संसद् सचिवालयका अनुसार चारमध्ये तीनवटा अधिवेशनमा बनेका ऐनमा विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने, अर्थ विधेयक छन्। यसैगरी, मिटरब्याजसम्बन्धी कानुन बनाउन मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, अनुगमन तथा मूल्यांकन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक र खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक छ।

गत ३१ भदौमा अन्त्य भएको चौथो अर्थात् बर्खे अधिवेशनमा १० वटा विधेयक दुवै सभाबाट पारित भई ऐन बनेका छन्। संसद् सचिवालयका अनुसार आर्थिक विधेयक, विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक, भन्सार महसुस विधेयक पारित भई कानुन बनेको छ। सुरक्षण मुद्रणसम्बन्धी विधेयक, अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक पनि दुवै सभाबाट पारित भई कानुन बनेको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, नेपाल विश्वविद्यालय विधेयक र सार्वजनिक सेवा प्रसारण विधेयक पनि पारित भई ऐन बनेको छ।

नाउपा र जनमत पार्टी एकतानजिक



काठमाडौं/ सिके राउतको जनमत र रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टीबिच एकता प्रक्रिया अन्तिम चरणमा पुगेको छ। दुवै पार्टीको एकता कार्यदलको आइतबार बसेको पहिलो बैठकमा पार्टीको संरचना, विधान र दस्ताबेजका विषयमा छलफल भएको छ।

जनमत पार्टीका तर्फबाट गठित कार्यदलका संयोजक अब्दुल खानले पहिलाको मधेशकेन्द्रित दलको एकता कार्यदलको समीक्षा गर्दै कसरी अगाडि बढ्ने भनेर छलफल भएको बताए। 'विधान, नियमावली र दुवै पार्टीको दस्ताबेज मिलाउने कुरा भएको छ,' उनले भने, '१३ चैतमा अर्को बैठक बस्नेछ। आउने बैठकमा पदको बाँडफाँटको विषय, दस्ताबेजको विषय दुवैतर्फबाट टुंग्याइनेछ।' खानका अनुसार नयाँ दलको अध्यक्ष सिके राउत हुने गरी प्रस्ताव गरिएको छ। नाउपाले धेरै हदसम्म मानेको छ। कार्यदलले नै अन्तिम रूप दिनेछ। प्रस्तावित पदहरूमा सहअध्यक्ष रञ्जिता श्रेष्ठ र संरक्षक रेशम चौधरी हुने भनिएको छ।



● **अब्दुल खान**, संयोजक जनमत पार्टीका तर्फबाट गठित कार्यदल

विधान, नियमावली र दुवै पार्टीको दस्ताबेज मिलाउने कुरा भएको छ। १३ चैतमा अर्को बैठक बस्नेछ। आउने बैठकमा पदको बाँडफाँटको विषय, दस्ताबेजको विषय दुवैतर्फबाट टुंग्याइनेछ।

खानले दुई पार्टीबिच एकता भइसकेपछि डा. बाबुराम भट्टराईसँग छलफल अगाडि बढ्ने बताए। 'दुई पार्टीसँग भएपछि अरूसँग हुने कुरा हो। रेशम चौधरीसँगको कुराकानीमा बाबुरामजीले तपाईंहरू अगाडि बढ्नुस्, हामी पछि-पछि आउँछौं भन्नुभएको छ। बाबुरामजी सम्पर्कमा हुनहुन्छ। हाम्रो एकता भएपछि अरू दलसँग एकता गर्ने हुन्छ। यसमा कुरा उठेको थियो। हामी एकता नभएसम्म अरूलाई एकता गराउन हतारो हुन्छ। सोच्दै गरौंला,' उनले भने। कार्यदलमा खानसहित जनमतबाट प्रवक्ता शरदसिंह यादव र सचिव बालगोविन्द चौधरी छन्। नागरिक उन्मुक्तिबाट गंगाराम चौधरी, सुनिता चौधरी र रामलाल डगौरा छन्।

नागरिक उन्मुक्तिका संरक्षक रेशम चौधरीले कार्यदलले एकता टुंग्याउने बताए। 'माग र मुद्दा मिल्ने पार्टी हो। एकता हुन्छ। कार्यदलले बैठक बसेर सबै टुंग्याउँछ। जिल्ला, प्रदेशमा जान्छन्। सुझाव संकलन गरिसकेपछि होला,' उनले भने, 'हामी एकदमै नजिक छौं। केन्द्रीय समितिको बैठकमा सिके राउतलाई आफ्नो मनको अवधारणा राखेका छौं। सकारात्मक छौं।'

पौडेललाई 'हृदयचन्द्रसिंह प्रधान स्मृति पत्रकारिता पुरस्कार'



काठमाडौं/ प्रेस चौतारी नेपालको सबैभन्दा ठुलो 'हृदयचन्द्रसिंह प्रधान स्मृति पत्रकारिता पुरस्कार' पत्रकार मातृका पौडेलले पाएका छन्। पौडेल नेपाल प्रेस अनलाइनका प्रधानसम्पादक हुन्। पुरस्कारको राशि ५१ हजार एक सय रुपैयाँ छ। 'अग्निशिखा स्मृति पत्रकारिता पुरस्कार' हेमन्त पौडेलले पाएका छन्। पुरस्कारको राशि पनि ५१ हजार एक सय रुपैयाँ नै छ। एमालेनिकट पत्रकारहरूको संगठन चौतारीको आइतबारदेखि विराटनगरमा सुरु भएको दसौं अधिवेशनमा पुरस्कार वितरण गरिएको हो। एमाले महासचिव शंकर पोखरेलले पुरस्कार वितरण गरेका थिए। 'डा. शान्ति पाण्डे राष्ट्रिय महिला पत्रकारिता पुरस्कार' पत्रकार शान्ति गुरुङले पाएकी छिन्। 'वीरेन्दुकुमार साह क्रियाशील पत्रकारिता पुरस्कार' पत्रकारद्वय लालबाबु शेख र रिमा सोमै, 'डेकेन्द्र थापा स्मृति पत्रकारिता पुरस्कार' पत्रकार टपेन्द्र कार्की र मालती केसी, 'सावित्रीदेवी-पद्मलक्ष्मीदेवी बस्नेत पुरस्कार' उषा तामाङ र रोशनी कठेत, 'चन्द्र न्यौपाने-शान्तिराम कार्की स्मृति पत्रकारिता पुरस्कार' गार्डेन राई र हरीश चन्दलाई प्रदान गरिएको छ।

सीमान्तकृत र अल्पसंख्यक समुदायको स्वास्थ्य बिमा गर्दै बागमती सरकार

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती सरकारले प्रदेशमा रहेका सीमान्तकृत र अल्पसंख्यक समुदायका मानिसको निःशुल्क स्वास्थ्य बिमाको प्रक्रिया अगाडि बढाएको छ। प्रदेश सरकारले चालू आर्थिक वर्षमा साढे ११ करोड रुपैयाँभन्दा बढी खर्च गरेर प्रदेशका विभिन्न जिल्लामा बसोबास गर्ने सीमान्तकृत र अल्पसंख्यक समुदायका मानिसको बिमा प्रक्रिया अगाडि बढाएको जनाएको छ।

स्वास्थ्य बिमा नभएका कारण औषधि उपचार गर्दा महँगो रकम तिर्नुपर्ने, पैसा अभावकै कारण उपचार पाउन समस्या हुने भएकाले प्रदेश सरकारले प्रदेशमा रहेका लक्षित वर्गलाई तोकेर बिमा गरिदिने भएको हो। प्रदेशको स्वास्थ्य मन्त्रालयले स्वास्थ्य बिमा बोर्डसँग सम्झौता गरी निःशुल्क स्वास्थ्य बिमाको काम अगाडि बढाएको छ। मन्त्रालयले सीमान्तकृत, लोपोन्मुख, आश्रममा आश्रित, अपांगता 'ख' वर्गका व्यक्तिको स्वास्थ्य बिमा गर्न स्वास्थ्य बिमा बोर्डलाई आठ करोड १३ लाख रुपैयाँ पेस्कीसमेत प्रदान गरिसकेको छ। प्रदेशमा रहेका लक्षित वर्गको निःशुल्क स्वास्थ्य बिमाका लागि चालू आर्थिक वर्ष ०८१/८२ मा प्रदेश सरकारले ११ करोड ५७ लाख ८८ हजार रुपैयाँ विनियोजन गरेको छ।

मन्त्रालयका अनुसार लक्षित वर्गमा सीमान्तकृत र लोपोन्मुख जातिमा कुसुन्डा, वनकरिया, राउटे, सुरेल, हायू, राजी, किसान, साप्चे, मेचे, कुसवाडिया छन्। अति सीमान्तकृत समूहअन्तर्गत चेपाङ, माझी, सियार, ल्होम, सिङ्साबा, बुदान, धानुक, सतार, सत्वाल, झागड, थामी, बोटे, सनुवार र बराम जाति छन्।



बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले स्वास्थ्य बिमा बोर्ड बागमती प्रदेश कार्यालय भक्तपुरसँग बिमाका लागि पुस दोस्रो साता सम्झौतामा हस्ताक्षर गरेको हो। १ साउन ०८१ देखि ०८२ असार मसान्तसम्म लागू हुने गरी स्वास्थ्य मन्त्रालयका वरिष्ठ स्वास्थ्य प्रशासक डा. खगेश्वर गेलाल र स्वास्थ्य बिमा बोर्ड बागमती प्रदेश संयोजक मनोज पौडेलले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्। सम्झौताअनुसार लक्षित समुदायको पहिचान गरी बोर्डका सहजकर्ताले निःशुल्क बिमा गरिदिनेछन्।

स्वास्थ्य बिमाको प्रिमियम भुक्तानी गर्न नेपाल सरकार र स्वास्थ्य बिमा बोर्डले तयार गरेको स्वास्थ्य बिमा नियमावली, २०७५ बमोजिम स्वास्थ्य बिमा कार्यक्रममा आबद्धता गराइने उल्लेख छ। बिमा नियमावली, २०७५ अनुसार पाँचजनासम्म सदस्य भएको प्रतिपरिवार तीन हजार पाँच सय र पाँचजनाभन्दा बढी सदस्य भएमा प्रतिसदस्य सात सय रुपैयाँ थप गरी स्वास्थ्य बिमा गरिने उल्लेख छ।

गत आर्थिक वर्षमा पनि प्रदेश सरकारले प्रदेशभित्र बसोबास गर्ने लक्षित वर्गका लागि निःशुल्क स्वास्थ्य बिमा गरेको थियो। मन्त्रालयले गत वर्ष बिमाका लागि पाँच करोड २५ लाख रुपैयाँ खर्च गरेको थियो। गत वर्ष बिमा कार्यक्रममा सबैलाई समेट्न नसके पनि यस वर्ष कोही नछुट्ने अपेक्षा गरिएको मन्त्रालयका वरिष्ठ स्वास्थ्य प्रशासक डा. गेललाले बताए। यस वर्ष बजेट पनि बढेको र बिमा गर्ने लक्षित वर्गको संख्या पनि दोब्बरले बढ्ने अनुमान गरिएको उनको भनाइ छ। उनका अनुसार गत आवमा प्रदेशका १३ जिल्लाका १७ हजार ८३१ लक्षित परिवारको स्वास्थ्य बिमाबापतको रकम मन्त्रालयले भुक्तानी गरेको थियो। मन्त्रालयले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको नेपाल सरकारबाट ५० प्रतिशत र बागमती प्रदेशबाट बाँकी ५० प्रतिशत बिमा योगदान रकमसमेत भुक्तानी गरिदिने भएको छ।

नागढुंगामा हाइस दुर्घटना, एकको मृत्यु, नौजना घाइते

काठमाडौं/ चितवनबाट यात्रु लिएर काठमाडौं आएको हाइस गाडी नागढुंगामा दुर्घटना हुँदा एकको मृत्यु भएको छ। नौजना घाइते भएका छन्। ग.१ख ५५४६ नम्बरको हाइस चन्द्रागिरि नगरपालिका- २ नागाढुंगा ढलानमा आइतबार अपराह्न ५ बजे दुर्घटनामा परेको हो। रोकिराखेको अवस्थामा गाडी गुडेर अनियन्त्रित भई सडकपेटीमा ठोक्किएर दुर्घटना भएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी अपिलराज बोहराले बताए।

दुर्घटनामा घाइते भएकी अन्दाजी २५-२६ वर्षीया युवतीको मृत्यु भएको प्रहरीले जनाएको छ। मृतकको सनाखत भएको छैन। चितवनको कालिका नगरपालिका- ७ घर भएकी ६८ वर्षीया तारादेवी कुमाल गम्भीर घाइते भएकी छिन्। उनको ट्रमा सेन्टरमा उपचार भइरहेको छ। काठमाडौं- १५ की ३३ वर्षीया विन्दु देवकोटा, उनका ३० महिने छोरा दिव्यन पोखेल, चितवन भरतपुर महानगरपालिका- ६ की ४९ वर्षीया अनिता थापा, उनकी १७ वर्षीया छोरी एरिसा, भरतपुर- ४ का ३७ वर्षीय मोहित गुरुङ, कालिका नगरपालिका- ७ की २५ वर्षीया सीमा कुमाल, उनका ६ वर्षीय छोरा ईशान कुमाल र सर्लाहीका कुसुम राई पनि घाइते भएका छन्। गाडीचालक नुवाकोट बेलकोटगढी घर भएका राजेश गुरुङलाई नियन्त्रणमा लिई अनुसन्धान अघि बढाइएको एसपी बोहराले बताए। घाइतेमध्ये केही डिस्चार्ज भएका छन्।

हरिहर मन्दिरले भोगचलन गरेको गुठीको जग्गामा कोटिहोम सञ्चालन गर्न दिने निर्णय

कास्कीमा **रोहितराज पराजुली**

विवादित धर्मगुरु बालयोगेश्वर विजय कृष्णमूर्ति भनिने विजय भण्डारीको संकल्प एवं अगुवाइमा पोखरामा आयोजना हुने भनिएको 'गायत्री कोटिहोम विराट ज्ञान महायज्ञ' आयोजनास्थललाई लिएर तीन महिनादेखि जारी विवाद सकिएको छ। पोखरा महानगरपालिकाले आठ सर्तसहित पोखरा- १७ स्थित श्री सदा शिवजी सिद्धेश्वर हरिहर मन्दिरले भोगचलन गरेको गुठीको जग्गामा कोटिहोम सञ्चालन गर्न दिने निर्णयसँगै विवाद टुंगो लागेको हो।

यसअघि आयोजकले पोखराको प्रमुख पर्यटकीय स्थल फेवातालको किनारको बाराहीघाट र हल्लनचोकस्थित क्याम्पिङ चोकको जग्गामा कोटिहोम गर्ने तयारी गरेको थियो। तर, पोखरा महानगरले त्यहाँ कोटिहोम गर्न नदिने अडान लिएपछि विवाद चर्किएको थियो। विवादबिच आयोजकले २३ फागुनमा बाराहीघाटस्थित जग्गामा भूमिपूजन गर्ने लाग्दा महानगरका प्रहरी र आयोजक पक्षबिच झडपसमेत भएको थियो। अनुमति नलिई कोटिहोमका लागि भूमिपूजन गर्न लागेको भन्दै महानगरले रोक्न

■ आठ सर्तसहित अनुमति

पोखरा महानगरपालिकाले आठ सर्त पालना गर्ने गरी कोटिहोम सञ्चालन गर्न अनुमति दिएको हो। महानगरले आयोजकलाई वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, कार्यक्रममा उत्सर्जन भएको फोहोर आयोजकले नै व्यवस्थापन गर्नुपर्ने, स्थानीय बासिन्दाको आवतजावत एवं साँधसँधियारबाट गुनासो नआउने व्यवस्था आयोजक स्वयंले मिलाउनुपर्ने, सार्वजनिक स्थलमा राखिएका सूचना, पोस्टर तथा ब्यानर कार्यक्रम समाप्त भएपछि आयोजकले हटाउनुपर्ने, सूचना, पोस्टर तथा ब्यानर राख्दा तथा कार्यक्रम सञ्चालन गर्दा सवारीसाधनको आवागमनलाई अवरोध गर्ने गरी सञ्चालन गर्न नपाइने, रोडक्रस स्वागतद्वार निर्माण गर्न तथा प्रचारप्रसारका लागि माइकिङ गर्न नपाइने, नेपाल सरकार तथा प्रचलित कानुबाट निषेधित वस्तु तथा सेवाको प्रचारप्रसार, बिक्री-वितरण एवं प्रयोग गर्न नपाइने, अनुमतिपत्रमा उल्लेख नभएका विषय प्रचलित कानुनबमोजिम हुनेछन् भन्ने सर्तसहित कोटिहोम गर्न अनुमति दिएको हो। यसअघि आयोजकले कोटिहोम सञ्चालनका लागि पोखरा महानगरपालिकासँग कुनै अनुमति नलिई कोटिहोममा प्रयोग हुने समिधाका लागि भन्दै महानगर क्षेत्रका ऐतिहासिक चौतारा र सडकछेउमा रहेका वरपीपल, समीलगायत रुखका हाँगा मुठार्ने काम गरेपछि महानगरपालिका र आयोजकबिच विवाद सुरु भएको थियो।

र जसरी पनि भूमिपूजन गर्ने अडानपछि विवाद र झडपको स्थिति सिर्जना भएको थियो। सो क्रममा महानगर पक्षका ११ र आयोजक पक्षका सातजना घाइते भएका थिए। त्यसपछि २६ फागुनमा जिल्ला प्रशासन कार्यालय, पोखरा महानगरपालिका, सुरक्षा निकाय र कोटिहोम आयोजकसहित सरोकारवालाको बैठकले कोटिहोमका लागि हाल आयोजकले गर्ने भनेको स्थानमा गर्न नदिने र यसका लागि अर्को स्थानमा उपयुक्त जग्गा खेजी गर्ने निर्णय गरेको थियो। त्यसपछि जग्गा खोजीका लागि जिल्ला प्रशासन कार्यालय कास्कीका एक, महानगरका दुई र आयोजक फाउन्डेसनका दुई गरी पाँच सदस्यीय समिति गठन भएको थियो।

Province Government
Ministry of Water Supply, Irrigation and Energy
Water Resources & Irrigation Development Division, Tehrathum
Koshi Province, Nepal

Notice of Intention for Award of Contract

[Date of publication: 2081/12/11]

In accordance with Clause 27(2) of the Public Procurement Act, 2063, this notice serves to inform all concerned parties of our intent to award the contracts for the **Rehabilitation of Karange Kulo Irrigation Sub-Project (Contract No: IMEP/ Tehrathum/B-1a/CW-16)** in Myanglung Municipality-4, Tehrathum, and the **Rehabilitation of Lambu Khola Irrigation Sub-Project (Contract No: IMEP/Tehrathum/B-1a/CW-17)** in Laligurans Municipality-6 & 7, Tehrathum, to the respective lowest evaluated substantially responsive bidders, as detailed in the table below. All concerned parties are hereby notified that they have seven (7) days from the date of this notification to: (i) Request a debriefing regarding the evaluation of their bid; and/or (ii) Submit a bidding-related complaint regarding the intended contract award, in accordance with the procedures outlined in ITB 46.1 of the respective Bidding Document.

S N.	Name of Contract & Contract ID	Lowest Evaluated Substantially Responsive Bidder	Accepted Contract Amount (Inclusive of PS and VAT)
1	Rehabilitation of Karange Kulo Irrigation Sub-Project, Myanglung Municipality-4,Tehrathum **(ContractNo: IMEP/Tehrathum/B-1a/CW-16)**	M/S ISHAN/SANTI J.V., Myanglung-1, Tehrathum	NRs. 17,674,979.23
2	Rehabilitation of Lambu Khola Irrigation Sub Project, Laligurans Municipality-6 & 7, Tehrathum **(ContractNo: IMEP/Tehrathum/B-1a/CW-17)**	M/S S N N S PL/ D C JV, Bharaul, Sunsari	NRs. 51,763,876.53

Division Chief

कुशासनमा जेलिएको गणतन्त्र

जनताले नेताहरूका कमीकमजोरीको समीक्षा खोजिरहेका भए पनि नेताहरू अझै आत्मसमीक्षा गर्ने 'मुड'मा नदेखिनु विडम्बना हो




● डोरप्रसाद उपाध्याय 'निर्मलकुमार'

अग्रलेख

देशमा अहिले एमाले अध्यक्ष केपी ओलीको शासन चलिरहेको छ। राजनीतिक स्थायित्व र समाजवादको आधार तयार गर्न संविधान संशोधनलगायतका एजेन्डा अघि सारेर लोकतन्त्रको कहींकतै अभ्यास नभएको संसद्को पहिलो र दोस्रो ठुलो दल मिलेर ओलीको नेतृत्वमा नेपाली कांग्रेससहितको संयुक्त सरकार बनेको थियो। यो सरकार बनेपछि देशमा गणतन्त्र अझ मजबुत हुने, समाजवादी अर्थतन्त्रको आधार तयार हुने, सुशासन कायम हुने, रोजगारी र उत्पादनमा सुधार आउने, सामाजिक काम गर्ने, संघीयता बलियोसँग कार्यान्वयन हुँदै जानेलगायत तमाम सकारात्मक सूचकहरूको व्याख्या गरेर वर्तमान संयुक्त सरकारका नायकहरू शासनमा आसीन भएका थिए। यो सरकार बन्दै गर्दा निकै तामझाम देखाइएको थियो। अँध्यारोमा बिचौलियाहरूको माझमा बसेर शासन सम्झौता गरेको पनि अहिले नौ महिना भइसकेको छ। तर, आज स्थिति झन्झन् भयावह र जटिल बनिरहेको छ। यसका कारण के हुन् ? यसबारे जनतालाई प्रस्ट नपारी अहिले विभिन्न नाममा टाउको उठाउने चेष्टा गरिरहेको प्रतिगमनलाई रोक्न सकिँदैन।

लोकतन्त्रको मूल्य-मान्यता र मर्मविपरीत गरिएको गठबन्धन यथार्थमा केका लागि थियो भन्ने कुरा अहिले प्रस्ट भइसकेको छ। राज्यका सबै अंगमा प्रधानमन्त्री केपी ओलीको कुशासनको छाया बढ्दै गएको छ। सार्वजनिक ऋण बढेर प्रतिव्यक्ति झन्डै एक लाख पुग्दै छ। शिक्षा, स्वास्थ, कृषि, उद्योगधन्दा, कलकारखाना धराशायी बन्दै गइरहेका छन्। उपभोग्य वस्तुको मूल्यवृद्धि अकासिँदो छ। सरकार त्यस्ता व्यवसायी र उद्योगपतिको खुलेआम समर्थन गर्छ। सरकार आफैंले खराबभन्दा खराब मान्छेहरूको सूची तयार गर्छ र तिनैलाई प्रोत्साहित गर्छ। अनि 'राम्रा मान्छे'हरूलाई खोजीखोजी राजनीतिक, सामाजिक, मानसिक मात्र होइन गैरकानुनी ढंगले हतोत्साहित गरेर हुर्मत लिने काम गर्दै आएको छ। सरकारका मन्त्रीहरूले खुलेआम सुशासनको खिल्ली उडाइरहेका छन्। प्रधानमन्त्री ओलीले हावादारी गफ चुटेर दिन बिताइरहेका छन्। कहिले मरिचको ठुलो रुख हुन्छ भन्छन् त कहिले केरा पालनको व्याख्यान छाँट्छन्। जबकि 'पालन' भन्ने शब्दको प्रयोग जीवित प्राणीका लागि गरिन्छ। यसैमा कांग्रेसजनसमेत एमालेजनसित मिसिएर ताली पिट्छन्। एमालेजनहरू नयाँनयाँ शब्द, पदावली र भाष्यको आविष्कार र प्रयोग भएकामा गौरव गर्छन्। ओलीको कुशासनको सबैभन्दा खराब रूप सहकारी ठगी प्रकरणमा देखियो। एमालेजनको सहकारीको सम्पत्तिमाथिको ब्रह्मलुट कति छ भन्ने तथ्य विभिन्न माध्यमबाट सार्वजनिक भएकै छन्। गिरीबन्धु, भुटानी शरणार्थी, यती, ओम्नी, बालुवाटार मात्र होइन, कानुन संशोधन गरेरै भए पनि सबै सार्वजनिक सम्पत्ति निजी कम्पनीमार्फत हत्याउने, कब्जा गर्ने र समाजवादी अर्थतन्त्रको आधार भत्काउँदै एकाधिकार नोकरशाही पुँजीका माध्यमबाट बिचौलियातन्त्रको विकास गर्ने यो सरकारको तत्कालीन कार्यदिशाका कारण सहकारी र सार्वजनिक सम्पत्तिमाथि यो सरकारको गिद्धेदृष्टि रहँदै आएको देखिन्छ।

त्यसैले सरकारी बजेटको चरम दुरुपयोग, अनुदान र राहतको बाँडफाँडमा गरिने विभेदपूर्ण व्यवहार यो सरकारको प्राथमिकतामा पर्दै आएको देखिन्छ। यसबाट जनता आजित भइसकेका छन्। अहिले देश ओलीको कुशासनको सिकार बनेको छ। भ्रष्टाचार गर्नु, भ्रष्टाचारीलाई काँध थापेर जोगाउनु र भ्रष्टाचार नगर्ने, सुशासन प्रवाह गर्नेलाई खोजीखोजी मानमर्दन गर्नु, अपमानित गर्नु, सरुवा गर्नु आदि ओली शासनको कार्यसम्पादन मूल्यांकनको पहिलो आधार बन्न पुगेको छ। पहिले नीतिगत भ्रष्टाचार गर्न सजिलो हुने गरी अध्यादेशबाट कानुन बनाएर बिचौलिया र माफियाहरूका नाममा कम्पनी खडा गरी अंकमा भ्रष्टाचार गर्नु नै वर्तमान सत्ताधारीको असली 'समाजवाद' हो। ओली नेतृत्वको सरकारको यस्तो 'समाजवाद', त्यसमा पनि न सही नीति न सही नेतृत्व भएपछि गणतन्त्र धरापमा पर्ने नै भयो। हो, अहिले त्यही भएको हो। सरकारका मन्त्रीहरू संसद् र समितिका बैठकमा गएर हप्कीदप्की गर्ने, बिचौलिया र माफियाको पक्षमा गर्वसाथ बोल्ने, मन्त्रीहरू नै मानव तस्करीमा लाग्ने तर कारबाही नहुने, सहकारी ठग्ने तर कारबाही नहुने, ठुलो दबाबपछि कारबाही भइहालेमा नाम मात्रको हुने, सांस्कृतिक बिचलन र अनैतिक हर्कत जति गरे पनि प्रधानमन्त्री ओलीको आशीर्वाद पाएपछि कानुनी दायरामा आउनु नपर्ने भएपछि राजनीति विकृति र विसंगतिको कन्टेनर बन्न पुगेको छ। सबैप्रकारका जनविरोधी हर्कतजति जम्मै ओलीको शासनमा बैध भएपछि यो व्यवस्था र प्रणालीप्रति जनता किन आक्रोशित नहोऊन् त ? आज एकातिर देश ओलीको कुशासनको सिकार भएर जनतामा निराशा र आक्रोश थपिएको छ भने अर्कातर्फ गणतन्त्रवादी भन्नेहरूको जीवनशैली, आचरण र चरित्र कथित राजावादीको भन्दा कम छैन। गणतन्त्रवादी नेताहरू अपारदर्शी भएकै कारण उनीहरूसँग जनताको सहज पहुँच छैन। अहिले पनि नेताहरू आत्मसमीक्षा गर्ने मुडमा देखिँदैनन्। देशलाई समग्र अग्रगमनतर्फ डोऱ्याउन आफूबाट कहाँ र के-कति कमजोरी रहे त्यसको पनि समीक्षा जनताले खोजेका छन्। ओली कहिल्यै संविधानको बाटो हिँड्दैनन् भन्ने कुरा विगत हेरे मात्र पुग्छ, तर मौका पर्दा गठबन्धनको नासो स्वीकार गर्ने अन्यथा गलपासो सम्झने गल्ती दोहोराउनु हुँदैन भन्ने जनआवाजलाई नजरअन्दाज गर्न नेतृत्वले किमार्थ मिल्दैन।



> गणतन्त्रवादीहरूको कार्यशैली, जीवनशैली र तौरतरिका कुनै सम्भ्रान्तको भन्दा कम नभएपछि गणतन्त्र रुचाएका, यसका लागि संघर्ष गरेका, बलिदान दिएका परिवारजन र मतदातामा समेत उकुसमुकुसपूर्ण निराशा र आक्रोश देखापरेको छ

> अहिलेको प्रतिगमनविरुद्ध संघर्ष गर्दा एकातिर वर्तमान कुशासनको भन्डाफोर र अर्कातिर कथित राजावादीहरूको घोर प्रतिगामी हर्कतलाई पूर्णविराम लगाउने गरी आन्दोलनको उठान गर्न जरुरी छ

गणतन्त्रवादीहरूले पटक-पटक यही गल्ती दोहोऱ्याएका छन्। गणतन्त्रवादीहरूको कार्यशैली, जीवनशैली र तौरतरिका कुनै सम्भ्रान्तको भन्दा कम नभएपछि गणतन्त्र रुचाएका, यसका लागि संघर्ष गरेका, बलिदान दिएका परिवारजन र मतदातामा समेत उकुसमुकुसपूर्ण निराशा र आक्रोश देखापरेको छ। यसले प्रतिगमनकारीहरूलाई अनुकूल वातावरण बनाउन थप मद्दत गरेको छ।

नेपाली जनताको यसप्रकारको निराशा र आक्रोशलाई रोक्न माओवादी केन्द्रले नेतृत्व गरेको पछिल्लो सरकारबाट सुशासनसम्बन्धी केही नयाँ अभ्यास सुरु गरिएको थियो। भुटानी शरणार्थी काण्डको छानबिन गर्दै जाँदा यसको जरा जब बालकोट र बुढानीलकण्ठ दरबारतर्फ मोडियो तब कुशासनका नयाँ सम्झौता र अभ्यासको थालनी गरिएको कुरा सरकार र संसद्को पछिल्लो कार्यशैलीमा अभिव्यक्त भइरहेको छ। तैपनि, माओवादी केन्द्रले आफ्नो सुशासन र अग्रगमनको अभियान छाड्नु हुँदैन भन्ने जनअपेक्षा घटेको छैन। हुलाकी मार्गकेन्द्रित जनतासँग तराई-मधेश अभियानका क्रममा देखिएको जनताको उत्साहपूर्ण सहभागिताले यो कुरा प्रस्ट पारेको छ। देशभित्रका गणतन्त्रवादीहरू मात्रै होइन, माओवादीभित्रका सबै समूह पनि सच्चिएर एक ठाउँमा उभिन सक्दा प्रतिगमनकारी र यसलाई मलजल गर्ने वर्तमान ओली शासनको राजनीतिक अबैध धन्दा निष्तेज पार्न सकिनेछ भन्नेहरूको आवाजलाई सम्बोधन हुने गरी रूपान्तरण हुन सक्दा मात्र प्रतिगमनले टाउको उठाउन पाउनेछैन।

अहिले देखापर्न खोजेको प्रतिगमन वर्तमान कुशासनमा हुर्कने मौका पाएको मरिसकेको राजतन्त्रको लाचार छाया मात्र हो। त्यसकारण अहिलेको प्रतिगमनविरुद्ध संघर्ष गर्दा एकातिर वर्तमान कुशासनको भन्डाफोर र अर्कातिर कथित राजावादीहरूको घोर प्रतिगामी हर्कतलाई पूर्णविराम लगाउने गरी आन्दोलनको उठान गर्न जरुरी छ। यतिबेला सच्चा गणतन्त्रवादीले आफूलाई सच्याउने र प्रतिगामीहरूलाई सक्काउने नयाँ रणनीति अंगीकार नगरी न त समाजवादको दिशामा अगाडि बढ्न सकिन्छ न त गणतन्त्र र प्राप्त उपलब्धिको रक्षा नै गर्न सकिन्छ।

त्यसैले पार्टीभित्र, बाहिर र जनताका साथसाथै सरकारको मोर्चामा समेत गणतन्त्र कार्यान्वयन गरौं, सम्भावित प्रतिगमन स्वतः निस्तेज हुँदै जानेछ।

३ प्रश्न

पूर्वसचिव **सुरेश अधिकारी**लाई



भ्रष्टाचार निवारण ऐनको संशोधन समग्रमा कस्तो लाग्यो ?

भ्रष्टाचारसम्बन्धी अनुसन्धानलाई प्रभावकारी बनाउन कार्यक्षेत्र विस्तार गर्नु जरुरी थियो। यस्ता धेरै जरुरी विषयलाई सम्बोधन गर्नेगरी ऐनमा व्यवस्था गरिएको छ। समग्रमा हेर्दा यो राम्रो व्यवस्था हो।

निर्णय नगरेर हानि पुऱ्याउने कर्मचारीलाई पनि भ्रष्टाचारमा अनुसन्धान गर्ने विषय कति उचित हो ?

योचाहिँ अलि जटिल विषय हो। निर्णय नगर्ने कुराको प्रकृतिलाई कसरी हेर्ने भन्ने पाटो जटिल हुन्छ। यसको अनुसन्धान, अभियोजन र कसुर स्थापित गर्न कठिन हुन सक्छ। यो अभियोजनभन्दा पनि निगरानी गर्नुपर्ने विषय हो। साबिकको अनुचित कार्यसम्बन्धी विषय आउन सकेको भए यस्ता विषयलाई त्यताबाट नियन्त्रण गर्न सकिन्थ्यो।

रंगेहात पक्राउको व्यवस्था किन ब्युँताइएको होला ?

सानातिना घुसखोरी नियन्त्रणमा रंगेहात पक्राउको कारबाहीले काम गर्छ। नियमावलीमा टेकेर अख्तियारले गर्दै आएको आफ्नै रकमबाट रंगेहात पक्राउ गर्ने व्यवस्थालाई सर्वोच्चले खारेज गरिदिएको थियो। अहिले यसलाई ऐनमै व्यवस्था गरेर ल्याइएको छ। अख्तियारले रकम नै दिएर रंगेहात पक्राउ गर्ने खालका अभ्यास संसारमा अन्यत्र पनि देखिन्छ। र, यो जरुरी पनि थियो। यसलाई अन्यथा मान्नुपर्दैन।

प्रेरक प्रसंग

चामलको एक दाना

मेधावी छात्र शोभित हाई स्कुलदेखि स्नातक तहसम्मै प्रथम भए। तर, यस सफलताका बाबजुद उनका मातापिता उनीदेखि खुसी थिएनन् किनकि उनी निकै घमन्डी थिए र मानिससित बडो रुखो शैलीमा बोल्थे। ठुलो आवाजमा बोल्नु र अकारण नै कसैलाई हाँसोमा उडाउनु उनको बानी थियो।

स्नातक तह उत्तीर्ण भएपछि शोभित जागिरको खोजीमा लागे। हरेकपटकको लिखित परीक्षा उनले सहजै उत्तीर्ण गरे पनि अन्तर्वार्तामा पुगेपछि उनी छनोट हुन सकेनन्। उनलाई लाग्थ्यो, आफ्नो राम्रो अंकका कारण जागिर सजिलै पाइन्छ, तर त्यस्तो भएन। बारम्बारको प्रयासपछि पनि आफ्नो घमन्डकै कारण उनी सफल भएनन्। तैपनि, उनलाई आफ्नो बानी सुधार्ने चेत पलाएन।

एक दिन बाटामा उनले आफ्नो स्कुलका पुराना शिक्षकलाई भेटे। शोभित उनका कुरा मान्थे। शिक्षकले पनि उनलाई माया गर्थे। कुराकानीको सिलसिलामा शोभितले आफ्नो समस्या बताए। शिक्षक शोभितको बानीबाट परिचित थिए। त्यसैले, उनले शोभितलाई आफ्नो घर बोलाए। अर्को दिन शोभित शिक्षकको घर पुगे। शिक्षक खाना बनाउँदै थिए। कुराकानी चल्दै गर्दा शिक्षकले भने– शोभित, किचनमा गएर भात पाक्यो कि पाकेन, हेरेर आऊ त ! शोभित भित्र गए र भित्रैबाट भने– सर भात पाकेछ, म ग्यास बन्द गरिदिन्छु। शिक्षकले सहमति जनाए। शोभित बाहिर आइसकेपछि शिक्षकले प्रश्न गरे– तिमीले भात पाकिसकेछ भनेर कसरी थाहा पायौ ? शोभितले भने– मैले चामलको एक दाना हातमा लिएर हेर्ँे, त्यो पाकिसकेको थियो। त्यसको मतलब बाँकी पनि पाकिसकेको थियो।

शिक्षकले गम्भीर हुँदै भने– यो नै तिमी असफल हुनुको मुख्य कारण हो। चामलको एक दाना हेरेर तिमीले बाँकी चामल पाकेको अनुमान गरे पनि बाँकी चामल नपाकेको पनि हुन सक्छ। खाने वेलामा मात्र त्यो थाहा हुन्छ।

ठिक यसैगरी मानिस पनि अनेकौं गुणले बनेको हुन्छ। पढाइलेखाइमा राम्रो हुनु तीमध्ये एउटा गुण हो। यसका अतिरिक्त पनि राम्रो व्यवहार, ठुलालाई सम्मान गर्नु, सानालाई माया गर्नु, सकारात्मक दृष्टिकोण राख्नु आदि पनि मानिसकै गुण हुन्। तिमीमा पनि त्यही एउटा गुण त थियो, तर बाँकी गुण नहुँदा तिमी अन्तर्वार्तामा असफल भयौ। शिक्षकका कुराले शोभितका आँखा खुले।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

यो कस्तो मानसिकता हो ?

एसिया प्यासिफिक क्षेत्रको महिला र युवा फोरमको खाली सिटमा महिला फोरममा एमालेकी डा. अन्जान शाक्य र युवा फोरममा रास्वपाकी सोविता गौतमलाई उम्मेदवारी दिन लगाउने संसद् सचिवालयको तयारी थियो। तर, प्रधानमन्त्रीले देशको बजेटले नधान्ने भन्दै महिला फोरममा एमालेकी अन्जान शाक्यलाई मात्र उम्मेदवारी दिन लगाउने खबर नयाँ पत्रिकामा पढ्दा साह्रै दुःख लाग्यो। देशको बजेट पनि आफ्नो पार्टीको सांसदलाई भए धान्ने अनि विपक्षी सांसदलाई भए नधान्ने भन्ने हुन्छ र ? सुन्दै हाँसो अनि दिक्क लाग्ने यस्तो संकीर्ण मानसिकता बोकेका नेतृत्वबाट देशले के आशा गर्ने ? रास्वपाका सांसदले उठाउने आवाज के यो देशका सम्पूर्ण युवाका लागि हुन्नथ्यो र ?

● **कुवेर श्रेष्ठ**, काठमाडौं
kuberstha97@gmail.com

भ्रष्टाचारीलाई कारबाही गर

'हुँदै नभएका 'शिक्षक'लाई खुवाए तलब' शीर्षकको समाचार पढ्दा अचम्म लाग्यो। जुन विद्यालयमा कुनै शिक्षक छँदै छैन भने उसका नाममा कसैलाई कसरी तलब, भत्ता तथा सुविधा दिलाउनुजस्तो ठुलो भ्रष्टाचार अर्को के नै हुन सक्ला र विद्यालय तहमा ? यस्तो भ्रष्टाचार गर्ने भ्रष्टाचारीहरू देशमा अरू पनि धेरै हुन सक्छन्, तिनको खोजी गरी कारबाही गरियोस्। अन्यथा, देशलाई खोक्रो बनाउने यिनै धमिराले हो। सरोकारवाला निकायको ध्यान यता जाओस्।

● **सपना परियार**
चिप्लेढुंगा, पोखरा

कर्मचारी जिम्मेवार बन

'निर्णय नगरेर हानि पुऱ्याउने कर्मचारीलाई पनि भ्रष्टाचार मुद्दा' शीर्षकको समाचार पढियो। जिम्मेवार बन्नुपर्ने कर्मचारी गैरजिम्मेवार बन्ने प्रवृत्तिमाथि नयाँ बन्न लागेको भ्रष्टाचार निवारण ऐनले रोक लगाउन खोजेको देखियो। यसले अबका दिनमा कर्मचारीलाई जिम्मेवार बन्न बाध्य पार्न सक्छ। अब निर्णय गर्ने जिम्मेवारीमा रहेर पनि निर्णय पन्छाउने, मन्त्रिपरिषद्बाट निर्णय गराएर नीतिगत निर्णयको जामा पहिऱ्याउने कर्मचारी नेतृत्वको प्रवृत्तिमाथि यसले रोक लगाए समयमै प्रभावकारी निर्णय हुने अवस्था आउन सक्छ।

● **भोजराज सिलवाल**
कलंकी, काठमाडौं

कुलमानको विरोध किन ऊर्जामन्त्रीज्यू ?

ऊर्जामन्त्री दीपक खड्काले विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई असफल बनाउन गति छाडेर दौडधुप गरेको देख्दा अचम्म लाग्छ। मन्त्रीज्यू तपाईं आफू केही गर्न नसक्ने, अनि अरूले गरेको पनि देखि नसहने ? यो के पारा हो तपाईंको ? सकिन्छ, राम्रो गरौं सकिँदैन नराम्रो नगरौं। तपाईंले जति असफल बनाउन खोजे पनि जनताको नजरमा कुलमान प्राधिकरणका सफल कार्यकारी निर्देशक हुन्।

तपाईंहरूकै फोहोरी राजनीतिले अधिकांश सरकारी संस्थान डुबेर चलाउनै नसक्ने अवस्थामा पुऱ्याएर निजी क्षेत्रलाई बेचिसक्नुभयो। त्यतिले नपुगेर अब तपाईंहरू प्राधिकरणलाई पनि सिध्याउने षड्यन्त्र गर्दै हुनुहुन्छ। देशको हितमा काम गर्ने व्यक्तिलाई हतोत्साही गर्न तपाईंहरूलाई लाज लाग्दैन मन्त्रीज्यू ? आखिर कुलमानले के बिगारेका छन् र तपाईं उनलाई हटाउन न्वारनदेखिकै बल लगाउँदै हुनुहुन्छ ? के जनतालाई उज्यालो दिएर लोडसेडिङ हटाउनु उनको गल्ती हो ? घाटामा रहेको प्राधिकरणलाई अर्बौंको सञ्चित नाफामा पुऱ्याउनु कुलमानको अपराध हो ? कि तपाईंहरूलाई जेनेटरबाट आउने अर्बौं कमिसन आएन भनेर उनीप्रति आक्रोश पोख्नुभएको हो ?

उनलाई हटाएर फेरि त्यही कमिसनको खेल खेल्न तपाईंलाई जनताले कदापि छुट दिनेछैनन्। अर्बौं घाटामा गएको प्राधिकरणलाई अर्बौं नाफामा ल्याउन, दैनिक १८ घण्टासम्म लोडसेडिङको मारमा परेका जनतालाई लोडसेडिङमुक्त गराउने कार्यकारी निर्देशकको कार्यसम्पादन मूल्यांकनमा शून्य अंक दिन लगाएको पनि हामी जनताले हिसाबकिताब राखिरहेका छौं है मन्त्रीज्यू !

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

क्रान्तिकारी चलचित्र बन्न सक्थ्यो 'छावा'

छावामा 'उत्तरदायी शासनको माग गर्ने क्रान्तिकारी चेतना'लाई 'हिन्दु राष्ट्रको पुनरुत्थान र शक्तिशाली, गैरजवाफदेही सरकारको स्थापना'तर्फ मोडिएको छ



देश / विदेश

● शाहरुख आलम

चलचित्र 'छावा'ले १७औं शताब्दीको अन्त्यतिर एक शक्तिशाली साम्राज्यविरुद्ध मराठाको आत्मनिर्णयको संघर्षको कथालाई चित्रण गर्छ। वास्तवमा यो आश्चर्यको विषय हो किनभने आधुनिक लोकतान्त्रिक राष्ट्र पनि आत्मनिर्णयका दाबीलाई प्रायः विखण्डनवादी मानिन्छ र यिनले ती दाबीलाई सहानुभूति देखाएर हेर्दैनन्। सामान्यतया आत्मनिर्णयसम्बन्धी आन्दोलनमाथि कडा दमन गरिन्छ, राज्यले हिंसात्मक बल प्रयोग गर्छ र राष्ट्रवादी भावनाले त्यसलाई समर्थन गर्छन्। वास्तवमा टाढाका भूमिसँग सम्बन्धित मामिलामा समेत हामी उत्पीडितप्रति ऐक्यबद्धता देखाउन सकिरहेका छैनौं। हामी कुनै क्रान्तिकारीलाई समर्थन गर्दैनौं, न त उपनिवेशपछि उदाएका संघर्षप्रति नै विशेष रुचि देखाउँछौं।

हामी हाम्रा मित्रराष्ट्रको साम्राज्यवादी प्रवृत्तिलाई आवश्यक आलोचनात्मक दृष्टिले हेर्दैनौं। हामी भूमि अखण्डताको सवालमा कठोर छौं र विरोधप्रति सशंकित छौं। हामी प्रायः केन्द्रीकृत, अधिनायकवादी नीति-निर्माणले सफलता ल्याउँछ भन्ने तर्क गर्छौं। हामी एक शक्तिशाली एवं अधिनायकवादी राज्यलाई मन पराउन थालेका छौं। हामी खुसीसाथ 'राष्ट्रविरोधी'लाई गोली हानेर मार्न वा कम्तीमा पनि अदालतको प्रक्रियाविनै जेल हाल्न सहमत हुन्छौं। तर मराठा जनताले मुगल साम्राज्यलाई दिएको चुनौती, तिनका राजाको वीरता र त्यसको प्रत्युत्तरस्वरूप साम्राज्यले देखाएको क्रूरताले भने जनसाधारणलाई गहिरो रूपमा प्रभावित गरेको छ। यहाँ एक धुत्याइँ देखिन्छ। 'छावा'को सन्दर्भ दोस्रो मराठा राजा सम्भाजीप्रति सम्बन्धित छ जो मुगल साम्राज्यविरुद्ध विद्रोही नायक थिए। उनका पिता शिवाजीले मुगलविरुद्ध विद्रोह गर्दै मराठा सरदारलाई एकत्रित गरेर एउटा महासंघ निर्माण गरेका थिए।

तर चलचित्रको कथा सम्भाजीको साम्राज्यविरोधी संघर्षलाई ज्योतिराव फुलेले भन्ने गरेको सामाजिक रूपमा उत्पीडितको मुक्तिदाताका रूपमा प्रस्तुत गर्दैन। बरु चलचित्रले उनलाई 'धर्मवीर' अर्थात् एक हिन्दु राजा जो इस्लामिक साम्राज्यविरुद्ध पवित्र युद्ध लडिरहेका थिए भन्ने रूपमा चित्रण गर्छ। 'पवित्र युद्ध'को अवधारणा सम्भवतः क्रुसेड (नवौंदेखि ११औं शताब्दीसम्ममा इसाई र मुसलमानबिचको धर्मयुद्ध)बाट उधारो लिएको देखिन्छ। फिल्मको लम्बेतान क्लाइमेक्समा सम्भाजीलाई मुगल सेनाले क्रूरतापूर्वक यातना दिएको देखाइन्छ जुन मेल गिब्सनको 'द प्यासन अफ द क्राइस्ट'को क्लाइमेक्ससँग मिल्दोजुल्दो लाग्छ।

'छावा'ले पनि दर्शकलाई भावनात्मक आवेगमा ल्याएर हिन्दु राष्ट्र निर्माणको सन्देश दिन्छ। उसो त बालबालिकालाई निषेधित प्रमाणपत्र दिइएको भए पनि तिनलाई यो प्रोपोगान्डामा तानिएको छ। 'उत्तरदायी शासनको माग गर्ने क्रान्तिकारी चेतना'लाई 'हिन्दु राष्ट्रको पुनरुत्थान र शक्तिशाली, गैरजवाफदेही सरकार स्थापना'तर्फ मोडिएको छ। 'पवित्र युद्ध'को अवधारणा संकीर्ण सोचको उपज हो। यसलाई इस्लामवादी समूहले पनि मध्यपूर्वमा पश्चिमी वा क्षेत्रीय साम्राज्यवादविरुद्ध वा कस्मिरमा आन्दोलनलाई संगठित गर्न प्रयोग गरेका छन्। हरेक कथाका बहुमुखी पाटा हुन्छन्। कला र प्रोपगान्डाबिचको फरक के हो ? कलाले नयाँ कल्पनाको ढोका खोल्छ जबकि प्रोपगान्डाले अन्य सबै प्रश्नलाई बन्द गर्छ र एउटा मात्रै सत्य स्थापित गर्न खोज्छ।

यो चलचित्रमा सम्भाजीलाई आलोचनाभन्दा पर राखिएको छ र औरंगजेबलाई सुधार गर्ने नसकिने खलनायक बनाइएको छ। सम्भाजीको चरित्रलाई अझ जटिल र बहुआयामिक बनाउन सकिने ठाउँ थियो तर चलचित्रले यस्ता वैकल्पिक व्याख्यालाई पूर्ण रूपमा नकारेको छ। आजकाल यस्ता फरक दृष्टिकोण राख्न खोज्नु भावनामा चोट पुऱ्याउनुको आरोपमा आफैंमाथि मुद्दा निम्त्याउने कारण बन्न सक्छ। 'छावा' हेरिरहँदा विभिन्न विचार दिमागमा आएका


तस्बिर : द वायर

थिए। फिल्म क्रान्तिकारी संघर्षमा हुने हिंसाको विषयमा एक गम्भीर विमर्श बन्न सक्थ्यो। सम्भाजीले बुरहानपुरमाथि गरेको आक्रमण (जसका लागि उनलाई 'बुरहानपुरका जनताविरुद्ध अपराध' गरेको आरोपमा मृत्युदण्ड सुनाइयो), गोवामा पोर्तुगालीमाथि देखाएको अत्याचार, वा मुगलसँग साँठगाँठ गरेको आशंकामा आफ्नै मराठा सरदारलाई मृत्युदण्ड दिएका घटना फिल्ममा समावेश गर्न सकिन्थ्यो। तर, फिल्मले यी सबै सन्दर्भ हटाएर 'औरंगजेबका सन्तान' (आजका भारतीय मुस्लिम)प्रति क्रोध मात्र उत्पन्न गराएको छ। तर, औरंगजेबको साम्राज्यभित्र विभिन्न क्षेत्रीय राजा र समुदायको भूमिका जटिल थियो।


- राजपुत मुगल दरबारको केन्द्रमै थिए र यी मुगल साम्राज्यसँग नजिक थिए।
- मिर्जा राजा जयसिंहले छत्रपति शिवाजीलाई पराजित गरी पुरन्दरको सन्धि गर्न बाध्य पारेका थिए।
- बिजापुरका आदिल शाह र गोलकुण्डाका कुतुब शाही मराठासँग मिलेर मुगलविरुद्ध लड्न चाहन्थे, तर पछि उनीहरू नै मराठाको तारो बनेका थिए।

त्यसैले मराठा साम्राज्यप्रति समर्थन धार्मिक आधारमा मात्र नभई तत्कालीन समयको शक्ति सम्बन्धका आधारमा पनि निर्भर थियो। अहिले पनि यस्तै छ। मानिस प्रायः आफ्नो विशेषाधिकार र सत्तासँगको सम्बन्धअनुसार असहमतिको समर्थन वा विरोध गर्छन्। जोजति सत्ताको नजिक हुन्छ, उसलाई असहमति त्यति राष्ट्रविरोधी गतिविधिजस्तो लाग्छ। र, सत्ताको प्रवृत्ति सधैं उस्तै रहन्छ। चलचित्रको अन्तिमतिर सम्भाजीलाई पन्क्रेर कैद गरिन्छ। त्यहाँ उनलाई सम्राट् औरंगजेबसँग साक्षात्कार गराइन्छ। एक घाइते स्वतन्त्रता लडाकु सम्मानपूर्वक सम्राट्लाई हेरिरहेको छ। ऊ आफ्नो सिद्धान्तमा अडिग देखिन्छ। आज संवैधानिक व्यवस्था भएका मुलुकका अदालतमा समेत असहमतिको आवाजलाई यति सम्मानजनक स्थान दिइन्न। कुनै राजनीतिक बन्दीले आफ्नो पक्षमा कुरा राख्न पाउनु त परै जाओस्, उसको कथामै तोडमरोड गरिन्छ। आधुनिक राज्यले पनि सत्ताविरोधीलाई बेपत्ता पार्ने, यातना दिने र भाष्यलाई यति कुशलतापूर्वक मोड्ने कला जान्दछन्, जसले विद्रोहीको भाष्य मौन हुन्छ। थप खतरनाक के छ भने विद्रोहीकै भाष्यलाई विकृत पारेर उपयोग गरिन्छ। राज्यले राष्ट्रवाद र सुरक्षासम्बन्धी शब्द प्रयोग गरी आन्दोलनकारीलाई आतंककारी र कविहरूलाई अपराधी बनाउँछ। र, क्रूर सत्ताको चरित्र धेरै वर्षदेखि उस्तै छ।

(आलम दिल्लीमा आधारित अधिवक्ता हुन्)
द वायरबाट

के हुथीहरूको 'खेल' समाप्त भएकै हो ?

यमनको राजनीतिक तथा सैन्य संगठन हुथीका वरिष्ठ नेतालाई सखाप पार्ने र सैन्य पूर्वाधारलाई ध्वस्त पार्ने अमेरिकी उद्देश्य



● बुर्कु ओजसेलिक



● बरा सिवान

लेखकद्वय ब्रिटिस प्रतिरक्षा थिंकट्यांक 'रोयल युनाइटेड सर्भिसेज इन्स्टिच्युट'मा आबद्ध छन् ।



अक्टोबर ७, २०२३ मा इजरायलमाथि हमासको आक्रमणपछि जवाफी इजरायली आक्रमणमा इरान-समर्थित 'प्रोक्सीहरू'- हमास र हिजबुल्लाह उल्लेख्य रूपमा कमजोर भएका छन् । तर, अझै पनि अर्को इरानी प्रोक्सी हुथी समूह तुलनात्मक रूपमा सबल छ । इजरायलले गाजामाथि आक्रमण गरिन्जेल हुथीले लाल सागरबाट हुने ढुवानीलाई निसाना बनायो । जनवरीमा इजरायल र हमासबिच युद्धविराम र बन्धक सम्झौताको घोषणापछि मात्र उसले आक्रमण रोकेको थियो । त्यतिबेला उसले गाजामाथि कारबाही भए पुनः आक्रमण सुरु गर्ने चेतावनी दिएको थियो ।

नभन्दै इजरायलले गाजामा मानवीय सहायता प्रवेश गर्न रोक लगाएको प्रतिक्रियामा मार्च ११ मा हुथी समूहले लाल सागरमा आक्रमण पुनः सुरु गर्ने घोषणा गऱ्यो । पछिल्लो समय अमेरिकाले यो समूहमाथि तीव्र हवाई आक्रमणको निसाना बनाइरहेको छ । यसअघि अमेरिकाले हुथीका निश्चित निसानामा मात्र आक्रमण गर्ने नीति लिएको थियो । ट्रम्पको नेतृत्वमा यस नीतिमा परिवर्तन आएको छ । अहिले यमनको निकै फराकिलो क्षेत्रमा व्यापक बमबारी गरिएको छ । बमबारीको उद्देश्य हुथी समूहलाई नियन्त्रणमा राख्नेभन्दा पनि उसको क्षमता कमजोर बनाउनु रहेको छ । सैन्य सामर्थ्यका अतिरिक्त राजनीतिक नेतृत्वलाई समेत निसाना बनाउने निर्णयले हुथीहरूले लाल सागरमा सिर्जना गरेको तत्कालीन सैन्य खतरा घटाउने मात्र होइन, संगठनात्मक संरचनालाई ध्वस्त पार्ने इच्छालाई संकेत गर्दछ ।

हुथी समूह अर्को हिजबुल्लाह बन्ला ?

हुथी एक सशस्त्र समूह मात्र होइन । यसले विद्रोही आन्दोलनको रूपमा यमनको युद्ध अर्थतन्त्रको नेतृत्व गर्छ, जहाँ उनीहरूले इन्धनदेखि चुरोटसम्मका वस्तुहरूको अवैध तस्करीबाट नाफा कमाइरहेका छन् । सँगसँगै उसले राजधानी साना र त्यसवरपरको उत्तरी यमनमा पकड बनाएकाले त्यहाँ राज्य संयन्त्रको पनि अभ्यास गर्छ । शासन संयन्त्रमाथिको पकडका कारण उसले राज्य संयन्त्रले उठाउने कर राजस्वको पनि सुविधा उपभोग गरिरहेको छ ।

अमेरिकी सैन्य आक्रमण लामो समय चल्यो भने यमनको बन्दरगाह र तस्करी सञ्जालमाथिको हुथीहरूको पकडलाई कमजोर बनाउन सक्छ । यही पकडमार्फत उसले अवैध सामानको व्यापार र दोहोरो काममा प्रयोग हुने उपकरण सहजै खरिद गर्दै आएको छ । केही वर्षदेखि हिजबुल्लाह र इरानको 'इस्लामिक रिभोलुस्नरी गार्ड कोर्प्स (आआरजिसी)'ले हुथीहरूलाई प्राविधिक तालिम र गुप्तचर साझेदारी प्रदान गरिरहेको सूचना छन् । डिसेम्बरमा सिरियामा बसर अल-असदको सत्ता ढलेपछि पूर्वी लेबनान र सिरियामा रहेका हिजबुल्लाह कमान्डर तथा लडाकु यमनको हुथी-नियन्त्रित क्षेत्रहरूमा आउने क्रम बढेको देखाएको छ । हिजबुल्लाह र हमास रणनीतिक रूपमा खस्केकाले यमनतर्फको आवागमन बढेको हो ।

हिजबुल्लाहको रक्षात्मक र आक्रामक क्षमतामा गिरावट आएपछि इरान समर्थित समूहहरू(प्रोक्सी)मध्ये हुथी अहिले सबैभन्दा उच्च क्षमतावान् र पैसा भएको गैरराज्य सशस्त्र समूहको रूपमा देखापरेको छ । इरानबाहेक हुथीहरूले अलग रूपमा अल-कायदाको सोमाली शाखा 'अल-सबाब' र अरबी प्रायद्वीपमा अल-कायदासँग सहकार्य गर्छ । अहिले भइरहेको तीव्र अमेरिकी आक्रमणले यस क्षेत्रभरि कायम सशस्त्र समूहको एकताको परीक्षा लिनेछ ।

पछि हट्ने र शक्ति हासिल गर्ने ?

हिजबुल्लाह आफ्नो सैन्य क्षमता पुनर्निर्माण गर्न पछि हटेको वेला हुथीहरू इजरायलविरुद्ध सैन्य कारबाहीमा उत्रिने गरी आत्मविश्वासी देखिएका छन् । हुथीहरूले अहिले कुनै समय हिजबुल्लाहले खेल्ने गरेको भूमिका खोजिरहेका छन् । सँगसँगै हुथीहरूले इराकमा आफ्नो उपस्थिति बढाएका छन् । बगदादमा समूहको ब्युरो नै छ भने अन्य सहर किर्कुक र दक्षिणी इराकमा पनि यसका साना शाखा कार्यालय छन् । हुथीहरूले आफ्ना केही कारबाही यमनबाट इराकमा स्थानान्तरण गरेका छन् । इरानी हितका खातिर सञ्चालित हुने इराकी वित्तीय प्रणालीबाट फाइदा लिन तिनले कैयौं 'सेल' कम्पनीसमेत खोलेका छन् ।

इरानले ड्रोन र ब्यालिस्टिक क्षेप्यास्त्र विकासमा हुथीहरूलाई मद्दत गरेको छ । तेहरानले समूहलाई एक बहुमूल्य सहयोगीको रूपमा हेर्छ । हिजबुल्लाह, हमास र असद शासनमाथि अर्बौं डलर खर्च गरेर पनि उचित नतिजा नआएको भए पनि इरानी सरकार हुथीहरूको क्षमता वृद्धिमा संलग्न हुन पछि हट्नेछैन । छोटो अवधिमा, हुथीहरू एक बलियो समूहका रूपमा अगाडि आएका छन् । यदि उनीहरूले बलियो सैन्य दबाबको सामना गरेनन् भने उनीहरू लामो समय टिक्न सक्छन् । तर, ट्रम्प प्रशासनमा यो कुरा परिवर्तन हुन सक्छ ।

यमनमा सुरु गरेको सैन्य अभियानमा ट्रम्प प्रशासन कति टाढा जान इच्छुक छ भन्ने कुरा स्पष्ट छैन । हुथीले गर्ने आक्रमण मुख्यतः समुद्री जहाजमा केन्द्रित भए पनि समस्या मूल रूपमा जमिनसँग जोडिएको छ । यमनको पश्चिमी तटमाथि हुथी नियन्त्रण भएकाले पनि उसका आक्रमण निर्णायक र विध्वंशकारी भइरहेका छन् । अमेरिकाले यमनमा स्थल सेना परिचालन गर्ने सम्भावना नरहेकोमा अधिकांश पर्यवेक्षक सहमत छन् । यसैले गर्दा सैन्य माध्यमबाट मात्र अमेरिकाले कति सफलता हासिल गर्न सक्छ भन्ने कुरा पनि स्पष्ट छैन । यमनको ठुलो भाग र त्यहाँको पहाडी भेगसमेत कब्जामा राखेकाले हुथीहरूले हवाई आक्रमणको क्षतिलाई उल्लेख्य कम गर्न सक्छन् ।

अमेरिकी हमलाले के हासिल गर्न सक्छ ?

मार्चको सुरुमा अमेरिकी विदेश मन्त्रालयले हुथीहरूलाई पुनः विदेशी आतंकवादी संगठनको सूचीमा समावेश गऱ्यो । साथै, हुथीका प्रवक्ता र प्रमुख वार्ताकार मोहम्मद अब्दुलसलामसहित प्रमुख वित्तीय अपरेटरमाथि आर्थिक प्रतिबन्ध लगायो । यमनी तेल संयन्त्रमाथि नियन्त्रण राख्ने अब्दुलसलाम अप्रिल २०२२ को अन्त्यमा ओमानमा सुरु भएको साउदी अधिकारीसँगको वार्तामा समेत संलग्न थिए ।

पछिल्लो हवाई आक्रमणमार्फत अमेरिकाले हुथीको कारण जोखिममा परेका आफ्ना क्षेत्रीय सहयोगीहरूको हित संरक्षण गर्न खोजेको छ । लाल सागरमा हुथीको गतिविधिको सबैभन्दा ठुलो असर इजिप्टमाथि परेको छ । हुथी आक्रमणबाट बच्न अन्तर्राष्ट्रिय जहाजले लाल सागरको रुट पन्छाउँदा गत वर्ष इजिप्ट सो रुटमा पर्ने स्वेज नहरमार्फत कमाउने सात अर्ब डलर राजस्व गुमायो ।

लाल सागर क्षेत्रमा संयुक्त अरब इमिरेट्स(युएई)को सैन्य, व्यावसायिक र आर्थिक हित छन् । साउदी अरब वर्षौंदेखि हुथीसँग युद्धमा छ । युद्ध अन्त्यका लागि कूटनीतिक प्रयास अवरुद्ध भएकाले यसको कुनै अन्त्य देखिएको छैन । गाजामा पछिल्लो समय युद्धविराम लागू भएपछि हुथीहरू लाल सागरमा इजरायली निशाना वा अन्य व्यावसायिक जहाजमा आक्रमण नगर्ने आफ्नो वचनमा अडिग रहे । तर, युद्धविराम सम्झौता धराशायी हुँदै गर्दा हुथीहरू पुनः इजरायलविरुद्ध कठोर हुन थालेका छन् । विगतमा तिनले इजरायलविरुद्ध ड्रोन र ब्यालिस्टिक मिसाइल प्रयोग गर्थे । भलै ती प्रायः सबै इजरायलको प्रतिरक्षा प्रणालीबाट नष्ट हुन्थे ।

अमेरिकाले अहिले हुथीको सैन्य अभियानमा समूहका वरिष्ठ नेताहरूलाई निर्मूल पार्ने र यसको सैन्य पूर्वाधारलाई ध्वस्त पार्ने उद्देश्य राखेको छ । यसले इजरायलमाथि प्रतिशोधात्मक कारबाही गर्ने हुथी क्षमता कमजोर बन्ने वासिंगटनको आशा छ । दोस्रो, अमेरिका यमनमाथि हुथीहरूको पकडलाई पनि कमजोर बनाउन चाहन्छ । हुथी-नियन्त्रित यमन, अमेरिका र मध्यपूर्वका उसका मित्रको हितका लागि जोखिम हो । यमनमा हुथीको पकड बलियो भयो भने इरानले त्यहाँको प्रतिष्ठित तटीय क्षेत्र र रणनीतिक रूपमा महत्त्वपूर्ण 'होदेइदा बन्दरगाह'माथि पहुँच पाउनेछ । यमन र साउदी अरबबिच लामो सिमाना जोडिएकाले यसले सम्भावित रूपमा यमनलाई क्षेत्रीय अस्थिरताको प्रक्षेपण केन्द्र बनाउने अमेरिकाको बुझाइ छ ।

फरेन पोलिसीबाट

इतिहासमा आज

मार्च २४



सन् १८८२ : रोबर्ट कोचले क्षयरोगका लागि जिम्मेवार ब्याक्टेरिया पत्ता लगाए । आधुनिक ब्याक्टेरियोलोजीका पिता मानिने जर्मन वैज्ञानिकले सन् १९०५ मा फिजियोलोजी र मेडिसिनमा नोबेल पुरस्कार जितेका थिए ।

सन् १९६५ : लाखौं मानिसले नासाको अन्तरिक्षयान रेन्जर ९ चन्द्रमामा दुर्घटना भएको अवलोकन गरे । दुर्घटनाबारे अमेरिकी अन्तरिक्ष अनुसन्धानले पृथ्वीमा प्रत्यक्ष तस्बिर पठाएको थियो ।

सन् १९७२ : उत्तरी आयरल्यान्डमाथि बेलायतको प्रत्यक्ष शासन सुरु ।

सन् १९८५ : स्पेनमा नेटोको उपस्थितिको विरोधमा म्याड्रिडमा हजारौंको प्रदर्शन ।

सन् १९८९ : तेल ट्यांकर एक्सन वाल्डेज अलास्कामा दुर्घटना । दुर्घटनामा कम्तीमा दुई लाख ५० हजार समुद्री चरा र अन्य वन्यजन्तु मारिएका थिए ।

सन् १९९९ : इतिहासमै पहिलोपटक नेटोद्वारा सार्वभौमसत्ता सम्पन्न देशमाथि आक्रमण । कोसोभो युद्धको समयमा सैन्य गठबन्धनले संयुक्त राष्ट्रको अनुमतिविना युगोस्लाभियामा बमबारी गऱ्यो ।

विश्वभरका तालमा घट्दै छ अक्सिजनको स्तर

न्यु योर्क/ जलवायु परिवर्तनको दीर्घकालीन तापक्रम र बढ्दो गर्मीको लहरका कारण विश्वभरका तालमा अक्सिजनको स्तर घटेको छ । एक नयाँ अध्ययनले उक्त जानकारी दिएको हो । अन्वेषकहरूले विगत २० वर्षमा विश्वभरका १५ हजारभन्दा बढी तालमा अक्सिजनको मात्रा घट्दो प्रवृत्ति फेला पारेका छन् । साइन्स एडभान्सेज जर्नलमा प्रकाशित उक्त अध्ययनले विश्वका ८३ प्रतिशत तालको सतहको पानीमा अक्सिजनको मात्रा घट्दै गएको जनाएको छ । साथै, समुद्र र नदी दुवैको तुलनामा तालमा अक्सिजन घट्ने औसत दर बढी रहेको देखाएको छ । अध्ययनले गर्मीको लहरले अक्सिजनको कमीमा द्रुत र स्पष्ट प्रभाव पारेको देखाएको छ, जसले गर्दा औसत तापक्रमभन्दा कम अवस्थाको तुलनामा ७.७ प्रतिशतले कमी आउँछ । लेखकहरूले यसको मुख्य कारण जलवायु परिवर्तन भएको बताएका छन्, जसले अक्सिजनको घुलनशीलता ५५ प्रतिशत घटाएको छ ।

आन्तरिक सजावट र निर्माण कार्यका लागि शिलबन्दी बोलपत्र आव्हानको सूचना

यस बैंकको तपसिल बमोजिम शाखा कार्यालय सञ्चालनका लागि आन्तरिक सजावट र निर्माण कार्य गर्नुपर्ने भएकोले सिभिल, इन्टेरियर, फर्निचर, इलेक्ट्रिकल र सेनिटरी सम्बन्धी कार्यमा अनुभव प्राप्त ईच्छुक फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (प्रस्ताव पेश गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सो लगतै कार्यालय खुलेको दिन) को साँझ ५:३० बजे भित्र यस विकास बैंकको सामान्य सेवा विभाग, केन्द्रीय कार्यालय, कमलपोखरी काठमाडौंमा प्राप्त हुने गरी शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

अन्य विस्तृत विवरणका लागि तलको QR स्क्यान गर्नुहोस ।

क्र.सं.	जिल्ला	स्थान	क्षेत्रफल
१.	काठमाडौं	ठमेल	करीब २४०० ब.फि.

प्राप्त प्रस्ताव कुनै पनि कारण दर्शाई वा नदर्शाई स्विकृत गर्ने वा नगर्ने वा स्विकृत प्रस्ताव उपर पुनः सौदाबाजी एवं वार्ता गर्ने अधिकार बैंकमा सुरक्षित रहनेछ । यस सम्बन्धी पत्राचार उपर कुनै कारवाही गरिने छैन ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय:
का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

द.नं.: ३३/०५०/०५८ "आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं ।" स्था.ले.नं.: ३००३२८६८०

बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधरचौक, मध्यपुर थिमि-४, भक्तपुर,फोन नं.: ९७७-०१-५०९३३२३, ५०९३४५५
ईमेल : basic@mail.com.np, वेबसाइट: www.balkumarisaccos.com

यस संस्थामा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी ३५ (पैतिस) दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८१।१२।११

यस सहकारी संस्थाबाट सुरक्षण बापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणी सदस्यले बिभिन्न मितिमा बिभिन्न कर्जा शिर्षक अन्तरगत लिनु भएको कर्जाको साँवा ब्याज तथा ढिलो बुझाए बापत लाग्ने हर्जना नतिरि नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लघन गर्नु भएकोमा यस संस्थाबाट सो कर्जा, त्यसको ब्याज र हर्जाना चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गरी मिति २०८१।०३।३१ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणीलाई कर्जा तिर्न/बुझाउन आउने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा तिर्न बुझाउन कुनै कदम नचाल्नु भएको तथा संस्थाको सम्पर्कमा समेत नआउनु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थाको लेना दिएको सम्पूर्ण रकम बुझाउन आउनु हुन कर्जाको ऋणी तथा धन जमानी समेतलाई अनुरोध गरिएको छ । उपरोक्त अनुसारको मितिमा समेत सो सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्न नआउनु भएकोमा सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को नियम ३० र बागमती प्रदेश सहकारी ऐन २०७६ को दफा ६४, बागमती प्रदेश सहकारी नियमावली २०७६ को दफा १९ ले तोके बमोजिमको कार्यविधि अवलम्बन गरी सो कर्जा लिँदा संस्थालाई धितो लेखिदिएको घर/जग्गा लिलाम बिक्री गरी सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा यसै सार्वजनिक सूचनाबाट जानकारी गराईन्छ । यदि सो कर्जा उपरोक्त अनुसारको मितिमा चुक्ता भुक्तानी नगरेमा ३६ औं दिनका दिन तथा सो दिन बिदा परे कार्यालय खुलेको पहिलो दिन लिलाम डाक बढाबढबाट सो घर/जग्गा बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने र ऋणीको धितो लिलाम बिक्री गर्दा समेत संस्थाले लेना रकमको साँवा ब्याज र हर्जाना संस्थालाई नबुझाए वा अपुग भएमा ऋणीको अन्य सम्पत्ति तथा ऋणीका एकाघरका परिवारका सदस्यको नाममा रहेका/भएका चल अचल सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सर्वसाधारण सबैलाई जानकारी गराईन्छ । यसै सूचनालाई आधारमानी सो घर जग्गा लिलाम बढाबढबाट खरिद गरी लिने इच्छुक सर्वसाधारण/संस्थालाई समेत यो सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको बिबरण	फोटो	धितो बिवरण
१.	कर्जा नं.: ००१L७०००२९४ नाम : रिता थापा ससुरा : हरि बहादुर थापा पती : बिनोद थापा ठेगाना : साविक दुवाकोट-७, हाल चाँगुनारायण न.पा. वडा नं. १, भक्तपुर ।		भक्तपुर जिल्ला साविक दुवाकोट गा.वि.स वडा ७(ख) को कि.नं. ७५३ क्षेत्रफल ०-६-०-० जग्गा र सो जग्गामा बनेको घर समेत ।
जमानीकर्ताको नाम : बिनोद थापा, बाजेको नाम : दल बहादुर थापा, बाबुको नाम : हरि बहादुर थापा			

१) धितो लिलाम बढाबढमा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले कबुल गरेको अंकको १०% प्रतिशत हुने रकम धरौटी बापत तुरुन्त लिलाम बढाबढ गरेकै बखतमा यस संस्थामा जम्मा गर्नु पर्नेछ । तर सूचनामा उल्लेख गरिएका ऋणीका घर/जग्गा पन्चकृत मूल्य निर्धारण गरी लिलाम बिक्री गरिनेछ ।
२) लिलाम बढाबढमा भाग लिने व्यक्ति/संस्थाले स्वीकृत पत्र पाएको मितिले ७ दिन भित्र बाँकी रकम बुझाई नामसारी गर्नु पर्नेछ । नामसारी गरि नलिएमा धरौटी बापत रहेको १०% प्रतिशत रकम स्वतः जफत हुनेछ ।
३) तोकेको दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै सरकारी कार्यालय खोलिएको पहिलो दिनमा लिलाम बढाबढ गरिनेछ ।
४) लिलाम बढाबढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्ति वा संस्थालाई लिलाम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थालाई सुरक्षित रहनेछ ।
५) लिलाम बिक्री हुने घर जग्गा एवं सो सम्बन्धी कागजात हेर्न चाहनु हुने महानुभावहरूले यस संस्थाको कार्यालयबाट कार्यालय समय भित्र जानकारी लिन सक्नेछ ।
६) सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम, कर्जा लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नु पर्ने माथि उल्लेखित घर जग्गा लिलाम बिक्री गर्दा कसैले नसकारेमा संस्थाले उक्त धितोमा रहेको घर जग्गाको स्वामित्व आफूमा लिन सक्नेछ ।
७) लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरू ऋणी स्वयम्ले व्यहोर्नु पर्नेछ । धितो नामसारी दा.खा. गर्दा लागेको खर्च लिलाम सकार गर्नेले व्यहोर्नु पर्नेछ ।
८) संस्थामा सुरक्षणमा रहेको धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा निजको एकाघर परिवारको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ ।
९) लिलाम बढाबढ यस संस्थाको कार्यालयमा मिति २०८२ बैशाख १५ गते दिनको १०:०० बजेदेखि दिनको ४:०० बजेसम्म हुनेछ ।

Invitation for Bids

Notice No: 08/081/82
Date of publication: **2081/12/10 (2025-03-23)**

1. ***Urban Development and Building office, Hetauda, Makawanpur, Bagamati Province*** invites electronic bids from eligible and registered bidders for the procurement of following works under NCB.

S.N	Contract ID No.	Description of Works	Estimated Amount (NRs.)	Bid Security Amount (NRs.)
1	UDBO/MAK/NCB/ WORKS/2081/82-43	Asphalt Concreting works at road section from Dillipur Saanukholchi to Dalechowk, Manahari-05, Makawanpur	96,60,664.23/-	2,65,000.00/-
2	UDBO/MAK/NCB/ WORKS/2081/82-44	Supply, Construction, Installation and Commissioning of 16m High Mast Lighting Pole at different road intersections of Rapti and Khairahani Municipality, Chitwan	57,98,091.26/-	1,60,000.00/-
3	UDBO/MAK/NCB/ WORKS/2081/82-45	Construction of asphalt concrete and other road improvement works at Khairahani municipality wards 04, 10 , Chitwan.	9,279,155.26	2,65,000.00/-
4	UDBO/MAK/NCB/ WORKS/2081/82-46	Construction of R.C.C Slab, asphalt concrete and other road improvement works at Bharatpur metropolitan city wards 15, 29 Chitwan.	4,832,832.33	1,40,000.00/-
5	UDBO/MAK/NCB/ WORKS/2081/82-47	Smart light installation at Padam Sundar Marga and Sundar Sangam Khel Maidan Bharatpur-14, Chitwan	19,33,294.60	55,000.00/-
6	UDBO/MAK/NCB/ WORKS/2081/82-48	Construction and maintenance of Community Building at different places of Bharatpur-12,15 and 2, chitwan	7,246,614.87	2,10,000.00/-
7	UDBO/MAK/NCB/ WORKS/2081/82-49	Construction of Ladies Barrack of National Investigation Department Intelligence Academy, Hetauda-2, Makawanpur	72,49,938.67/-	2,00,000.00/-
8	UDBO/MAK/NCB/ WORKS/2081/82-50	Overlaying works at road section from Sangam Chowk to Manas Chowk, Hetauda-02, Makawanpur	28,98,766.77/-	80,000.00/-
9	UDBO/MAK/NCB/ WORKS/2081/82-51	Sahari Bikas Tatha Bhavan Karyalaya Parisar Utarpatti Kholsima Retaining Wall Nirman Hetauda, Makawanpur	57,96,122.35/-	1,60,000.00/-
10	UDBO/MAK/NCB/ WORKS/2081/82-52	Adhuro Saamudayik Sadbhav Prawardhan Kendrako Bhawan Nirman, Hetauda-11	57,96,142.46/-	1,60,000.00/-

2. Bids must be submitted through PPMO's e-GP system ***https://www.bolpatra.gov.np/egp*** on or before 12:00Noon; on **(2082/01/09) (2025-04-22)** Eligible bidders may obtain further information at **Urban Development and Building office, Makawanpur.**

Office Chief

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction

Office of Federal Urban Development and Building Construction

Babarmahal, Kathmandu

Invitation for Bids

Date of publication: 2081/12/11

Office of Federal Urban Development and Building Construction (FUDBC), Kathmandu invites electronic bids from eligible bidders for the following work under NCB Single Stage Single Envelope for S.N. 1 to2 & Single Stage Double Envelope for S.N. 3 to 4 bidding procedure. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

S. N	Contract No.	Name of Project	Total Estimate (Including PS and VAT) NRs.	Bid Document Fee NRs.	Bid Security NRs.
1	FUDBC/KTM/BAS/NCB/ WORKS-160/081/82	Construction of assembly hall in Lalitpur Metropolition city -25, Lalitpur	9657428.58	3000	242000
2	FUDBC/KTM/BAS/NCB/ WORKS-161/081/82	Upgrading of Road and drain in KMC Kalanki-Syuchatar- Bhimdhunga- Chhatredeurali-Dhading road section in Kathmandu	9657620.58	3000	242000
3	FUDBC/KTM/BAS/NCB/ WORKS-162/081/82	Upgrading of Dharapani Patab kundeshwar Ganeshman Singh Lokmarga Road in Shankharapur Municipality-02, Kathmandu (Phase-II)	……..	5000	1439000
4	FUDBC/KTM/BAS/NCB/ WORKS-163/081/82	Construction of Bajrayogini Hom Danda Park in Shakarapur Municiplity -08, Kathmandu (Phase-II)	……..	5000	816000

Office Chief

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार ११ चैत ०८१

सार्वजनिक लेखा समितिले थाल्यो ४८ उजुरीमाथि छानबिन

वायुसेवा निगम, सुरक्षित हवाई यात्रालगायत सार्वजनिक क्षेत्रदेखि प्रिमियममा आइपिओ निष्कासन, कौडीको भाउमा स्काउटको जग्गा प्रयोग, टेलिकमको रिचार्ज कार्डमा घोटालासहितको प्रकरण विस्तृत छानबिन हुँदै

अजित अधिकारी/नयाँ पत्रिका

संसद्मा सहभागी प्रमुख दलका सांसदलाई समेटेर सार्वजनिक लेखा समितिले एकैसाथ ४८ सरकारी बेथितिका उजुरीमाथि छानबिन थालेको छ। एमाले, काग्रेस, माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र स्वतन्त्र सांसदसमेत संलग्न गराई सात छुट्टाछुट्टै उपसमितिमार्फत लेखाले छानबिन अघि बढाएको हो।

समिति सचिवालयका अनुसार टेलिकम, दूरसञ्चार र टेलिभिजन क्षेत्रका बेथितिबारेको उजुरी छानबिन गर्न रास्वपा सांसद मनीष झाको संयोजकत्वमा उपसमिति बनाइएको छ। उक्त उपसमितिमा काग्रेस सांसद अर्जुननरसिंह केसी र एमाले सांसद अच्युत मैनाली सदस्य छन्।

त्यस्तै अर्थ मन्त्रालय, गैरकानुनी बिमा र मोबाइल बैंकिङसँग सम्बन्धित उजुरी छानबिनका लागि एमाले सांसदसमेत रहेका पूर्वसञ्चारमन्त्री गोकुल बाँस्कोटाको संयोजकत्वमा काग्रेस सांसद रामकृष्ण यादव र स्वतन्त्र सांसद डा. अमरेश सिंह सदस्य रहेको उपसमिति बनाइएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र परराष्ट्र मन्त्रालयसँग सम्बन्धित उजुरीबारे माओवादी सांसद लेखनाथ दाहाल संयोजक र काग्रेस सांसद मञ्जु खाण तथा एमाले सांसद सराज अहमद फारुकी सदस्य रहेको उपसमितिले छानबिनको जिम्मेवारी पाएको छ।

विद्युत् प्राधिकरण र केन्द्रीय अनुसन्धान ब्युरोबारे समितिमा परेको उजुरी छानबिनका लागि एकीकृत समाजवादीका सांसद प्रेम आले नेतृत्वको माओवादी सांसद अमनलाल मोदी तथा काग्रेस सचेतक श्यामकुमार घिमिरे सदस्य रहेको उपसमिति गठन गरिएको छ। सहकारी, वैदेशिक रोजगार र धितोपत्र बजार बेथितिबारेको उजुरी छानबिनका लागि काग्रेस सांसद सञ्जय गौतम संयोजक तथा एमाले सांसद ज्वालाकुमारी साह र राप्रपा सांसद विक्रम पाण्डे सदस्य रहेको उपसमिति बनाइएको छ।

खेलकुद, नेपाल स्काउट, गुणस्तरहीन बाटो निर्माण र सरकारी जग्गा फिर्ताबारेको उजुरी छानबिन गर्न काग्रेस सांसद देवप्रसाद तिमिल्सिनाको नेतृत्वमा रास्वपा सांसद हरि ढकाल र राप्रपा सांसद तथा पार्टी सभापति राजेन्द्र लिङ्देन सदस्य रहेको उपसमिति बनेको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, ऋसर र सहरी विकास मन्त्रालयसँग सम्बन्धित उजुरी छानबिनका लागि एमाले सांसद तारा लामा तामाङ संयोजकत्वको रास्वपा सांसद असीम शाह र माओवादी सांसद जनार्दन शर्मा सदस्य रहेको उपसमिति बनाइएको छ।



कार्यक्षेत्र : **टेलिकम, दूरसञ्चार र टेलिभिजन**

मनीष झा, संयोजक
अच्युत मैनाली
अर्जुननरसिंह केसी

नेपाल टेलिभिजनको राजस्व चुहावट, अनुमतिविना केबल अपरेटरहरूले डिजिटल टिभी सञ्चालन गरेको, एनसेल र स्मार्ट टेलिकममा भइरहेको अर्बौंको भ्रष्टाचार, टेलिकमको रिचार्ज कार्ड छपाइमा भ्रष्टाचारलगायत।



कार्यक्षेत्र : **अर्थ, गैरकानुनी बिमा, बैंकिङ, एमसिसी**

गोकुल बाँस्कोटा, संयोजक
रामकृष्ण यादव
डा. अमरेश सिंह

आर्थिक ऐनविपरीत तेल र तेलको कच्चा पदार्थको भन्सार छुट दिएको, चिया विकास निगममा १९ करोड ५० लाख भ्रष्टाचार, एमसिसीको परमर्शदाता छनोटमा भ्रष्टाचार, महँगो मोबाइल बैंकिङ शुल्क छानबिनलगायत।



कार्यक्षेत्र : **पर्यटन तथा परराष्ट्र मन्त्रालय**

लेखनाथ दाहाल, संयोजक
सराज अहमद फारुकी
मन्जु खाण

नागरिक उड्डयनको अनियमितता, वायुसेवा निगमका अध्यक्षलाई कारबाही गर्नुपर्ने, अदालतको आदेशविपरीत क्यासिनो सञ्चालनको पूर्वस्वीकृतिपत्र जारी गरेको, लुम्बिनी विकास कोषको भ्रष्टाचारलगायत।



कार्यक्षेत्र : **विद्युत् प्राधिकरण र सिआइबी**

प्रेम आले, संयोजक
अमनलाल मोदी
श्यामकुमार घिमिरे

विद्युत् प्राधिकरणले अर्बभन्दा कमको ठेक्का लगाउँदा अनियमितता गरेको, हेटौंडा-ढल्केबर प्रसारणलाइनमा अनियमितता, ठेक्का पुनः मूल्यांकन गर्दा मिलेमतो गरेको, सिआइबीले सिम लोकेटर खरिदमा भ्रष्टाचारलगायत।



कार्यक्षेत्र : **सहकारी, वैदेशिक रोजगार, धितोपत्र**

सञ्जय गौतम, संयोजक
ज्वालाकुमारी शाह
विक्रम पाण्डे

प्रिमियममा सेयर जारी गर्न दिएर भ्रष्टाचार गरेको, रिलायन्स स्पिनिङ मिल्सको बुक बिल्डिङबाट आइपिओ निष्कासन गर्न दिएर अनियमितता गरेको, वैदेशिक रोजगार विभागले फिमेन सफ्टवेयरमा अनियमिततालगायत।



कार्यक्षेत्र : **खेलकुद, स्काउट, सडक, जग्गा**

देवप्रसाद तिमिल्सिना, संयोजक
हरि ढकाल
राजेन्द्र लिङ्देन

अदालतको आदेशअनुसार स्काउटको प्रधान कार्यालयको जग्गा खाली गराउनुपर्ने, राष्ट्रिय खेलकुद परिषद्को ठेक्कामा मिलेमतो, सरकारको नाममा रहेको जग्गा फिर्ता गर्ने, महोत्तरीको पिपरा-४ मा गुणस्तरहीन माटो ग्राभेल गरेकोलगायत।



कार्यक्षेत्र : **स्वास्थ्य र सहरी विकास, ऋसर**

तारा लामा, संयोजक
असीम साह
जनार्दन शर्मा

बस्तीबिचका ऋसर उद्योग बन्द गर्ने, स्वास्थ्य सामग्री खरिद गर्दा भ्रष्टाचार, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको ठेक्कामा भ्रष्टाचार, डोलिडार विभागको कन्सल्टेन्सी सेवाको फाइल मागेर अनुसन्धान गर्ने।

■ उपसमितिले विस्तृत छानबिन गरी प्रतिवेदन दिने

१५ दिनभित्र सम्बन्धित उजुरी छानबिन गर्ने गरी गठित उपसमितिका संयोजकहरूले विस्तृतमा अनुसन्धान अघि बढाउने जनाएका छन्। ऋसर, सहरी विकास र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग सम्बन्धित उजुरी छानबिन उपसमितिको संयोजक तोकिएका एमाले सांसद तारा लामाले सबै उजुरीबारे विस्तृतमा छानबिन गरी पूर्ण समितिमा प्रतिवेदन बुझाउने बताए। 'भैरहवा र पोखरा विमानस्थलबारे छानबिन गर्न गठित उपसमितिले जसरी अनुसन्धान गरेका छन्, हाम्रो उपसमितिले पनि त्यस्तै अनुसन्धान गरेर प्रतिवेदन दिने हो,' उनले भने, 'विस्तृत अध्ययनपछि बेथिति कस्तो र कुन हदसम्म रहेकोबारे पुष्टि हुनेछ।'

खेलकुद, स्काउट, गुणस्तरहीन बाटो र सरकारी जग्गा फिर्ताका बारेमा परेका उजुरी छानबिन गर्न गठित उपसमितिका संयोजक तथा काग्रेस सांसद देवप्रसाद तिमिल्सिनाले तोकिएको समयभित्र अधिकतम अनुसन्धान गर्ने बताए। 'हामीले सक्ने हदसम्म अनुसन्धान गरेर टुंग्याउँछौं,' उनले भने, 'हाम्रो कार्यक्षेत्रभित्रका उजुरीबारे अर्को समितिले अध्ययन गर्नेनपर्ने गरी विस्तृतमा हेर्छौं।'

पर्यटन र परराष्ट्र मन्त्रालयसँग सम्बन्धित उजुरीबारे अनुसन्धान गर्न गठित उपसमितिका संयोजक तथा माओवादी सांसद राजन दाहालले उजुरी परेका निकायसँग विवरण माग गर्न थाल्ने बताए। 'माग गरेका कागजात अध्ययनपछि उजुरीको वास्तविकताबारे थप रायसहित पूर्ण बैठकमा प्रतिवेदन पेस गर्ने र त्यहाँ छलफल गर्नेछौं,' दाहालले भने।

बिपी राजमार्गको पुनर्निर्माण गर्न चारमध्ये तीन प्याकेजको टेन्डर

अन्तिम प्याकेजका लागि जापानको निर्णयको पर्खाइ



मिलन विश्वकर्मा/नयाँ पत्रिका

असोज दोस्रो साता आएको बाढीले क्षतिग्रस्त बिपी राजमार्ग पुनर्निर्माण गर्न तीन प्याकेजको ठेक्का आह्वान भएको छ। सडक विभागले बिपी राजमार्गको खण्डलाई चारवटा प्याकेज बनाउने भएको हो। त्यसमा तीन प्याकेजको ठेक्का आह्वान भइसकेको विभागको संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौंका सुपरिन्टेन्डिङ इन्जिनियर शुभराज न्यौपानेले जानकारी दिए।

१०-१२ असोजको अविरल झरीका कारण रोशी नदीमा आएको बाढीले बिपी राजमार्गको काभ्रेपलाञ्चोकको रोशीदेखि सिन्धुलीको नेपालथोकसम्मका विभिन्न ठाउँमा १३ किलोमिटर सडकखण्ड क्षतिग्रस्त बनाएको थियो। त्यसमा ८.५ किमि सडकको नामोनिसान नै छैन। विभागले क्षतिग्रस्त सबै सडकको पुनर्निर्माणलाई छिट्टै सक्ने गरी चार प्याकेजमा विभाजन गरेको थियो। त्यसमा काभ्रेपलाञ्चोक जिल्लामा पर्ने खण्डलाई तीन र सिन्धुली जिल्लामा पर्ने खण्डलाई एउटा प्याकेजमा राखिएको छ।

सिन्धुलीतर्फको पहिलो प्याकेजको ठेक्का गत २८ फागुनमा भएको थियो। त्यसमा सिन्धुलीको नेपालथोकदेखि बार्खेखोलासम्मको खण्ड रहेको छ। दोस्रो प्याकेजको ठेक्का आह्वान भने ५ चैतमा भएको हो। त्यसमा काभ्रेको डल्लाबेँसीदेखि चार सय बेँसीसम्मको खण्ड रहेको छ। विभागका अनुसार तेस्रो प्याकेजको ठेक्का भने ९ चैतमा आह्वान भएको छ। त्यसमा चार सय बेँसीदेखि भकुन्डेबेँसीसम्मको खण्ड रहेको विभागको भनाइ छ। यी तीनवटै प्याकेजमा टेन्डर पेस गर्ने अवधि ३० दिन तोकिएको छ। अब चौथो प्याकेजको टेन्डर आह्वान गर्न बाँकी रहेको विभागका प्रवक्ता अर्जुनप्रसाद अर्यालले जानकारी दिए।

त्यसमा सिन्धुली-काभ्रेपलाञ्चोक सीमा क्षेत्र बार्खेखोलादेखि काभ्रेपलाञ्चोकको डल्लाबेँसीसम्मको खण्ड रहेको छ। स्रोतका अनुसार विभागले यो खण्डको टेन्डर आह्वान गर्न भने जापानको निर्णय पर्खिएको छ। बाढीले सडक क्षतिग्रस्त भएलगत्तै जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले त्यसको अवलोकन गरेको थियो। अहिले पनि जाइकाले यसको पुनर्निर्माणबारे अध्ययन गरिरहेको छ।

जाइकाको परामर्शदाता संस्था निकोनले क्षतिग्रस्त सडकखण्डको अध्ययन पनि सुरु गरेको बताइएको छ। सडकको पुनर्निर्माणमा नयाँ प्रविधि प्रयोग गर्ने, सुरुङ निर्माण गर्नेलगायत विषयमा उनीहरूले अध्ययन गरिरहेको बताइएको छ। जाइकाबाट छिट्टै केही ठोस निर्णय आउनेमा सडक विभाग आशावादी छ। 'मंगलबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र जापानको प्रतिनिधिबिच भेटघाट हुँदै छ। त्यसमा पनि केही निर्णय आउला। जापानले उक्त खण्डको पुनर्निर्माणमा सहयोग गर्छ भन्नेमा आशावादी छौं,' स्रोतले भन्यो, 'जापानले पुनर्निर्माण गर्न सहयोग गर्छ भने सोहीअनुसार थप प्रक्रिया बढ्नेछ। अन्यथा, यो खण्डको पुनर्निर्माण पनि सरकारकै लगानीमा अघि बढ्नेछ।' बिपी राजमार्गको पुनर्निर्माण गर्न ६ फागुनमा अर्थ मन्त्रालयले साढे आठ अर्ब रुपैयाँको स्रोत सहमति दिइसकेको छ।

दुई वर्षमा पुनर्निर्माण सक्ने लक्ष्य

विभागले बिपी राजमार्गको पुनर्निर्माण दुई वर्षमा सक्ने लक्ष्य लिएको छ। ठेक्का सम्झौता गरेको दुई वर्षमा काम सम्पन्न गर्नुपर्ने भन्दै बोलपत्रको सूचनामै उल्लेख गरिएको छ। 'यो सडकको पुनर्निर्माण कुनै पनि हालतमा द्रुत गतिमा गर्नुपर्नेछ। दुई वर्षमा काम सक्ने गरी ठेक्का सम्झौता गर्नेछौं,' प्रवक्ता अर्यालले बताए।

तर, निर्माण अवधिभर उक्त खण्डको यात्रा भने कष्टकर हुने निश्चित नै भएको छ। बर्खाको समयमा झन् कष्टकर हुने देखिएको छ। त्यसलाई न्यूनीकरण गर्न आवश्यक मर्मत-सम्भार तथा वैकल्पिक मार्ग बनाउने काम पनि भइरहेको विभागका अधिकारीहरू बताउँछन्।

GREEN HOME LOAN
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 7.99% p.a.*T & C apply
FOR SUSTAINABLE LIVING!
Global IME Bank
GLOBAL CONNECT Call Us : +977-1-5970600 globalconnect@gibl.com.np

बक्यौता नतिर्ने उद्योगीको लोडसेडिङ नगर्न माग

नयाँ पत्रिका

लोडसेडिङको समयमा प्रिमियम सेवा लिएर महसुल नबुझाएका उद्योगीहरूले उद्योगमा लोडसेडिङ नगर्न आग्रह गरेका छन्। नेपाल सिमेन्ट उत्पादक संघ, स्टिल उत्पादक संघ र नेपाल धागो उत्पादक संघले संयुक्त रूपमा पत्रकार सम्मेलन गरी औद्योगिक प्रतिष्ठानहरूमा लोडसेडिङ नगर्न आग्रह गरेका हुन्। डेडिकेटेड र ट्रंकलाइन प्रयोग गरेर प्राधिकरणको करिब आठ अर्ब बक्यौता नतिर्नेमा पनि अधिकांश सिमेन्ट, स्टिल र स्पिनिङ मिलहरू रहेका छन्। पत्रकार सम्मेलनमा उद्योगीहरूले १४ घण्टासम्म औद्योगिक क्षेत्रमा अघोषित लोडसेडिङ भइरहेको बताए। अघोषित लोडसेडिङलाई नै बहाना बनाएर सिमेन्ट र डन्डीमा उद्योगीहरूले अत्यधिक मूल्यवृद्धि गरिरहेका छन्।

३ चैतमा झन्डै १४ घण्टा लोडसेडिङ भएको तालिका पेस गर्दै स्टिल उत्पादक संघका अध्यक्ष शोभाकर (हरि) न्यौपानेले १०-१२ घण्टा आउने बत्ती पनि गुणस्तरीय नभएको बताउँदै लोडसेडिङकै कारण डन्डीको उत्पादन लागत १० रुपैयाँ बढेको बताएका थिए। 'लोडसेडिङ, अन्तर्राष्ट्रिय बजारमा कच्चा पदार्थको मूल्यवृद्धि, डलरको भाउमा भएको वृद्धिलगायतले उत्पादन लागत बढेपछि भाउ बढाउन बाध्य भएका हौं,' उनले भने, 'अहिले डन्डीमा प्रतिकिलो १७.३३ रुपैयाँ लागत बढिसकेको छ, डन्डीको कस्टिङ नै प्रतिकिलो ९८ रुपैयाँ पर्न आएको छ।' यसअघि नै सिमेन्ट उद्योगीहरूले पनि सिमेन्टको मूल्य प्रतिबोरा आठ सय ५० रुपैयाँसम्म पुऱ्याएका थिए।

कार्यक्रममा नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष रघुनन्दन मारूले प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले लोडसेडिङ गरिएको छैन भनेर झुट बोल्दै आइरहेको बताए। 'औद्योगिक उत्पादनमा दिन-प्रतिदिन ह्रास आइरहेको छ, अघोषित लोडसेडिङ र ट्रिपिङको मारले उद्योग धराशायी बन्दै छन्,' उनले भने, 'प्राधिकरणका प्रमुखले महँगोमा बिजुली किनेर उद्योगलाई सस्तोमा बिक्री गर्न सक्दैनौं भनेर गैरजिम्मेवार जवाफ दिनुहुन्छ।'

कुल उत्पादनको ३८ प्रतिशत बिजुली खपत गर्ने उद्योगहरूलाई किन सौतेलो व्यवहार गरिँदै आएको अर्घाखाँची सिमेन्टका सञ्चालक पशुपति मुरारकाले बताए। उनले भने, 'हामीलाई विद्युत् खपत गरेको प्रमाण देऊ, प्रमाणका आधारमा पैसा तिर्छौं भनिरहेकै छौं, हामी डेडिकेटेड र ट्रंकलाइनको विवाद लम्ब्याउन चाहँदैनौं।'

रिलायन्स स्पिनिङ मिलका सञ्चालक शशिकान्त अग्रवालले लोडसेडिङ हुन नदिने प्राधिकरणको दायित्व भएको बताए। उनले भने, 'एकातिर अघोषित लोडसेडिङ भइरहेको छ, अर्कोतिर ट्रिपिङको उस्तै समस्या छ, प्राधिकरणले उद्योगलाई आवश्यक मात्रामा गुणस्तरीय बिजुली उपलब्ध गराउनुपर्छ।' उनले कुनै उद्योगलाई बिजुली दिने र कुनैलाई नदिने घातक व्यवहार नगर्न पनि प्राधिकरण नेतृत्वलाई अनुरोध गरे।

नेपाल सिमेन्ट उत्पादक संघका निवर्तमान अध्यक्ष ध्रुव थापाले एक सेकेन्ड बत्ती जाँदा ४५ मिनेट उत्पादन ठप्प हुने गुनासो गरे। 'अघोषित लोडसेडिङ छ, विद्युत् पनि गुणस्तरीय पाउँदैनौं, ट्रिपिङले आजित छौं,' उनले भने, हामीलाई बत्ती चाहियो, सबै ग्राहकलाई बराबर प्राथमिकता हुनुपर्छ, उद्योग-व्यवसाय नचले अर्थतन्त्र कसरी रहला ?'

उद्योगलाई चौबिसै घण्टा बिजुली चाहिने र सबै ग्राहकलाई बराबर प्राथमिकतामा राखिनुपर्ने उद्योगीहरूको माग छ।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय शंखमूल, काठमाण्डौंका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८१/१२/११ गते सोमबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ताभुक्तान गर्ने मिति समाप्तभई सक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्यौंट नगर्नु भएको र यस बैंकबाट पटकपटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ताफछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ताफछ्यौंट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्यौंट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय, शंखमूल, काठमाण्डौंमा** दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८२/०१/२२ गते सोमबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **बैंकको शाखा कार्यालय, शंखमूल, काठमाण्डौंमा** दिनको ठीक २:०० (दुई)बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिमअसुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरण :

ऋणी : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति व्यवस्थापन विभाग,फर्म रजिष्ट्रेशन बिभाग बबरमहल, काठमाण्डौंमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६२/०४/१६ मा प्रा.फ.र.नं. ७०८४९, समुन्द्रपार आयातमा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, काठमाण्डौं-१ बाट मिति २०६२/०४/२८ (मु. अ. कर दर्ता मिति २०६२/०४/२८० मा करदताको नाम रुवी रिजाल कारोवारको नाम मेगाटेक पावर एण्ड कम सोलुसन भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०१९४४२३८ को प्रमाणपत्र प्राप्त, **मेगाटेक पावर एण्ड कम सोलुसन।**
रजिष्टर्ड ठेगाना : काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३० (साविक का.म.न.पा. वडा नं. ३३ पुतलीसडक)

प्रोप्राइटर : रुवी रिजाल (लोहनी)
(ना.प्र.नं. ६०२०२/३०३०८ जारी मिति २०५८/०५/११ प्रथम प्रतिलिपि जारी मिति २०७०/०५/२ जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौं)।
ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर उ .म.न.पा.वडा नं.४ ठेगाना भई हाल काठमाण्डौं जिल्ला, गोकर्णेश्वर न.पा.वडा नं.८
(साविक जोरपाटी गा.वि.स.वडा नं.६)
बाबु : भरत प्रसाद रिजाल
पति : शैलेश लोहनी ।ससुरा : नारायण प्रसाद लोहनी

जमानतकर्ता : शैलेश लोहनी
(ना.प्र.नं. ३५१६६ जारी मिति २०५५/०५/२२ जि.प्र.का.मोरङ्ग)।
ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा.वडा नं.१०
(साविक विराटनगर म.न.पा.वडा नं.१३)
बाबु : नारायण प्रसाद लोहनी
बाजे : तेज विलाश लोहनी

ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :
१. रुवी रिजाल (लोहनी) नाममा मालपोत कार्यालय चावहिल, काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला, कपन गा.वि.स./न.पा वडा नं. ६ नक्सा सिट नं. १०२०९८८१० स्थित कि.नं. ३२४ क्षेत्रफल १५५.०० व.मी. को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापत समेत.....१
२. ऋणी **मेगाटेक पावर एण्ड कम सोलुसनको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण.....१

पुनश्च :
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय शंखमूल, काठमाण्डौं**बाट समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय शंखमूल, काठमाण्डौंमा** सम्पर्क राख्न सकिनेछ।

prabhu BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

Surunga Municipality
Office of the Municipal Executive
Saptari, Madhesh Province, Nepal

Invitation for Electronic Bids

Date of 1st publication -24-03-2025(11/12/2081)

Surunga Municipality invites electronic bids from eligible bidders for the Construction of RCC Box Culvert Prem Nagar Jane Judikhola Surunga Municipality Ward No. 2 Single Envelope system Eligible bidders with the specified key qualifications should participate in this bidding. Further information may be obtained from www.surungamun.gov.np or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Contract Identification No.	Name of Works	Estimated Amount with PS Execlusive Vat NRs	Bid Security Amount NRs.	Cost of Bidding Document
SRNG-SAPT-W-NCB-13-081-82	Construction of RCC Box Culvert Prem Nagar Jane Judikhola Surunga Municipality Ward No. 2	3449997.27	95000.00	3000.00

सकियो एएसी ब्लकसम्बन्धी सम्मेलन

काठमाडौं/ 'अटोक्लेभ्ड एएरेटेड कंक्रिट' (एससी) ब्लकसम्बन्धी सम्मेलन सम्पन्न भएको छ। एएसी ब्रिक उत्पादक संघको आयोजनामा शुक्रबार काठमाडौंमा 'फर्स्ट एएसी कन्फरेन्सः बिल्डिङ सस्टेनेबल फ्युचर' नाम सम्मेलन सम्पन्न भएको हो। कार्यक्रममार्फत संघले आर्किटेक, इन्जिनियर, निर्माण व्यवसायीलाई एएसी ब्लकबारे जानकारी गराएको आयोजकले जनाएको छ।

भारतीय एएसी ब्लकविज्ञ मुकुन्द जोशीले नेपालजस्तो भूकम्पीय जोखिम भएको ठाउँमा एएसी ब्लक उपयोगी हुने बताए। एएसी ब्लक ताप र ध्वनि प्रतिरोधक भएकाले निर्माणपश्चात् बिजुलीसमेत बचत हुने उनको भनाइ थियो। त्यस्तै, सहरी विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले सरकारको तर्फबाट एएसी ब्लकसम्बन्धी आवश्यक नम्स अनुमोदन भइसेको बताए। संघका अध्यक्ष निकोलस पाण्डेले एएसी ब्लक उत्पादनमा थप हौसला मिलेको बताए। सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक मच्चाकाजी महर्जनले एएसी ब्लकको नम्स अनावरण गर्दै यसको प्रयोग बढाउनुपर्ने बताए।

नबिल बैंकका भिसा कार्डवाहकले जिते विदेश भ्रमणको टिकट



काठमाडौं/ नबिल बैंकका पाँच भिसा कार्डवाहकले भिसा कार्ड इन्टरनेसनलबाट उपहार जितेका छन्। बैंकले ०८१ सालको दसैंलाई लक्षित गरी 'बेस्ट ट्वान्टी फाइभ भिसा स्पेन्डर क्याम्पेन' सञ्चालन गरेको थियो। अभियानमा भिसा कार्डमार्फत सबैभन्दा बढी खर्च गर्ने कार्डवाहकहरू शीर्ष २५ मा परेका थिए। तीमध्ये भाग्यशाली पाँच विजेताले प्रत्येक जोडीका लागि विदेश भ्रमणको दुईतर्फी टिकट प्राप्त गरेको भिसा कार्ड इन्टरनेसनलले जनाएको छ।

बैंकले एक कार्यक्रमको आयोजना गरी पाँच विजेतालाई सम्मान तथा उपहार वितरण गरेको छ। कार्यक्रममा बैंकका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत सुजितकुमार शाक्य, वरिष्ठ डेपुटी सिइओ मनोजकुमार ज्ञवाली, डेपुटी सिइओ भूपेन्द्र पाण्डे, रिटेल कारोबार प्रमुख नीरज शर्माका साथ भिसा कार्ड प्रतिनिधि आशिष चक्रवर्तीलगायतको उपस्थिति थियो।

ईशान हस्पिटलको 'मल्टी डिसिपिनरी क्लिनिक'

काठमाडौं/ ईशान हस्पिटलले मानसिक तथा शारीरिक अपांगता भएका बालबालिकाको उपचार गर्ने उद्देश्यले 'मल्टी डिसिपिनरी क्लिनिक' सञ्चालनमा ल्याएको छ। क्लिनिक उद्घाटन गर्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर शाह सुडीले ईशान बाल तथा महिला अस्पताल १० वर्षमा देशकै गौरव गर्ने अस्पताल बन्ने दाबी गरे।

त्यसैगरी, अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. रामानन्द चौधरीले जन्मेदेखि १८ वर्षसम्मका बालबालिकाको सबै खालको रोगको उपचार सेवा सुरु गरेको बताए। कार्यक्रममा टोखा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसी, निजी अस्पताल संघका अध्यक्ष डा. पदमबहादुर खड्कालगायत विभिन्न क्षेत्रका व्यक्तिहरूको उपस्थिति रहेको थियो।

एनआइएमबिको 'दसैं क्याम्पेन'का विजेता घोषणा

काठमाडौं/ नेपाल इन्भेस्टमेन्ट मेगा बैंक (एनआइएमबि)ले 'भिसा स्पेन्ड एन्ड विन दसैं क्याम्पेन'का विजेता घोषणा गरेको छ। बैंकका अनुसार यो अभियान गत वर्ष १७ सेप्टेम्बरदेखि ३१ अक्टोबरसम्म भिसा कार्ड प्रयोग गरी कारोबार गर्ने ग्राहकलाई पुरस्कृत गर्ने उद्देश्यले सञ्चालन गरिएको थियो। विजेताहरूमा मनोजमोहन प्रधान, निशेष ढुंगाना, विना चलिसे, टीकाराम शर्मा, सरोजप्रसाद प्रधान र मीना कार्की रहेका छन्। विजेता दुईजनाका लागि अन्तर्राष्ट्रिय गन्तव्यको राउन्ड ट्रिप हवाई टिकट प्रदान गरिने बैंकले जनाएको छ।

मञ्जुश्रीको वित्तीय साक्षरता

काठमाडौं/ मञ्जुश्री फाइनान्सले ग्लोबल मनी विक-२०२५ को अवसरमा देशभर वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम सम्पन्न गरेको छ। फाइनान्सले आफ्ना २८ शाखा कार्यालयमार्फत एक हजारभन्दा बढी युवा, विद्यार्थी तथा कर्मचारीमाझ वित्तीय चेतना अभिवृद्धिका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको जनाएको छ। अभियानअन्तर्गत फाइनान्सले बैंक तथा वित्तीय संस्थासँग कारोबार गर्दाका फाइदा, डिजिटल बैंकिङ रेमिट्यान्स कारोबार, बचत तथा कर्जाको सदुपयोगसम्बन्धी सचेतना कार्यक्रम गरेको हो।

'जिरो बी'को शुद्ध पानी बजारमा

काठमाडौं/ 'जिरो बी' ब्रान्डको शुद्ध पानी नेपालमा सार्वजनिक भएको छ। शुक्रबार एक कार्यक्रमबिच खानेपानीमन्त्री प्रदीप यादवले सो ब्रान्डको पानी सार्वजनिक गरे। कार्यक्रममा प्रमुख आर्किटेक्ट, होटेल व्यवसायी, उद्योगपतिलगायतको उपस्थिति थियो। योसँगै नेपालमा पानी शुद्धीकरण समाधानको नयाँ अध्याय सुरु भएको कम्पनीले जनाएको छ।

'जिरो बी' ब्रान्ड लोन एक्सचेन्ज इन्डियाको प्रमुख ब्रान्ड हो। पिउने पानी शुद्धीकरण प्रणाली, आइरन फिल्टर, वाटर सफ्टनर र व्यावसायिक ग्रेड प्रणालीहरूको अत्याधुनिक प्रविधिका लागि यो ब्रान्ड परिचित छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गारिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी फर्म: सुप्रीम फर्निचर ट्रेडर्स,** साझेदारहरु तथा जमानीकर्ताहरु: १) ओम प्रकाश मल्ल २) नरेश भाम दर्ता नं.: वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगंज, बाँकेमा सा.फ.र.नं.: ३८२/०७६/०७७, दर्ता मिति: २०७६/०६/१२ ठेगाना : जिल्ला बाँके, कोहलपुर न.पा. वडा नं. ११ **धितोको विवरण** १) रनबीर रोकायाकी छोरी, बसन्त बहादुर मल्लकी बुहारी, ओम प्रकाश मल्लकी पत्नी, बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. १ बस्ने निर्मला मल्लको नाममा मालपोत कार्यालय, नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ८ (हाल बैजनाथ गा.पा. वडा नं. १) स्थित कित्ता नं. १८९ र ४१७ को क्षेत्रफल क्रमश: ०-४-० र ०-२-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) सुप्रीम फर्निचर ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२)	**ऋणी: नर बहादुर राना** स्थायी ठेगाना: नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स. वडा नं. ६, हालको ठेगाना: नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ५, बाबु: नैन सिंह राना मगर, बाजे: वली राम राना **धितोको विवरण** वली रामको नाती, नैन सिंहको छोरा, नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ५ बस्ने नर बहादुर रानाको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स. वडा नं. ६ग स्थित कित्ता नं. २६० र २६१ को क्षेत्रफल क्रमश: ०-२-०-० र ०-५-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३)	**१) ऋणी फर्म: सापकोटा तरकारी तथा फलफुल पसल,** प्रोप्राईटर तथा जमानीकर्ता: जगनाथ सापकोटा दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गण्डकी प्रदेश, दमौली, तनहुँमा प्रा.फ.र.नं. ६८९३/०७६/०७७, दर्ता मिति: २०७६/०५/३०, ठेगाना: जिल्ला तनहुँ, व्यास न.पा. वडा नं. ४ **२) ऋणी फर्म: परेवाडाँडा कृषि तथा पशु फर्म,** प्रोप्राईटर तथा जमानीकर्ता: कल्पना सापकोटा दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय तनहुँमा प्रा.फ.र.नं. ९३१०/०७७/०७८, दर्ता मिति: २०७७/०५/१५, ठेगाना: जिल्ला तनहुँ, व्यास न.पा. वडा नं. १० **३) ऋणी: जगनाथ सापकोटा** स्थायी ठेगाना: तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ९, हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १०, बाबु: पुष्पराज सापकोटा, बाजे: पूर्ण प्रसाद सापकोटा **धितोको विवरण** १) तोरण प्रसाद भुसालकी छोरी, पुष्पराज सापकोटाकी बुहारी, जगनाथ सापकोटाकी पत्नी, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १० बस्ने कल्पना सापकोटाको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ८ ख स्थित कित्ता नं. ८६७, ८६९, ७६२ र ७६४ को क्षेत्रफल क्रमश: ०-५-०-०, ०-५-२-०, १-०-०-० र ०-८-०-० (रोपनी) को घर/जग्गा र तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ८ ज स्थित कित्ता नं. ८२ र ८० को क्षेत्रफल क्रमश: ०-४-०-० र ०-४-०-० (रोपनी) को जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) सापकोटा तरकारी तथा फलफुल पसल र परेवाडाँडा कृषि तथा पशु फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
४)	**ऋणी फर्म: सगरमाथा ट्रेड लिंक,** प्रोप्राईटर तथा जमानीकर्ता: अनिता कुमारी सिंह दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. ४२५०/२०७१/०७२, दर्ता मिति २०७१/१०/०४, ठेगाना: जिल्ला सिरहा, रामनगर गा.वि.स. वडा नं. ३ (हाल मिर्चैया न.पा. वडा नं. ५) **धितोको विवरण** १) बौजन सिंहको नाती, नन्दी सिंह दनुवारको छोरा, सिरहा जिल्ला, महेशपुर गाउँ पञ्चायत वडा नं. १ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने राम प्रसाद सिंह दनुवारको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, महेशपूर हरिनगर गा.वि.स. वडा नं. ९ (हाल लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. १७० को क्षेत्रफल ०-६-७ (विगाह) को जग्गा र सिरहा जिल्ला, लक्ष्मीपूर प्र.ध. गा.वि.स. वडा नं. ६/क (हाल लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४३ को क्षेत्रफल ०-२-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । २) प्रेमकुमार सिंहकी छोरी, राम प्रसाद सिंहकी बुहारी, देब कुमार सिंहकी पत्नी, सिरहा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने अनिता कुमारी सिंहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, बडहरामाल गा.वि.स. वडा नं. ७/क (हाल कर्जन्हा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ३१७४ को क्षेत्रफल ०-०-१९-२ (विगाहा) को जग्गा र सिरहा जिल्ला, सिरुोन गा.वि.स. वडा नं. २ (हाल मिर्चैया न.पा. वडा नं. १२) स्थित कित्ता नं. १६० को क्षेत्रफल ०-१-१०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । ३) सगरमाथा टेड लिंकको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
५)	**१) ऋणी फर्म: ॐ थापा कन्स्ट्रक्सन,** प्रोप्राईटर तथा जमानीकर्ता: अकन बहादुर थापा दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही, सिद्धार्थनगरमा प्रा.फ.नं.घ.उ.का. ०५८६/०७०/७१, दर्ता मिति: २०७०/०४/०९, ठेगाना: जिल्ला रुपन्देही, बुटवल न.पा. वडा नं. १४ **धितोको विवरण** १) प्रेम बहादुर थापाको नाति, केशर बहादुर थापाको छोरा, रुपन्देही जिल्ला, बुटवल न.पा वडा नं. १५ बस्ने अकन बहादुर थापाको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, ख.वनगाई गा.वि.स. वडा नं. ८ (हाल शुद्धोधन गा.पा. वडा नं. २) स्थित कित्ता नं. ४०५ को क्षेत्रफल १६९३.१५ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) ॐ थापा कन्स्ट्रक्सनको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
६)	**ऋणी कम्पनी: डिजाइन मि इन प्रा.लि.** अध्यक्ष तथा जमानीकर्ता: विनोद शर्मा दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २६४३१५/७७/०७८, दर्ता मिति: २०७८/०३/२४, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ३२ **ऋणी: विनोद शर्मा** स्थायी ठेगाना : वागलुङ जिल्ला, हटिया गा.वि.स. वडा नं. ३, हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, कोटेश्वर बाबु : दधिराम शर्मा, बाजे : दिला राम शर्मा **धितोको विवरण** १) दिला राम शर्माको नाती, दधिराम शर्माको छोरा, वागलुङ जिल्ला, हटिया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ बस्ने विनोद शर्माको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, दहचोक गा.वि.स. वडा नं. ८ क (हाल चन्द्रागिरी न.पा. वडा नं. १) स्थित कित्ता नं. २६४, ३७५ र २६३ को क्षेत्रफल क्रमश: १५८.९५, ३६९.५७ र १५८.९५ (व.मि.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) डिजाइन मि इन प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
७)	**ऋणी: चन्द्र शेखर गौतम** स्थायी ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ७, हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ७, बाबु : अरुण कुमार गौतम, बाजे : चन्द्रकान्त गौतम **धितोको विवरण** चन्द्रकान्तको नाती, अरुण कुमार गौतमको छोरा, मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ७ बस्ने चन्द्र शेखर गौतमको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ७ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३५२० को क्षेत्रफल ०-१-१-० (विगाहा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
८)	**१) ऋणी फर्म: बक्र टेक्नीकल सोलुसन,** प्रोप्राईटर तथा जमानीकर्ता: अमृत भुर्तेल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, त्रिपुरेश्वर काठमाडौं मा प्राईभेट फर्म दर्ता नं. ८३७१, दर्ता मिति २०७०/०३/११, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १३ **२) ऋणी कम्पनी: एम.बि. विल्डर्स प्रा.लि.,** अध्यक्ष तथा जमानीकर्ता: अमृत भुर्तेल दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपूरेश्वर, काठमाडौंमा दर्ता नं: १७६१४६/०७४/०७५, दर्ता मिति २०७४/०६/२०, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १४ **३) ऋणी: अमृत भुर्तेल** स्थायी ठेगाना: नवलपरासी जिल्ला, प्रगतिनगर गा.वि.स. वडा नं. ७, हालको ठेगाना: काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं.१२, बाबु: भलराम भुर्तेल, बाजे: डण्डपाणी भुर्तेल **धितोको विवरण** १) हरिलालको नाती, डण्डपाणीको छोरा, पर्वत जिल्ला, त्रिवेणी गा.वि.स. वडा नं. ५ बस्ने भलराम भुर्तेलको नाममा मालपोत कार्यालय कावासोती नवलपरासी (बर्दघाट सुस्ता पुर्व)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, प्रगतिनगर गा.वि.स. वडा नं. ४ ख (हाल देवचूली न.पा. वडा नं. १२) स्थित कित्ता नं. ७८७ र ६४६ को क्षेत्रफल क्रमश: ०-२-६ १/२ र ०-३-११ १/४ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) एम.बि. विल्डर्स प्रा.लि. तथा बक्र टेक्नीकल सोलुसनको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
९)	**ऋणी: विर बहादुर लामा** स्थायी ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. १०, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १०, बाबु: चन्द्र बहादुर लामा, बाजे: सन्त बहादुर **धितोको विवरण** सन्त बहादुरकी बुहारी, चन्द्र बहादुर बलकी पत्नी, मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १० बस्ने श्रीमती ठुली बलको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. १० (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११७२ को क्षेत्रफल ०-१-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
१०)	**ऋणी: सुधामा कुमारी फनेत** स्थायी ठेगाना: सिन्धुली जिल्ला, हर्षाही गा.वि.स. वडा नं. ४, हालको ठेगाना: सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ८, बाबु: पन्चलाल कुमर, ससुरा: कृष्ण लाल फनेत दनुवार, पति: बिजय फनेत **धितोको विवरण** पन्चलाल कुमरकी छोरी, कृष्ण लाल फनेत दनुवारकी बुहारी, बिजय फनेतकी पत्नी, सिन्धुली जिल्ला, हर्षाहि गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ८ मा बस्ने सुधामा कुमारी फनेतको नाममा मालपोत कार्यालय सिन्धुलीको लगतमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, महेन्द्र लदाभिर गा.वि.स. वडा नं. ७ग (हाल दुधौली न.पा. वडा नं. ८) स्थित कित्ता नं. ७६२, ७६३, ७९३ र ७९५ को क्षेत्रफल क्रमश: २७०.९१, १०६६.७१, १२६.९७ र ९५६.६९ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
११)	**ऋणी कम्पनी: के.पी. डेभलपर्स एण्ड सप्लायर्स प्रा.लि.,** संचालक तथा जमानतकर्ता: किशोर बर्तौला दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा, दर्ता नं. २६२१५०/०७७/०७८, दर्ता मिति: २०७८/०१/०३, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. ५ **धितोको विवरण** १) चेतननाथ बर्तौलाको नाती, विष्णु प्रसाद बर्तौलाको छोरा, मकवानपुर जिल्ला, हाँडीखोला गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने किशोर बर्तौलाको नाममा मालपोत कार्यालय मकवानपुर, हेटौंडाको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ३/३ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०१७ को क्षेत्रफल १३५४.५२ (व.मी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) रामचन्द्र पोखे्रलकी छोरी, विष्णु प्रसाद बर्तौलाकी बुहारी, किशोर बर्तौलाकी पत्नी, चितवन जिल्ला, भरतपुर उ.म.न.पा./गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने टिका पोख्रलको नाममा मालपोत कार्यालय मकवानपुर, हेटौडाको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ३/३ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. १६०५ र ३०१६ को क्षेत्रफल २०७.३० र ४१०.५८ (व.मी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) के.पी. डेभलपर्स एण्ड सप्लायर्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१२)	**ऋणी: राम कुमार रायमाझी** स्थायी ठेगाना : मकवानपुर जिल्ला, हाँडीखोला गा.वि.स. वडा नं. २, हालको ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. १ बाबु: गुण बहादुर रायमाझी, बाजे: जुध्द बहादुर रायमाझी **धितोको विवरण** जुध्द बहादुर रायमाझीको नाति, गुण बहादुर रायमाझीको छोरा, मकवानपुर जिल्ला, हाँडीखोला गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. १ बस्ने राम कुमार रायमाझीको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हाँडीखोला गा.वि.स. वडा नं. २ (हाल मनहरी गा.पा. वडा नं. १) स्थित कित्ता नं. १९५७, १९५९, १९६२, १९६८ र १९७० को क्षेत्रफल क्रमश: ०-२-०-०, ०-२-१४-०, ०-२-१०-०, ०-१-०-० र ०-१-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
१३)	**१) ऋणी फर्म: सिटी ट्रेडर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: सुमिन्त्रा कुमारी चौधरी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. ५१७२/२०७२/७३, दर्ता मिति २०७३/०१/२८, ठेगाना: जिल्ला सिरहा, लहान गा.वि.स. वडा नं. ८क (हाल लहान न.पा. वडा नं. ३) **धितोको विवरण** १) महेन्द्र प्रसाद चौधरीकी छोरी, शिव नारायण चौधरीकी बुहारी, जिवछ कुमार चौधरीकी पत्नी, सप्तरी जिल्ला, पंसेरा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३ बस्ने सुमिन्त्रा कुमारी चौधरीको नाममा मालपोत कार्यालय, लहान, सिरहाको लगतमा दर्ता कायम रहेको, सिरहा जिल्ला, लहान बजार गा.वि.स. वडा नं. ८क (हाल लहान न.पा. वडा नं. ३) स्थित कित्ता नं. २१७१ र २१७४ को क्षेत्रफल क्रमश: ०-०-६ 3/4 र ०-०-३ 1/4(विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत । २) सिटी ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण। **कर्जाको किसिम: बिना धितो कर्जा** **२) ऋणी: जिवछ कुमार चौधरी** स्थायी ठेगाना: सप्तरी जिल्ला, पंन्सेरा गा.वि.स. वडा नं. ३, हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, बाबु: शिव नारायण चौधरी, बाजे: सिन्ती चौधरी कलवार **जमानीकर्ताहरु: १) शिव नारायण चौ. कल्वार,** स्थायी ठेगाना: सप्तरी जिल्ला, पंन्सेरा गा.पं. वडा नं. ३, हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, बाबु: सिन्ती चौधरी कलवार, बाजे: मोति लाल चौधरी, **२) तारा देवी चौधरी,** स्थायी ठेगाना: सप्तरी जिल्ला, पंन्सेरा गा.पं. वडा नं. ३, हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, बाबु: दरवारी चौधरी, ससुरा: सिन्ती चौधरी कलवार, पति: शिव नारायण चौधरी, **३) सुमिन्त्रा कुमारी चौधरी,** स्थायी ठेगाना: सप्तरी जिल्ला, पंन्सेरा गा.वि.स. वडा नं. ३, हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, बाबु: महेन्द्र प्रसाद चौधरी, ससुरा: शिव नारायण चौधरी, पति: जिवछ कुमार चौधरी
१४)	**ऋणी: गोविन्द्र चौधरी** स्थायी ठेगाना : महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. १, हालको ठेगाना: महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बाबु: अनुप चौधरी, बाजे: वासुदेव चौधरी **धितोको विवरण** वासुदेव चौधरीको नाती, अनुप चौधरीको छोरा, महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने गोविन्द्र चौधरीको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. बहादुरगंज गा.वि.स. वडा नं. १/ग (हाल बर्दिवास न.पा. वडा नं. १) स्थित कित्ता नं. १७६५ र १७६३ को क्षेत्रफल क्रमश: ०-०-४-० र ०-०-४-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
१५)	**ऋणी: राजकुमार यादव** स्थायी ठेगाना: नवलपरासी जिल्ला, रामनगर गा.वि.स. वडा नं. ४, हालको ठेगाना : नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. १३ बाबु: राधे अहिर, बाजे: चिरकुट अहिर **धितोको विवरण** दिर्घपाल अहिरको नाती, चिरकुट अहिरको छोरा, नवलपरासी जिल्ला, रामनगर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. १३ बस्ने राधे अहिरको नाममा भुमिसुधार तथा मालपोत कार्यालय, नवलपरासी (ब.सु.प.)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, रामनगर गा.वि.स. वडा नं. ४ ख (हाल नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. १३) स्थित कित्ता नं. १५७, १५८ र १५९ को क्षेत्रफल क्रमश: ०-७-०, ०-०-५ र ०-२-१५ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

नोट: ऋणी तथा संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
सोमबार ११ चैत ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

एन्फाको उपेक्षामा सहिद स्मारक 'ए' डिभिजन लिग

रमेश सुवेदी / नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले सोमबार कार्यसमिति बैठक बोलाएको छ । बैठकमा १६ वटा एजेन्डामाथि छलफल हुने भनिएको छ । तर, एजेन्डामा सहिद स्मारक 'ए' डिभिजन लिग समावेश छैन । ०८० जेठपछि फुटबलकै मेरुदण्ड मानिने 'ए' डिभिजन लिग आयोजना भएको छैन । यसअघि एन्फाका एकतिहाइ कार्यसमिति सदस्यले शीर्ष डिभिजन लिग आयोजना गर्न गत १३ माघमा कार्यसमिति बैठक आह्वान गरेका थिए । त्यसको ४० दिनपछि एन्फा सचिवालयले बैठक बोलाएको छ । एन्फाले बैठकको २४ घण्टाअघि मेलबाट कार्यसमिति सदस्यलाई एजेन्डा उपलब्ध गराएको छ ।

पछिल्लोपटक चर्च ब्वाइज लिग च्याम्पियन भएको थियो । त्यसवेलाको श्री स्टार र एपिएफबिचको विवाद सल्टाउन नसक्दा एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङको नेतृत्वले लिग आयोजना गर्न नसकेको हो । एन्फा वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्काले पटक-पटक 'ए' डिभिजन लिग आयोजनाका लागि बैठक आह्वान गर्न माग गरे पनि नेम्वाङले खासै चासो नराखेको बताए । 'बारम्बार 'ए' डिभिजन लिग हुनुपर्छ भनिरहेका छौं, तर अध्यक्ष नेम्वाङ र सचिवालय लिग आयोजना गर्ने मनसायमै छैनन्,' खड्काले नयाँ पत्रिकासँग भने, 'सोमबार बैठक बोलाइएको छ, तर हामीले राखेको मुख्य एजेन्डा नै बैठकमा समावेश छैन ।'

मुद्दा टुंगो नलाग्दा ढिलाइ

नेम्वाङ नेतृत्वले आफ्नो तीन वर्षको कार्यक्रममा लिगको साइकल पूरा गर्न सकेको छैन । सहिद स्मारक 'सी' डिभिजन लिग पूरा भइसकेको छ । तीन वर्षपछि 'बी' डिभिजन लिग गत फागुनको अन्तिम साता सुरु भयो । 'ए' डिभिजन लिगमा श्री स्टार र विभागीय टोली एपिएफ क्लबबिचको मुद्दा टुंगो नलाग्दासम्म लिगबारे एन्फाले निर्णय गर्न सकेको छैन । श्री स्टारले श्रम स्वीकृति नलिएका खेलाडी खेलाएको भन्दै ०८० को लिगमा रेलिगेसनमा परेको एपिएफले उजुरी राखेको थियो । एन्फाले श्री स्टारलाई कारबाहीस्वरूप ५० हजार जरिवाना गराएको थियो । फिफाको नियमअनुसार श्रम स्वीकृति नलिई खेलाडी समावेश गर्ने क्लबको ३ अंक खोस्ने प्रावधान छ । तर, एन्फाले श्री स्टारको अंक नखोसी केवल जरिवाना मात्र गरायो । एपिएफले अपिल कमिटीमा मुद्दा राखेको छ । श्री स्टार पनि अनुशासन समितिको निर्णय चित्तबुझ्दो नभएको भन्दै अपिल कमिटीमै पुगेको छ । दुवैको उजुरीपछि अपिल कमिटीले निर्णय गरेको छैन ।



०८० जेठपछि एन्फाले सहिद स्मारक 'ए' डिभिजन लिग आयोजना गर्न सकेको छैन, सोमबार बोलाइएको कार्यसमिति बैठकमा पनि लिगको एजेन्डा समावेश छैन

राष्ट्रिय लिग गर्ने तयारी

'ए' डिभिजन लिग आयोजना गर्न नसकेको एन्फा राष्ट्रिय लिग गर्ने तयारीमा छ । एन्फाले ०८० जेठमा सम्पन्न लिगका शीर्ष ६ सहित प्रदेशबाट आएका चार टोलीलाई राष्ट्रिय लिगमा समावेश गर्ने तयारी गरेको छ । राष्ट्रिय लिग गर्ने भने पनि एन्फाले यसको खाका बनाउन सकेको छैन । 'राष्ट्रिय लिग गर्ने तयारी छ । खाका तयार गर्ने योजनामै छौं,' एन्फा प्रवक्ता सुरेश शाहले भने, 'सहिद स्मारक 'ए' डिभिजन लिग भने तत्काललाई नहुने भएको छ ।'

राष्ट्रिय लिग गर्ने तयारीमा छौं

● **सुरेश शाह**, प्रवक्ता, एन्फा



यसपटक हामी राष्ट्रिय लिग फुटबल गर्ने तयारी छौं । लिगको खाका तयार भइरहेको छ । सबै तहको तयारी भएपछि छिट्टै राष्ट्रिय लिग हुने छ । सहिद स्मारक 'ए' डिभिजन लिग भने तत्काललाई नहुने भएको छ ।

लिगको एजेन्डा माग गरे पनि नेतृत्व पन्छियो

● **वीरबहादुर खड्का**, वरिष्ठ उपाध्यक्ष, एन्फा



एकतिहाइ सदस्यले गत माघमै सहिद स्मारक 'ए' डिभिजन लिग आयोजना गर्न माग गर्दै बैठक आह्वान गरेका थिएँ । २१ दिनभित्र बैठक बेलाउनुपर्ने थियो, तर ४० दिनपछि बैठक बोलाइएको छ । त्यसैले यो बैठक नै अवैधानिक छ । फेरि सात दिनअघि एजेन्डा दिनुपर्ने थियो । हामीलाई आइतबार मात्रै आएको छ । हामीले महासचिवको पारिश्रमिक घटाउने एजेन्डा पनि माग गरेका थियौं । जुन एजेन्डामै छैन । नेतृत्व फुटबल विकासमा भन्दा पनि व्यक्तिगत स्वार्थमा रहेर फुटबल सक्काउने धन्दामा लागेको छ ।

सिस्नेरी एकेडेमी एजेन्डामा

बैठकमा सिस्नेरी घटनाको प्रतिवेदन सार्वजनिक हुनेछ । मकवानपुरको एकेडेमीमा रहेका ६ विद्यार्थीको मृत्यु भएपछि एन्फाले छानबिन समिति गठन गरेको थियो । गत ११ र १२ असोजमा भीषण वर्षा र त्यसपछि आएको पहिरोमा परी एकेडेमीका प्रियान्स आचार्य, अनुपम घलान, विकल रेग्मी, साइमन योञ्जन, आदित्य बलम्पाखी र विवश बानियाँको मृत्यु भएको थियो । एन्फाले सोही प्रतिवेदन सार्वजनिक गर्ने र नयाँ एकेडेमी सञ्चालन गर्ने एजेन्डामा समावेश गरेको छ । त्यस्तै, वर्ष ०८०/८१ को लेखापरीक्षण प्रतिवेदन र लेखापरीक्षक नियुक्त गर्ने, नियमित साधारणसभा, एन्फा प्रेसिडेन्ट लिग, खेलाडीको पुरस्कार वितरण तथा निर्वाचन समिति र निर्वाचन पुनरावेदन समिति तयार गर्ने एन्फाको एजेन्डा छ ।

प्रधानमन्त्री कपमा किरणको दोस्रो शतक

नयाँ पत्रिका

सुदूरपश्चिमका किरण ठगुन्नाले प्रधानमन्त्री एकदिवसीय क्रिकेट (पिएम) कपमा दोस्रो शतकीय इनिङ्स खेलेका छन् । किरणले आइतबार लहमीमा कोशी प्रदेशविरुद्ध ११५ रन बनाएका हुन् । उनकै शतकीय सहयोगमा सुदूरपश्चिमले कोशीलाई ३१ रनले हराएको छ । पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले ४३.४ ओभरमा सबै विकेट गुमाएर २४२ रनको योगफल खडा गरेको थियो । प्रत्युत्तरमा कोशी ४५.१ ओभरमा २११ रनमा समेटियो । किरणले यसअघि गण्डकी प्रदेशविरुद्ध १२१ रन बनाएका थिए । प्रतियोगितामा उनी व्यक्तिगत सर्वाधिक रन बनाउने सूचीको शीर्ष स्थानमा उक्लेका छन् ।

पिएम कपमा किरणले आठ इनिङ्समा ३३७ रन जोडेका छन् । त्रिभुवन आर्मी क्लबका तृतराज दास दोस्रो स्थानमा झरेका छन् । उनले आठ इनिङ्समा ३३३ रन जोडेका छन् । लुम्बिनीका प्रज्वल थापा २७० रनका साथ तेस्रो स्थानमा छन् । प्रतियोगितामा सुदूरपश्चिमको यो तेस्रो जित हो । ६ अंकका साथ सुदूरपश्चिम सातौं स्थानमा छ । कोशी २ अंकका साथ नवौं स्थानमा छ ।



गण्डकी र कोशीविरुद्ध शतकीय इनिङ्स खेलेका किरण ठगुन्ना ३३७ रनका साथ सर्वाधिक रन बनाउने सूचीको शीर्ष स्थानमा गरेको आर्मीले ४९.२ ओभरमा सबै विकेट गुमाएर २४३ रन बनायो । प्रत्युत्तरमा लुम्बिनी २७.१ ओभरमा ११२ रनमा समेटियो । लुम्बिनीलाई सस्तैमा अलआउट गर्न सहाब आलमले सर्वाधिक चार विकेट लिए ।

कोशीविरुद्ध चम्के किरण

सुदूरपश्चिमले कोशीविरुद्ध गतिलो ब्याटिङ गर्न सकेन । किरणबाहेक अन्य कोही खेलाडी चल्न सकेनन् । छैटौं क्रममा ब्याटिङ गर्न आएका किरणले ९१ बलमा १२ चौका र चार छक्का प्रहार गरी टोलीलाई मध्यम योगफलसम्म पुऱ्याएका थिए । उनी क्रिजमा आउँदा सुदूरपश्चिम ६५-५ को अवस्थामा थियो । कोशीले सुदूरपश्चिमलाई ३२ अतिरिक्त रन दिएको थियो । सुदूरपश्चिमका ओपनर टेक रावतले २२ बलमा १६ तथा कप्तान नारायण जोशीले २६ बलमा १४ रन जोडेका थिए । बलिङमा कोशीका ज्ञानेन्द्र श्रेष्ठले ४८ रन खर्चेर सर्वाधिक चार विकेट लिए । प्रत्युत्तरमा कोशीका लागि ओपनर सकिब हकले सर्वाधिक ६२ रनको योगदान दिए । उनले ६६ बलमा ११ चौका प्रहार गरेका थिए । कोशीका ऐस भट्टराईले ९० बल खेलेर ३६ रन बनाए ।

आर्मी १३१ रनले विजयी

प्रतियोगिताको ३५औं खेलमा त्रिभुवन आर्मीले लुम्बिनी प्रदेशमाथि १३१ रनको फराकिलो जित निकाल्यो । सिद्धार्थनगरमा पहिलो ब्याटिङ

उमेशले रक्षा गरे धर्मश्री उपाधि

नयाँ पत्रिका

गोर्खाली फिटनेसका उमेश राईले १७औं धर्मश्री शारीरिक सुगठन प्रतियोगिताको उपाधि जितेका छन् । उनले उपाधि रक्षा गरेका हुन् । प्रतियोगिताको ओभरअलतर्फ उमेशले ग्यालेक्सी फिटनेसका ललित धिमाललाई पछि पार्दै च्याम्पियनसिप ट्रफी हात पारे । उनले १२ लाखसहित ११ किलोको ट्रफी चुमेका छन् । उपविजेता बनेका धिमालले ६ लाख र तेस्रो भएका दाङका माधव सुवेदीले तीन लाख जितेका छन् ।

धर्मश्री दुईपटक जित्ने रमेश तेस्रो खेलाडी हुन् । यसअघि नरेश महर्जन र सानु गुरुङले दुईपटक उपाधि जितेका थिए । नेपाल व्यायाम मन्दिरको आयोजनामा भएको धर्मश्रीअन्तर्गत ८० केजीमाथिको तौल समूहमा पहिलो हुँदै उमेश ओभरअल राउन्डमा प्रवेश गरेका थिए । ६ तौल समूहमा भएको प्रतिस्पर्धाबाट प्रत्येक तौल समूहका विजेता खेलाडीले अन्तिम चरणमा उपाधिका लागि प्रतिस्पर्धा गरेका हुन् ।

चौथो भएका मसल्स एन्ड फिटनेसका असीमबाबु गुरुङले दुई लाख हात पारे । प्लाटिनियमका विनोद सुनुवारले पाँचौं स्थानमा रहँदै एक लाख ८० हजार रुपैयाँ जिते । तौल समूहअन्तर्गत ६० केजीमा नर्भ द फिटनेस स्टेसनका सिद्धान्त जसरोटिया पहिलो भए । महिलामा भक्तपुर डिस्पिराडोकी तारा खाइजू पहिलो भइन् । उनले कम्प्लिट हेल्थ क्लबकी शान्ता पालिखेलाई निराश पार्दै उपाधि हात पारेकी हुन् ।

■ आइपिएल-२०२५

आफ्नै रेकर्ड बराबरी गर्न चुक्यो हैदराबाद

एजेन्सी

सनराइजर्स हैदराबादले इन्डियन प्रिमियर लिग (आइपिएल)मा आफ्नो नाममा रहेको सर्वाधिक योगफलको कीर्तिमान बराबरी गर्न चुकेको छ । सिजन २०२५ को आइपिएलअन्तर्गत आइतबार भएको दोस्रो खेलमा हैदराबादले राजस्थान रोयल्सविरुद्ध २८६/६ को स्कोर गरेको थियो । कीर्तिमानी योगफल पछ्याएको राजस्थानले २० ओभरमा ६ विकेट गुमाएर २४२ रन बनायो । हैदराबाद आफ्नो पहिलो खेलमा ४४ रनले विजयी भयो । गत संस्करणमा हैदराबादले रोयल्स च्यालेन्जर्स बेंगलुरुविरुद्ध आइपिएल इतिहासमै सर्वाधिक २८७ रन बनाएको थियो । चालू सिजनमा हैदराबाद सो रेकर्ड बराबरी गर्न १ रन तथा आइपिएलमा सर्वाधिक योगफल खडा गर्न २ रनले चुकेको छ । यद्यपि, हैदराबादले आइपिएलमा दोस्रो सर्वाधिक स्कोर राख्न सफल भएको छ । गत वर्ष नै हैदराबादले मुम्बई इन्डियन्सविरुद्ध २७७ रन बनाएको थियो ।

पहिलो ब्याटिङ गरेको हैदराबादले तेस्रो क्रमका ब्याट्सम्यान ईशान किसनको आक्रामक शतकीय इनिङ्सको साथ पायो । किसनले ४७ बलमा ११ चौका र ६ छक्का प्रहार गरी १०६ रनको योगदान दिए । नीतीशकुमार रेड्डी र हेन्रिक क्लासेनसँग तेस्रो तथा चौथो विकेटका लागि मजबुत साझेदारी गरेका थिए । राजस्थानले पहिलो तीन विकेट ५० रनमा गुमाएको थियो । सञ्जु सामसन र ध्रुव जुरेलले चौथो विकेटका लागि १११ रनको साझेदारी गर्दै टोलीलाई १३.६ ओभरमा १६१-४ को बलियो अवस्थामा राखे ।



गत संस्करणमा बेंगलुरुविरुद्ध आर्फैले बनाएको २८७ रनको सर्वाधिकको योगफल बराबरी गर्न हैदराबाद १ रनले पछि पऱ्यो

चेन्नई चार विकेटले विजयी

चेन्नई सुपर किंग्सले मुम्बई इन्डियन्सलाई चार विकेटले हराएको छ । पहिलो ब्याटिङ गरेको मुम्बईले २० ओभरमा नौ विकेट गुमाएर १५५ रनको मध्यम योगफल खडा गरेको थियो । प्रत्युत्तरमा चेन्नईले १९.१ ओभरमा ६ विकेट गुमाएर १५८ रन जोड्यो ।

आइपिएल इतिहासमा मुम्बई लगातार १३औं सिजनमा आफ्नो पहिलो खेलमा पराजित भएको छ । टोलीलाई पहिलो खेलमै जित दिलाउने क्रममा चेन्नईका ओपनर सचिन रबिन्द्राले ४५ बलमा दुई चौका र चार छक्का प्रहार गरी सर्वाधिक ६५ रनको योगदान दिए । चेन्नईका रुतुराज गैकवाडले २६ बलमा ६ चौका र तीन छक्का प्रहार गरी ५३ रनको योगदान दिए ।

यसअघि ब्याटिङ गरेको मुम्बईका कप्तान सूर्यकुमार यादवले २६ बलमा दुई चौका र एक छक्का प्रहार गरी २९ रन बटुले । यसैगरी, तिलक बर्माले २५ बलमा समान दुई चौका र छक्का प्रहार गरी ३१ रन जोडे । दीपक चहरले १५ बलमा समान दुई चौका र छक्का प्रहार गरी गर्दै २८ रन जोडे । बलिङमा चेन्नईका नुर अहमेदले १८ रन खर्चेर चार र खलिल अहमादले २९ रन खर्चेर तीन विकेट हात पारेका थिए ।

चर्च ब्वाइजले टाइब्रेकरमा हरायो पुलिसलाई

बुटबल / 'ए' डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज युनाइटेडले २३औं तिलोत्तमा गोल्डकप फुटबलको सेमिफाइनलमा स्थान बनाएको छ । देवीनगरस्थित एन्फा टेक्निकल खेलमैदानमा आइतबार भएको दोस्रो क्वार्टरफाइनलमा चर्च ब्वाइजले नेपाल पुलिस क्लबलाई टाइब्रेकरमा ४-३ ले पराजित गर्दै अन्तिम चारमा स्थान बनाएको हो । निर्धारित ९० मिनेटमा दुवै टोलीले गोलरहित बराबरी खेलेका थिए । टाइब्रेकरमा चर्च ब्वाइजका अमन लामा, चेतन चौधरी, अर्मान्ड बेएडुम र प्रवेश कुँवरले गोल गरे ।

कप्तान सेर्गे डिका र आकाश राईको प्रहारलाई पुलिसका गोलरक्षक अमित टमाटाले बचाए । पुलिसका विवेक पाण्डे, मानबहादुर परियार र ओसेन्द्र कटुवालले गोल गर्न सकेनन् । विवेक र ओसेन्द्रको प्रहार क्रसबारभन्दा माथि गएको थियो । पुलिसका प्रज्ज्वल चौधरी, गोलरक्षक अमित र अरुण गाहाले मात्रै गोल गरे । चर्च ब्वाइजले फाइनलमा स्थान बनाउन मच्छिन्द्र फुटबल क्लब र एडोर्न गडवाल स्पोर्टिङ क्लबबिचको विजेतासँग खेल्नेछ ।

यसअघि एपिएफले आयोजक रुपन्देही ११ लाई १-० ले हराउँदै अन्तिम चारको स्थान पक्का गरेको थियो । एपिएफ र रुपन्देहीबिचको खेल शनिबार खराब मौसमका कारण स्थगित भएको थियो । खेल रोकिनुअघि ६५ मिनेटमा एपिएफ १-० ले अगाडि थियो । सोमबार ६५ मिनेटबाटै सुरु भएको खेलमा थप गोल नहुँदा एपिएफले बाजी मार्‍यो । एपिएफलाई जित दिलाउन एक मात्र गोल हरि कार्कीले खेलको १८औं मिनेटमा गरेका थिए ।

Janaki Rural Municipality
Office of The Rural Municipal Executive
Durgauli, Kailali
Sudurpashchim Province, Nepal

INVITATION FOR BID

Date of publication : 24th March, 2025

1. **Janaki Rural Municipality** invites electronic bids from eligible bidders for the **Construction of Janaki Rural Municipality Administrative Building at Durgauli, Kailali,** Contract identification no. **02/JRM/W/1S2E/2081/082** under National Competitive Bidding – **Single Stage Two Envelope Bidding procedures.**

   Only eligible bidders with the following key qualifications should participate in this bidding:

   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRs. 12,21,00,000.00**
   - Minimum Work experience of similar size and nature: at least One (1) "RCC Framedd Structure Building Construction" Contract that have been successfully or are substantially completed within the last ten (10) years, with a value of at least **NRs. 9,76,59,000.00**

2. Eligible Bidders may obtain further information from **Janaki Rural Municipality, Office of the Rural Municipal Executive, Durgauli, Kailali** website www.janakimunkailali.gov.np and inspect the Bidding Documents from PPMO e-GP system www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

Tarakeshwor Municipality
Office of The Municipal Executive
Dharmasthali , Kathmandu
Bagmati Province, Nepal

Invitation for Bids

(Date of First Publication: 2081/12/11 (24th March, 2025))

1. **Tarakeshwor Municipality, Office of the Municipal Executive** invites electronic bids from eligible bidders for the procurement of following works (described on the table) under National Competitive Bidding procedures specified in public Procurement Act and Regulations.

Contract no./ID	*Description of Works*	*Total Estimated Amt (With VAT) Nrs.*	*Bid Security Amt (Nrs.)*	*Bid validity / bid security/ period*	*Bid Document Fee (Nrs.)*
TARA/42/ NCB/081-082	Construction works of Aryaltar Bhairab Paati Mul Sadak hudai Nagarjun Ma.Bi Jaane Sadak	49,05,415.15	1,25,000	90/120 days	3,000

2. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document in the following specified bank.
   Information of bank account
   i. Name of the Bank: NIC Asia Bank Manamaiju, Kathmandu
   ii. Name of Office: Tarakeshwor Nagarpalika Office
   iii. Rajaswa Khata No : 0172050029446002
   iv. Dharauti Khata no: 17CA501509524006
3. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before ***2082/01/10 (23rd April, 2025)*** 12:00 hours.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2082/01/10 (23rd April, 2025)*** 13:00 hours at the office of Tarakeshwor Municipality, Dharmasthali, Kathmandu Tarakeshwor,Kathmandu, Nepal.
5. For more information, contact at **9851263111, 9841423004**.

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com